सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

६ जेठ २०८२, मंगलबार (20 May 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ३७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नेपाली महिला क्रिकेटको स्वर्णक्षण

## ग्लोबल छनोटमा ऐतिहासिक प्रवेश

कुल १२ टोली सहभागी हुने आइसिसी टी-२० महिला विश्वकपमा चार स्थान ग्लोबल छनोटमार्फत तय हुने, १० टोलीबिच हुने प्रतिस्पर्धामा शीर्ष चार टोलीलाई मौका



थाइल्यान्डमा जारी एसिया छनोट प्रतियोगितामा नेपालले सोमबार युएईलाई पाँच विकेटले पराजित गर्दै ग्लोबल छनोटमा स्थान पक्का गरेपछि खुसियाली मनाउँदै नेपाली महिला क्रिकेट टिम

● इंग्ल्यान्डमा आयोजना हुने आइसिसी टी-२० महिला विश्वकपमा स्थान बनाउन भने नेपालको अर्को परीक्षा बाँकी नै छ। विश्वकपमा आयोजकसँगै टेस्ट राष्ट्रहरू अस्ट्रेलिया, भारत, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, वेस्ट इन्डिज, पाकिस्तान र श्रीलंकाको स्थान पक्का भइसकेको छ। वरीयताको आधारमा पाकिस्तान र श्रीलंकाले स्थान बनाएका हुन्।

● कुल १२ टोली सहभागी हुने टी-२० महिला विश्वकपमा चार स्थान ग्लोबल छनोटमार्फत तय हुनेछन्। ग्लोबल छनोटमा नेपाल र थाइल्यान्डसँगै बंगलादेश, अमेरिका र स्कटल्यान्डको सहभागिता सुनिश्चित भइसकेको छ। युरोप क्षेत्रबाट आयरल्यान्ड र नेदरल्यान्ड्सले छनोटमा स्थान बनाउने सम्भावना रहेको छ। अफ्रिकाबाट युगान्डा, जिम्बावे र नामिबियाजस्ता टोली प्रतिस्पर्धामा आउने अपेक्षा गरिएको छ। यी १० टोलीको प्रतिस्पर्धापछि मात्रै टी-२० महिला विश्वकप २०२६ मा सहभागिता जनाउने अन्तिम चार टोलीको टुंगो लाग्नेछ।

**रमेश सुवेदी**/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय यात्राको १८ वर्षपछि नेपाली महिला क्रिकेट टोलीले ऐतिहासिक सफलता हात पार्दै पहिलोपटक आइसिसी टी-२० महिला विश्वकपको ग्लोबल छनोटमा प्रवेश गरेको छ। अब नेपाली महिला क्रिकेटका लागि सन् २०२६ मा इंग्ल्यान्डमा हुने टी-२० विश्वकपको ढोका एक कदम मात्र टाढा छ। ग्लोबल छनोटमा १० टोलीबिच प्रतिस्पर्धा हुनेछ, जहाँ शीर्ष चार टोलीले टी-२० महिला विश्वकप २०२६ मा स्थान बनाउनेछन्।

थाइल्यान्डमा जारी एसिया छनोट प्रतियोगितामा नेपालले सोमबार युएई (संयुक्त अरब इमिरेट्स)लाई पाँच विकेटले पराजित गर्दै ग्लोबल छनोटमा स्थान पक्का गरेको हो। यसअघि नेपालले लगातार ६ पटक प्रयास गर्दा पनि यो उपलब्धि हासिल गर्न सकेको थिएन। पछिल्लो ऐतिहासिक उपलब्धिपछि नेपाली क्रिकेटसम्बद्ध निकाय र समर्थक उत्साहित भएका छन्। यो सफलतालाई महिला क्रिकेटको विकासका लागि महत्त्वपूर्ण मोडको रूपमा हेरिएको छ।


एसिया छनोटको समूहबाट नेपाल र आयोजक थाइल्यान्ड नै ग्लोबल छनोटमा स्थान बनाउन सफल भएका छन्। सुपर ओमा लगातार दुई खेल हारेको

» पृष्ठ ११ मा क्रमशः



● **इन्दु बर्मा**, कप्तान, महिला क्रिकेट टिम

लामो समयको अन्तरालमा यो उपलब्धि पहिलोपटक हासिल गरेका छौं। हामीले धेरै मिहिनेत गरेका थियौं। त्यसको फल प्राप्त भएको छ। सम्भावनाको ढोका पनि खुलेको छ। उपलब्धिपछि सारा नेपाली खुसी भएका छन्। यो उपलब्धि सबै नेपालीमाझ समर्पित गर्न चाहन्छौं।



● **पारस खड्का** सचिव, क्यान

नेपाली महिला क्रिकेट टिमको आजको जित कुनै आकस्मिक परिणाम होइन, यो त उहाँहरूले ब्याट र बल समातेको पहिलो दिनदेखि नै सुनिश्चित भइसकेको भविष्य थियो। अडिग भएर अघि बढ्नुस्। क्रिकेट खेलेर के हुन्छ र भन्ने प्रश्नहरूका बिच राष्ट्रको प्रतिनिधित्व गर्दै आफ्नो जीवन खेलप्रति समर्पित गर्नु साँच्चै सजिलो कुरा होइन।



● **लेखबहादुर (एलबी) क्षेत्री** संयोजक, छनोट समिति

महिला क्रिकेट टिमले अन्तर्राष्ट्रिय क्रिकेट सुरु गरेको १८ वर्षपछि विश्वकप छनोटको ग्लोबल छनोटमा स्थान बनाउन सफल भएको छ। बाँकेबाट सुरु भएको महिला क्रिकेटले यो कालखण्डमा ठुलो आरोह-अवरोह व्यहोर्न पुग्यो। पछिल्लो दुई वर्षमा क्रिकेट निकै राम्रो भएको छ। केही खेलाडीले आफ्नो करिअरको उत्तरार्धमा राम्रो प्रदर्शन गर्नुभएको छ। खेलाडीलाई मनोवैज्ञानिक रूपमा बलियो बनाएको छ। अब विश्वकपमा स्थान बनाउन स्तरीय मैदान र खेलाडीलाई निरन्तर खेल्ने वातावरण चाहिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# बालेनलाई 'राजनीतिक घेराबन्दी'

मेयरले तोकेका समितिको जिम्मेवारी कांग्रेस-एमालेबाट निर्वाचित वडाध्यक्षले अस्वीकार गरे, प्रमुख प्रशासकीय अधिकृतसँग बोलचाल बन्द, उपमेयरसँग पनि भेटघाट छैन

## सरकारकै कारण रद्द भयो बालेनको जापान भ्रमण

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

स्वतन्त्र उम्मेदवारीबाट काठमाडौं महानगरको मेयर निर्वाचित बालेन्द्र शाह (बालेन)माथि सतहमै देखिने गरी राजनीतिक दबाब परेको छ। काठमाडौं टावरमा अनियमितता गरेको भन्दै बालेनले कारबाही गरेका महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई संघ सरकारले हाजिर गर्न पठाएपछि र उपमेयर सुनिता डंगोलको नेतृत्वमा २१ चैतमा ढोका फोडेर कार्यालय भित्र्याएसँगै बालेनमाथि राजनीतिक दबाब सुरु भएको थियो। त्यसयता प्रमुख प्रशासकीय अधिकृतसँग बालेनको बोलचाल मात्रै बन्द छैन, उपमेयर डंगोलसँग पनि भेटघाट छैन। हुँदाहुँदै अब त वडाध्यक्षहरूले समेत बालेनले तोकेको जिम्मेवारी अस्वीकार गर्न थालेका छन्।

अख्तियारले समेत छानबिन गरिरहेको गुरागाईंलाई दलबलसहित कार्यालय भित्र्याउने उपमेयर डंगोल संघ सरकारको नेतृत्व गरिरहेको एमालेबाट निर्वाचित हुन्। प्रधानमन्त्री केपी ओली मुछिएका गिरिबन्धु टी-स्टेटलगायत अनियमितताका मुद्दामा बालेनले सामाजिक सञ्जालबाट खरो आलोचना गर्दै आएका थिए। त्यस्तै, मेयर बालेनले तोकेका जिम्मेवारी अस्वीकार गर्ने वडाध्यक्षहरू सत्तारूढ एमाले र कांग्रेसबाट निर्वाचितहरू नै छन्।

मेयर बालेनले गत बिहीबार महानगरअन्तर्गत विभिन्न समितिका संयोजकहरूको जिम्मेवारी हेरफेर गर्दै वडाध्यक्षहरूलाई जिम्मेवारी तोकेकामा तीन वडाध्यक्षले अस्वीकार गरेका हुन्। आफूहरूलाई दिइएको जिम्मेवारी कार्यपालिका बैठकबाट अनुमोदन नभएको कारण देखाउँदै उनीहरूले आइतबार संयुक्त पत्र पठाएर अस्वीकार गरे। बालेनले सुशासन समितिमा वडा नं. ३० का वडाध्यक्ष दलबहादुर काकी, सम्पदा तथा पर्यटन समितिमा वडा नं. २४ का वडाध्यक्ष विनोद राजभण्डारी र सूचना प्रविधि समितिमा वडा

» पृष्ठ ११ मा क्रमशः

■ गणतन्त्र मूल समारोह समितिमा बालेनलाई नराख्न प्रधानमन्त्री ओलीको निर्देशन



● गणतन्त्र दिवस मनाउन मूल समारोह समिति गठन गर्ने सोमबारको कार्यक्रममा बालेन अनुपस्थित भएपछि गृह मन्त्रालयलगायत निकायलाई निर्देशन दिँदै प्रधानमन्त्री ओलीले भने-



"एकपल्टको कुरा होइन, दुईपल्टको कुरा होइन, तीनपल्ट होइन। अब तीनपल्ट लगातार आएन भने अर्कोपल्टसम्ममा सोधीखोजी गर्नुहोला, रेकर्ड हेर्नुहोला। को-को आउँदैनन्, आउन नसक्नेको नाम अब नराख्नू। इतिहास बनिरहने, नाम छापिरहने, मान्छेचाहिँ नआउने ?

■ अनुपस्थितिबारे बालेनले मुख खोले-

### भ्रष्टाचारीका नाइकेको कार्यक्रममा म गइदिनुपर्ने ?

मेयर बालेन शाहले गणतन्त्र दिवस मनाउन मूल समारोह समिति गठन गर्ने कार्यक्रममा आफ्नो अनुपस्थितिबारे खुलाएका छन्। प्रधानमन्त्री केपी ओलीलाई भ्रष्टाचारी जोगाउने नाइकेको संज्ञा दिँदै उनको भ्रष्ट प्रणालीलाई समर्थन गर्न नसक्ने धारणा फेसबुकमार्फत सार्वजनिक गरेका हुन्। 'जुन देशमा राजधानीको मेयरले भ्रष्टाचार रोक्छु भन्दा, देशको सबै पार्टीको सबै लागेर जोगाउँछु भन्छ, त्यसको नाइकेको कार्यक्रममा म गइदिनुपर्ने ?' प्रश्न गर्दै बालेनले लेखेका छन्, 'सरी, केपी ओली, आई डन्ट सपोर्ट योर करप्ट सिस्टम।'

## ओली-बालेन विवाद शृंखला

बालेनले मेयरमा उम्मेदवारी दिएपछि चुनावकै वेला ओलीबाट टिकट पाएका एमाले उम्मेदवार केशव स्थापितले 'च्यापर केटो आफूसँग भिड्न आएको' भन्दै होच्याउने गरी व्यंग्य कसेका थिए। भलै त्यसलाई चुनावी घोचपेचको रूपमा मात्रै लिइयो। जब स्थापितलाई तेह्रौं नम्बरमा धकेलेर बालेन मेयरमा उदाए, त्यसको केही समयपछि ओली नै बालेनविरुद्ध खनिन थाले।

महानगरको फोहोर नउठेपछि बिग्रिएको सम्बन्धबिच ओलीले बालेनलाई 'केटाकेटी' भनिदिएपछि सामाजिक सञ्जालमा 'वार' सुरु भयो। बालेनको निर्देशनमा धरहरामा पार्किङ खुलाएपछि त ओली झन् बिच्किए। यिनै घटनाक्रमबिच बालेनले झापा दमकमा ओलीको पहलमा ठड्याइएको बिजनेस टावरलाई फेसबुकबाटै 'अग्लो घर'को संज्ञा दिए।

सरकारले चक्रपथ निर्माणमा ढिलासुस्ती गरेर जनतालाई सास्ती दिएको भन्दै मेयर बालेनले गत वर्ष एमालेबाट भौतिक पूर्वाधारमन्त्री रहेका रघुवीर महासेठलाई दैनिक एक ट्रक धुलो उपहार पठाउने भन्दै फेसबुकमा लेखे। त्यसलगत्तै सडक विभागअन्तर्गत सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंको गेटमा एक ट्रक धुलो फ्याँकेको भिडियोसमेत सार्वजनिक गरे। ओली झन् आकोशित भए, सार्वजनिक कार्यक्रमबाटै विरोध गरे।

न्युरोडमा सडकपेटी विस्तारका क्रममा महानगर र सडक विभागबिचको विवादमा पनि एमाले बालेनको आलोचनामा उत्रियो। त्यसबारे एमाले सचिव योगेश भट्टराई सदनमै बोले। एमालेबाट निर्वाचित वडाध्यक्ष चिनीकाजी महर्जनले बालेनले क्षेत्राधिकार मिचेर न्युरोडमा सडकपेटी विस्तार गरेको भन्दै विरोध गरे। यो प्रकरणमा एमाले र कांग्रेस जनप्रतिनिधिले उनलाई घेरे। महानगरले भत्काएको न्युरोडको सडक ओली सरकारले बनाउन लागेपछि बालेनले गिरिबन्धु टी-स्टेटमा मुछिएका ओलीमाथि फेसबुकबाटै कटाक्ष गरे। 'यही १० हजार करोडको काण्ड लुकाउन र जनतालाई भुलाउन राज्यको सम्पूर्ण शक्ति लगाएर न्युरोडमा हामीले बनाउन लागेको फुटपाथ फेरि सडक बनाउन

» पृष्ठ ११ मा क्रमशः

# रविको बन्दी प्रत्यक्षीकरणको रिट छैटौंपटक पनि 'हेर्न नमिल्ने'मा

आइतबार न्यायाधीशद्वय मनोजकुमार शर्मा र सुनीलकुमार पोखरेलको इजलासले 'हेर्न मिल्ने न्यायाधीशहरूबिच गोलाप्रथा गराउने व्यवस्था मिलाउन' आदेश दिएको थियो

गोलाप्रथाबाट छनोट भएका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश नित्यानन्द पाण्डे रविको वकिलका नातेदार परेपछि मुद्दा 'हेर्न नमिल्ने'मै परेको हो। रविको पक्षमा बहस गर्न पहिले नै वकालतनामा परिसकेका अधिवक्ता बद्री राउत प्रधानन्यायाधीश राउत र अर्का अधिवक्ता पुष्पराज पाण्डे न्यायाधीश पाण्डेको नातेदार रहेको मुद्दासम्बद्ध एक कानुन व्यवसायीले बताए। तर, सर्वोच्चले भने मुद्दा के कारणले 'हेर्न निमल्ने' भएको हो केही खुलाएको छैन। सोमबार 'हेर्न नमिल्ने'मा परेको भन्दै मंगलबारका लागि अर्को पेसी तोकेको छ।




**शिल्पा कर्ण**/नयाँ पत्रिका

रास्वपा सभापति रवि लामिछानेको बन्दी प्रत्यक्षीकरणको रिट छैटौंपटकको पेसीमा पनि 'हेर्न नमिल्ने' इजलासमा परेको छ। पाँचपटकसम्म 'हेर्न नमिल्ने'मा परेपछि आइतबार न्यायाधीशद्वय मनोजकुमार शर्मा र सुनीलकुमार पोखरेलको इजलासले 'हेर्न मिल्ने न्यायाधीशहरूबिच गोलाप्रथा गराउने व्यवस्था मिलाउन' आदेश दिएको थियो। त्यसैअनुसार सोमबार तोकिएको पेसीमा 'हेर्न मिल्ने' न्यायाधीशबिच गोलाप्रथा गराइएको थियो। तर, गोलाप्रथाबाट छनोट भएका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश नित्यानन्द पाण्डे रविको वकिलका नातेदार परेपछि मुद्दा 'हेर्न नमिल्ने'मै परेको हो।

रविको पक्षमा बहस गर्न पहिले नै वकालतनामा परिसकेका अधिवक्ता बद्री राउत प्रधानन्यायाधीश

» पृष्ठ ११ मा क्रमशः

## हिन्दु राष्ट्रको विषय जनमतसंग्रहबाट टुंगो लगाउनुपर्छ



**अन्तर्वार्ता**

**डा. शेखर कोइराला,** नेता, कांग्रेस

गगनजी साथमा नहुँदा पनि मलाई केही फरक पर्दैन

सरकारको सुशासन देखेर त म हाँस्छु

मेरो रोजाइ प्रधानमन्त्री होइन, पार्टी सभापति हो

गभर्नर नियुक्तिमा रमिता भइराख्या छ, के मजाक गरेको देशसित यस्तो ?

(पृष्ठ ५)

## 'राजनीतिक भ्रमण'मा शनिबार चीन जाँदै पूर्वराष्ट्रपति भण्डारी



बेइजिङ र अन्य दुई प्रान्तमा आयोजित तीनवटा कार्यक्रममा सहभागिता जनाउने, चिनियाँ कम्युनिस्ट पार्टीका उच्चस्तरीय नेतासँग भेटवार्ता गर्ने

(पृष्ठ ११)

**कर्नर किक**

● रवि मिश्र




■ नाम्खा र थामेमा एकै प्रकृतिको विपत्

# तापक्रम ह्वात्तै बढ्दा हिउँ पग्लिएर नाम्खामा बाढी

■ १८ परिवारको त्रिपालमुनि बास

हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण बढ्दो जोखिमको संकेत

काठमाडौंमा **यम बम**
नेपालगन्जमा **विश्वराज पछ्लडङ्गया**

हुम्लाको नाम्खा गाउँपालिका- ६, तिलगाउँमा गत बिहीबार राति आएको बाढी र सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५, थामेमा ३२ साउन ०८१ मा आएको बाढीबिच उल्लेखनीय समानता देखिएको छ। हिमाली क्षेत्रमा ह्वात्तै तापक्रम वृद्धि हुँदा यी क्षेत्रमा बाढी आएको पाइएको हो।

थामेमा तापक्रम एकै दिन ९.७ डिग्री सेल्सियसबाट ११.० डिग्रीसम्म पुगेको थियो। त्यही समयमा वर्षा पनि भएकाले हिमताल फुटेर दुधकोशीको सहायक थामे खोलामा आएको बाढीले बस्ती बगाएको थियो। यसैगरी, प्रि-मनसुनको मौसममा तापक्रम ह्वात्तै बढ्दा नाम्खाको तिलगाउँस्थित तिल्चुङ खोलामा पनि १ जेठमा लेदोसहितको बाढी आएको प्रारम्भिक निष्कर्ष निकालिएको छ।

तिलगाउँ क्षेत्रमा तापक्रममापन केन्द्र नभए पनि करिब ५० किलोमिटर टाढा रहेको सिमकोट विमानस्थलमा तापक्रम एकै दिन पाँच डिग्री सेल्सियसले बढेको थियो। सिमकोट विमानस्थल क्षेत्रमा ३० वैशाखमा अधिकतम तापक्रम १७.४ डिग्री सेल्सियस रहेकामा त्यसको भोलिपल्ट २१.४ र १ जेठमा

» पृष्ठ ११ मा क्रमशः



बाढीपछिको तिलगाउँ



विस्थापितहरूको वासस्थान

बिहीबार राति ११ बजेको बाढीपछि नाम्खा गाउँपालिका ६, तिलगाउँका १८ परिवारको बास त्रिपालमुनि छ। हिउँ पग्लेर पुनः बाढी जान सक्ने खतरालाई मध्यनजर गरी १८ परिवारका ३२ जनालाई नजिकैको विद्यालय र त्रिपालमा राखिएको हुम्लाका प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले बताए। 'बाढीले दुई घर र गोठमा क्षति भएको छ। बाँकी घरमा पनि क्षति पुग्न सक्ने भएकाले सुरक्षित स्थानमा सारिएको छ,' उनले भने। लेदोसहितको बाढीले तिल्चुङ खोलाका पाँचवटा काठेपुलसमेत बगाएको छ। भौगोलिक विकटताका कारण सुरक्षाकर्मी र पालिकाको टोली ढिलो पुगेको बताउँदै उनले विस्थापितहरू अहिले सुरक्षित रहेको बताए। 'विस्थापितलाई खान, बस्न र लगाउने समस्या नभएको खबर प्राप्त भएको छ। पालिकाको टोली पुगेर विस्थापितहरूको अवस्था बुझ्ने र आवश्यक बन्दोबस्त गर्ने काम भएको छ,' प्रजिअ पाण्डेयले भने। तिलगाउँमा ५० घरधुरी रहेकोमा १८ घरधुरी बसोबास गर्दै आएको उनले बताए।

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
विदुर, नुवाकोट

## गल्छी- त्रिशुली- मैलुङ- स्याफ्रुबेसी- रसुवागढी सडक योजनाको लागि घर/ टहराहरुको क्षतिपूर्ति सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२/०२/०६**

गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक योजनाको सडक सीमाभित्र रहेका नुवाकोट जिल्ला विदुर नगपालिका वडा नं १, २, ४ र ५ भित्र पर्ने तपसिलका घर/टहराहरुको जग्गा प्राप्ति ऐन २०३४ बमोजिम क्षतिपुर्ति उपलब्ध गराउने प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सरोकारवालाहरुले आ-आफ्नो घर/टहराहरु भत्काई तोकिएको क्षतिपुर्ति रकम योजना कार्यालयबाट लिनुहुन सुचित गरिन्छ। क्षतिपूर्ति रकम बुझ्न आउँदा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, घर/ टहरा रहेको साविकको जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि र तिरो तिरेको रसिद सहित सम्बन्धित वडा एवं योजना कार्यालयको इन्जिनियरबाट घर भत्काई सकेको सिफारिस समेत संलग्न राखी योजना कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। यो सूचनामा उल्लेखित नाम, ठेगाना वा साविकको घर/टहराहरु रहेको कित्ता नं. फरक परेमा सम्बन्धित घर/टहरा धनीहरुबाट प्रमाण पुऱ्याई योजना कार्यालयमा निवेदन दिन सकिने छ। तोकिएको समय भित्र संरचनाहरु हटाई नलगेमा योजना कार्यालयबाट संरचनाहरु हटाइने र सो बापत लाग्ने रकम क्षतिपुर्ति रकमबाट कट्टा गरिने व्यहोरा समेत जानकारी गराइन्छ। यस विषयमा कुनै कुरा बुझ्नु परेमा गल्छी -त्रिशुली -मैलुङ- स्याफ्रुवेसी- रसुवागढी सडक योजना, विदुर, नुवाकोटमा (सम्पर्क फोन नं. ०१०-५६१८९१) सम्पर्क राख्न सकिनेछ।

**विवरण**

**विदुर वडा नं १**

| सि. नं. | घरधनीको नाम थर | ठेगाना | साविक कित्ता नं. | घर/ टहराको क्षेत्रफल (वर्ग फिट) | मुल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इन्दिरा न्यौपाने लामिछाने | विदुर १ | ४०२ | १,४५८.२८ | १,४२७,१५३.२४ | |
| २ | राजेश पाण्डे | विदुर १ | २९७ | २,१४०.०३ | १,३०८,७३७.५० | पुनः मूल्याङ्कित समेत |
| ३ | विष्णु प्रसाद लम्साल | विदुर १ | २५७ | २,७२०.३३ | २,२२२,९९२.९३ | पुनः मूल्याङ्कित समेत |
| ४ | राजाराम थपलिया | विदुर १ | ३६७ | ८८४.९६ | ५२२,०४२.६५ | |
| ५ | तुल प्रसाद धमला | विदुर १ | १११९ | ६७९.१६ | ५४७,०१४.८२ | पुनः मूल्याङ्कित समेत |
| ६ | रमेश बोगटी | विदुर १ | १५७५ | ४,१७१.२७ | ७,५१४,८१५.१५ | पुनः मूल्याङ्कित समेत |
| ७ | गंगा आचार्य नेपाल | विदुर १ | ११७२, १५३६ | ७०६.८२ | ३२७,५३०.२१ | पुनः मूल्याङ्कित समेत |
| ८ | भवानी ढुंगाना | विदुर १ | ७९५ | २,८४१.५७ | ४,९९७,३४५.६४ | पुनः मूल्याङ्कित समेत |
| ९ | रामकृष्ण राजभण्डारी | विदुर १ | ९९६, ९९७, ९९८ | २,४१२.३० | २,६२८,५८५.२५ | पुनः मूल्याङ्कित समेत |
| १० | सम्झना पन्त | विदुर १ | १४४५, १४४७ | १,८९६.६७ | ३,५६५,२०७.६१ | पुनः मूल्याङ्कित समेत |
| ११ | यू कुमारी थापा | विदुर १ | १८५४, १८५३ | २,१०६.५९ | १,३६७,०९९.५८ | पुनः मूल्याङ्कित समेत |
| १२ | रामशरण रावल | विदुर १ | ११७६, ११७७ | २,५७६.८१ | ४,६०६,१९९.०८ | पुनः मूल्याङ्कित समेत |
| १३ | विष्णु माया डंगोल | विदुर १ | १०७६ | २,८१९.१८ | ५,०१५,१०५.२२ | पुनःमूल्याङ्कित समेत |

**विदुर वडा नं २**

| सि. नं. | घरधनीको नाम थर | ठेगाना | साविक कित्ता नं. | घर/ टहराको क्षेत्रफल (वर्ग फिट) | मुल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमिला बोगटी | विदुर २ | ४५२६ | २१५.३८ | ३४,५३४.३१ | |
| २ | इन्दिरा घिमिरे | विदुर २ | ४९२ | १,२०६.०० | १,३२०,१२९.४३ | |
| ३ | लाल बहादुर तामाङ्ग | विदुर २ | ८४३ | १७३.९६ | १८०,८५०.२४ | |
| ४ | अर्जुन नेपाली | विदुर २ | ४७४ | ५८२.४४ | ५४४,१३०.२० | |
| ५ | निर्मल कुमार श्रेष्ठ/लक्ष्मी श्रेष्ठ | विदुर २ | ४७३ | ८४३.८८ | ७६०,७८१.०० | |
| ६ | मैया देवी श्रेष्ठ | विदुर २ | ४७२,७५५ | ६६४.२२ | ६२०,५३१.१६ | |
| ७ | कृष्णा कुमारी तिमिलसिना | विदुर २ | ७५९ | १,२२३.६४ | २,१९१,४६९.४८ | |
| ८ | अनन्त कुमार रिजाल | विदुर २ | ४४५९ | २४७.०१ | २८१,५६८.२७ | |
| ९ | रामकुमार पन्थ | विदुर २ | १४१८ | १,५१७.५६ | २,८९५,५६८.३८ | |
| १० | केशव बहादुर प्याकुरेल | विदुर २ | १४१७ | ३७१.१६ | १४८,८३८.९२ | |
| ११ | तुलसा कुमारी अधिकारी | विदुर २ | १७७ | ४७९.०७ | २११,७५५.९१ | |
| १२ | विमला अर्याल/तेज प्रसाद अर्याल | विदुर २ | ६८५ | १,१८५.७८ | २,५५८,३१४.३२ | |
| १३ | राधिका पौडेल | विदुर २ | ७०३ | २,९१२.२८ | ४,५७९,१६८.७२ | |
| १४ | शक्तिबाबु श्रेष्ठ | विदुर २ | १७९ | १,३७६.८४ | १,६५०,१९२.६६ | |
| १५ | भक्त कुमारी श्रेष्ठ | विदुर २ | ९७५ | १,४५५.९९ | १,१७५,१९०.१४ | |
| १६ | अम्बिका पाण्डे (कर्ण कुमारी ) | विदुर २ | १८२ | १,८२०.६० | २,२१७,७८४.०४ | |
| १७ | हेम बहादुर तामाङ्ग/सुदिर लामा/ मधु कुमार लामा | विदुर २ | ८७५ | १,४४५.०६ | १,४५६,६५९.८१ | |
| १८ | अम्बिका बज्राचार्य | विदुर २ | ६७२ | १,४१६.११ | १,२२०,१८९.४६ | |
| १९ | मन्जिरा राई | विदुर २ | ६६४ | १,०९४.५५ | १,२६०,९५५.२४ | |
| २० | कुबेर जंग पाण्डे | विदुर २ | ६७० | १,७०९.२७ | ३,७३३,२६०.५९ | |
| २१ | माधव प्रसाद खनाल | विदुर २ | ७०९ | २,००९.८६ | २,१७६,३०२.४५ | |
| २२ | अर्जुन थापा | विदुर २ | ८२९ | २४४.४३ | ६२,१८५.२६ | |
| २३ | रमादेवी उपाध्याय | विदुर २ | ११८४, १५५०, १५४७ | ८४१.३९ | १,२७६,२९०.१० | |
| २४ | सरिता देवी बानिया | विदुर २ | १५४९, ३७६८ | १,९५९.९४ | ४,०२२,९२५.९९ | |
| २५ | बिज्जु थापा आचार्य | विदुर २ | ३७६७ | ९२.९५ | २४,८९१.९३ | |
| २६ | कृष्ण बहादुर बस्नेत | विदुर २ | २६०४ | १५८.१४ | ४०,२३२.२८ | |
| २७ | अच्युत अधिकारी | विदुर २ | २२९,२३० | १,११६.१७ | १,२२३,०३८.०२ | |
| २८ | विन्द्रा देवी श्रेष्ठ | विदुर २ | २४५७ | २,८६४.९५ | ५,९९८,३२७.३३ | |
| २९ | पुरुषोत्तम कार्की | विदुर २ | ७९७७ | १५८.७९ | २०५,५७१.९३ | |
| ३० | राजु पौडेल | विदुर २ | १५९१, १५२२ | १,६२६.१६ | २,९५०,७४५.४९ | |
| ३१ | गोसाईकुण्ड सहकारी | विदुर २ | १५२४, १९०२, १९०३ | १,८७१.४२ | ३,१२६,७२३.४८ | |
| ३२ | मिठ्ठु थापामगर | विदुर २ | ९४१ | ४४९.२७ | १९८,५८३.८७ | |
| ३३ | रघुपति महत | विदुर २ | ९१६ | ७२८.६० | ६८९,५१७.५३ | |
| ३४ | चेत बहादुर थापामगर | विदुर २ | ९३८ | ३१५.८७ | २३७,१४२.१४ | |
| ३५ | दिपक थापामगर/आशिष थापामगर | विदुर २ | ५२५५ | ७७.९९ | १४,५८५.२३ | |
| ३६ | राम प्रसाद जोशी/हरी प्रसाद जोशी | विदुर २ | ३९७, ३३९, ७४ | १,२५०.५७ | २,३१९,६३९.१० | |
| ३७ | राम बहादुर जिसी | विदुर २ | १३८८ | १,०९०.७७ | १,९३८,८०३.८८ | |
| ३८ | शेषकान्त खनाल | विदुर २ | १४७३ | १,३७१.६९ | २,७७७,९६२.६८ | |
| ३९ | लछुमान श्रेष्ठ | विदुर २ | २१६९ | ३१५.४७ | ४०८,५४९.३० | |
| ४० | कमला रन्जित | विदुर २ | २२१५ | ४८८.८६ | ५५७,२५४.६३ | |
| ४१ | राजाराम पाण्डे | विदुर २ | १२१९ | १,४२२.०६ | २,४३३,०७०.८३ | पुनः मूल्याङ्कित समेत |
| ४२ | मधुसुदन पाण्डे | विदुर २ | १२०१ | १,४२२.०६ | २,४३३,०७०.८३ | पुनः मूल्याङ्कित समेत |

**विदुर वडा नं ४**

| सि. नं. | घरधनीको नाम थर | ठेगाना | साविक कित्ता नं. | घर/ टहराको क्षेत्रफल (वर्ग फिट) | मुल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विन्दा ढुंगाना | विदुर ४ | ४३६, २४११ | ६१७.७४ | १,०२२,५९८.३७ | |
| २ | रविमान श्रेष्ठ समेत | विदुर ४ | ४३८ | ३,७४५.७३ | ७,२४२,९१८.७५ | |
| ३ | रत्न कुमार श्रेष्ठ | विदुर ४ | २११४ | २३३.१३ | ४८,३०८.७२ | |
| ४ | धनमाया श्रेष्ठ | विदुर ४ | २११५ | २०२.५७ | १०४,३८९.७१ | |
| ५ | शक्ति बाबु श्रेष्ठ | विदुर ४ | ३५ | ३५७.९३ | ७०,४६१.०५ | |
| ६ | राजेन्द्र खड्का | विदुर ४ | १,५२९ | १२९.९६ | १५९,०८३.१८ | |
| ७ | धनरत्न शाक्य | विदुर ४ | २४७२ | ४८९.९३ | १३१,३५९.४७ | |
| ८ | लक्ष्मी कुमारी शाही | विदुर ४ | ४६०३ | ५९५.२५ | ६४६,३९८.३९ | |
| ९ | कल्पना पौडेल | विदुर ४ | ६८९ | १,२४९.४७ | १,२२२,६६०.७६ | |
| १० | कृष्ण बहादुर श्रेष्ठ | विदुर ४ | ९५८ | ६५४.७५ | १५८,२४५.७७ | |
| ११ | लक्ष्मी श्रेष्ठ समेत | विदुर ४ | ५६ | २,९१७.८६ | २,८७१,१२७.३५ | |
| १२ | शान्ति उप्रेती | विदुर ४ | ३६१६ | ४२१.७२ | १०७,२८९.४९ | |
| १३ | उत्तम थापा / गौतम थापा | विदुर ४ | १८४०, १८३९ | १६३.३१ | ४१,५४७.५८ | |
| १४ | नारायण कृष्ण श्रेष्ठ/राज कृष्ण श्रेष्ठ/हरे कृष्ण श्रेष्ठ | विदुर ४ | १७८४, १७८६, १७८५ | ४,६१२.४३ | ८,२९५,०००.५८ | |
| १५ | अर्जुन बहादुर रावल | विदुर ४ | ७१७ | २,९२७.७८ | ५,२५४,२७६.५४ | |
| १६ | कपिल श्रेष्ठ | विदुर ४ | ९१७ | २,०६८.१८ | ४,६३२,९८९.९३ | |
| १७ | कपिल श्रेष्ठ | विदुर ४ | १२९५ | ८७.७८ | २२,३३२.०४ | |
| १८ | रामशरण रावल | विदुर ४ | ९१८ | १९१.९२ | २२६,७०५.५२ | |
| १९ | गोकुल रावल | विदुर ४ | ६६ | १८४.१८ | २२५,४५३.५२ | |
| २० | राम गोपाल डंगोल | विदुर ४ | १३५५, ६७ | ११५.४३ | १४६,४२१.८६ | |
| २१ | सरु पण्डित | विदुर ४ | १३५६ | १,३६२.५३ | २,१६७,३६१.१५ | |
| २२ | दिनेश / दिपेन्द्र श्रेष्ठ | विदुर ४ | ३९३९, ३९४१ | २,९५०.७९ | ५,७४०,६०१.६२ | |
| २३ | रत्न कुमार श्रेष्ठ | विदुर ४ | २११४, २१२२ | २१२.१५ | ५६,८१३.६१ | |
| २४ | राम बाबु श्रेष्ठ | विदुर ४ | १५८१ | १,६७८.९४ | १,६५८,४७९.३५ | |
| २५ | अर्जुन रावल | विदुर ४ | १५४१ | २६४.८७ | ७०,९३१.९९ | |
| २६ | कृष्ण लाल श्रेष्ठ | विदुर ४ | २१५४ | २,८४३.०० | ६,३६८,६८६.६५ | |
| २७ | पूर्ण लाल श्रेष्ठ | विदुर ४ | १,०३६ | ३२५.५४ | २९४,६३९.५९ | |
| २८ | पूर्ण माया श्रेष्ठ/मेरमान श्रेष्ठ | विदुर ४ | ६९९ | ३५४.२६ | ३३१,१०५.७४ | |
| २९ | सुभद्रा विष्ट | विदुर ४ | ९४ | १,४२१.४९ | १,५४१,६६०.६१ | |
| ३० | राजु/श्याम कृष्ण श्रेष्ठ | विदुर ४ | ९५ | २६२.५० | १३५,३३०.३० | |
| ३१ | रेब कुमारी थापा | विदुर ४ | ७७१, ७७२ | ५२७.१५ | ५३३,०२४.३३ | |
| ३२ | रामशरण बजगाई | विदुर ४ | १२९८ | ४७०.०२ | ७५३,७५६.३९ | |
| ३३ | सिन्ज्यापू शेर्पा | विदुर ४ | ७७३ | १९७.१९ | ६१,८३५.२१ | |
| ३४ | नारायण कुमार घले | विदुर ४ | ३३५३, ३३५५ | १३८.५६ | ६४,४६८.९८ | |
| ३५ | हरि बहादुर गुरुङ्ग | विदुर ४ | १२७९ | ३२३.०५ | ३०९,००४.२९ | |
| ३६ | कोपिला मैया घले | विदुर ४ | ३३५२, ३३४५ | ७३१.८८ | ४२९,९३८.९० | |
| ३७ | बुद्धिमाया तामाङ्ग | विदुर ४ | १६५३ | ४२४.७३ | १५९,४७८.५३ | |
| ३८ | बुद्धिमाया तामाङ्ग (रामसिङ) | विदुर ४ | १७३२ | ७८७.४८ | ७६६,२७५.४६ | |
| ३९ | कृष्ण बहादुर तामाङ्ग | विदुर ४ | १७३१ | १५५.९९ | ८०,४१९.७१ | |
| ४० | किरण खड्गी | विदुर ४ | ३२७ | १,५०९.६९ | १,५१६,१०८.६६ | |
| ४१ | फूलमाया तामाङ्ग | विदुर ४ | १७२८ | ७४३.६१ | १,१९८,०६४.०० | |
| ४२ | प्रकाशविर शाक्य/लेख हर्ष शाक्य/ विजयरत्न शाक्य | विदुर ४ | ३६ | ३०६.८२ | १२०,७६७.०८ | |
| ४३ | शुवर्ण बहादुर डंगोल | विदुर ४ | १०२८ | १,०७०.२० | १,१७०,३९३.५७ | |
| ४४ | रमेश बहादुर प्याकुरेल | विदुर ४ | १०४१ | १३२.५४ | ३५,४९४.११ | |
| ४५ | चन्द्रकान्त रिमाल | विदुर ४ | ० | १५९.२२ | ४०,५०७.०५ | |
| ४६ | दिलकुमारी पुरी | विदुर ४ | ८१२ | २५२.०६ | ६७,५०१.४८ | |
| ४७ | सन्च कुमारी डंगोल | विदुर ४ | ८३२ | ७४२.३२ | ७७३,०५८.६९ | |
| ४८ | केदारनाथ भट्टराई | विदुर ४ | १३१९ | २२५.४९ | १२३,८४९.८९ | |
| ४९ | रुकमणी सेढाई | विदुर ४ | १५५१ | २,२३४.२९ | ४,६४१,८१२.६४ | |
| ५० | सुरेन्द्र राज केसी खत्री | विदुर ४ | ६७४ | ६८०.१४ | ३०९,७५६.७८ | |
| ५१ | अलिस अधिकारी/अरिना अधिकारी | विदुर ४ | २२३६ | १२८.७७ | ३१,१२२.२७ | |
| ५२ | इन्द्र पण्डित | विदुर ४ | ६६९ | १९६.२३ | ४९,९२२.७३ | |
| ५३ | केशव कुमार खड्का | विदुर ४ | ७९७८ | ४२६.७८ | २२०,०२३.८६ | |
| ५४ | तारा बहादुर कार्की | विदुर ४ | ० | २३४.८५ | ६२,८९२.६५ | |
| ५५ | सावित्री भट्टराई तिमलसिना/ पद्मकान्त तिमलसिना | विदुर ४ | १५०७ | १२९.१० | ३४,५७२.८८ | |
| ५६ | तोरण बहादुर बोगटी | विदुर ४ | ६४७३ | १७३.९६ | ४६,५८६.३५ | |
| ५७ | रेन्जेन शेर्पा | विदुर ४ | १२६२ | २,३०६.८५ | ४,७०९,७४३.०९ | |
| ५८ | यदुमाया भट्ट | विदुर ४ | १६७१, १६७२ | १,७६०.१३ | ३,२१३,२६६.७१ | |
| ५९ | गोमा कुमारी सापकोटा | विदुर ४ | ११२५ | ३९०.६३ | १४२,६१६.९४ | |
| ६० | लक्ष्मण थापामगर | विदुर ४ | ११२६ | ५४४.२१ | २८०,५६४.२० | |
| ६१ | सन्तकुमारी थापामगर | विदुर ४ | १०७७ | ४४२.६८ | २२८,२२१.०२ | |
| ६२ | राम प्रसाद मैनाली | विदुर ४ | १०७९ | २१९.९५ | ५८,९०२.४४ | |
| ६३ | बिर बहादुर क्षेत्री | विदुर ४ | ० | २२९.३१ | २९०,८७७.५७ | |
| ६४ | रामकृष्ण श्रेष्ठ | विदुर ४ | ५११२ | ४८७.९९ | १३०,६८३.३५ | |
| ६५ | चेत बहादुर श्रेष्ठ | विदुर ४ | ११९७ | ४०१.४२ | ७८७,८३५.३७ | |
| ६६ | रामराजा श्रेष्ठ | विदुर ४ | ११९५, ११९६ | ४१३.११ | १७३,५३०.४७ | |
| ६७ | इश्वर राई | विदुर ४ | १०९२, १७६१ | ३४३.१८ | ३७९,४४९.७७ | |
| ६८ | खिनु माया श्रेष्ठ | विदुर ४ | ७३०७ | १०८.११ | १०३,२३३.०८ | |
| ६९ | सन्तोष सुनार | विदुर ४ | १८८१ | ५६६.४२ | ९३३,७१०.२९ | |
| ७० | डिल्लीमान श्रेष्ठ | विदुर ४ | ४७९, २१७५ | २,१५१.६७ | ४,६७३,४९१.३९ | |
| ७१ | प्रदिप पाठक/ नानी छोरी पाठक | विदुर ४ | २१७६ | ४,६११.३४ | ७,१९७,७५२.०२ | |
| ७२ | सरस्वती उप्रेती तिवारी | विदुर ४ | २०१० | ३९०.५२ | ३९५,९०२.२१ | |
| ७३ | मिठु थापामगर | विदुर ४ | २०११ | ५३६.१९ | ५६०,२८४.१० | |
| ७४ | सरस्वती उप्रेती तिवारी | विदुर ४ | ८३८२ | ६६८.३५ | ७९४,८०८.४३ | |
| ७५ | शिव कुमार मिश्र | विदुर ४ | ८६३, ८६४ | २,११६.२६ | ४,०२५,१२३.३१ | |
| ७६ | प्रशन्ना सेढाई | विदुर ४ | ८६५१ | २,०३७.१३ | ४,१७६,६९९.०६ | |
| ७७ | अशोक तिमलसिना/ध्रुब प्रसाद तिमलसिना | विदुर ४ | ८१० | १७९.२२ | ४७,९९४.९७ | |
| ७८ | जगत कुमारी खड्का | विदुर ४ | १२३ | ७७५.३८ | ८१२,२९३.८८ | |
| ७९ | अशोक कुमार थापा | विदुर ४ | ३६५६ | १०५.४३ | २८,२३४.०७ | |
| ८० | उध्दव राज थापा | विदुर ४ | ८४२८ | ४३४.८५ | ५५१,६०३.१३ | |
| ८१ | लक्ष्मी कुमारी जोशी | विदुर ४ | ९३५ | १७३.४२ | ४६,४४१.७४ | |
| ८२ | ईन्द्रमान जोशी | विदुर ४ | ९३४ | १,०५०.०१ | ९१३,४८१.४२ | |
| ८३ | राम डंगोल/कृष्ण राज डंगोल | विदुर ४ | ८३९२ | ६१९.६८ | ५३९,१०५.५० | |
| ८४ | ढलक बहादुर विश्वकर्मा | विदुर ४ | १३३ | ३७६.९२ | ३२७,९१०.६० | |
| ८५ | पुरुषोत्तम श्रेष्ठ | विदुर ४ | २९६१ | ११४.५७ | ९९,४६९.२७ | |

» पृष्ठ ३ मा क्रमशः

# एउटै ठेक्कामा ६ करोड ३१ लाख घुस

## सिंगापुरमा बैंक खाता खोलेर ठेकेदारमार्फत रकम जम्मा, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक पौडेलसहित पाँचजनाविरुद्ध मुद्दा दायर

**सुवास भट्ट**/नयाँ पत्रिका

एउटै ठेक्कामा ६ करोड ३१ लाख रुपैयाँ घुसको लेनदेन भएको छ। त्यो पनि विदेशस्थित बैंक खातामार्फत। राष्ट्रिय सूचना प्रविधि केन्द्रको ठेक्कामा सिंगापुरस्थित युनाइटेड ओभरसिज बैंकको खातामा घुस लेनदेन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ। जसमा आयोगले सोमबार केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेलसहित पाँचजनाविरुद्ध मुद्दा दायर भएको छ।

केन्द्रको आर्थिक वर्ष ०७५/७६ को सूचना प्रविधिसम्बन्धी 'आरआइएससी एन्ड एचसिआई'को ठेक्कामा भ्रष्टाचार गरेको र त्यसको घुस विदेशमा लेनदेन गरेको आयोगले जनाएको छ। अख्तियारले युनाइटेड ओभरसिज बैंकको खातामार्फत घुसको लेनदेन भएको पत्ता लगाएको हो।

आयोगले पौडेलसहित केन्द्रका तत्कालीन सहायक निर्देशक रमेशप्रसाद पोखरेल र कम्प्युटर इन्जिनियर रामशरण गायक, तत्कालीन लेखा अधिकृत निमबहादुर वली, म्याक्स इन्टरनेसनल प्रालि र त्यसका प्रमुख कार्यकारी अधिकृत अकवर हुसेनलाई प्रतिवादी बनाइएको छ। सबैलाई पाँच करोड ७९ लाख बिगो कायम गरिएको छ। मुख्य प्रतिवादी पौडेलविरुद्धको यो छैटौँ मुद्दा हो। यसअघिकै मुद्दामा उनी कारागारमा छन्।

### ■ यसरी भयो गडबडी

केन्द्रले 'सप्लाई, डेलिभरी एन्ड कमिसनिङ अफ आरआइएससी एन्ड एचसिआई' अन्तर्गत आव ०७५/७६ मा ठेक्का निकालेको थियो। २६ करोड २९ लाख ५३ हजार ३३५ रुपैयाँ लागत अनुमान तयार गरिएको थियो। यस ठेक्कामा म्याक्स इन्टरनेसनलसँगको मिलेमतोमा स्वार्थ बाझिने गरी लागत अनुमान तयार गरेको अख्तियारको दाबी छ। त्यस्तै, सम्झौताबमोजिमको वारेन्टी अनसाइट सपोर्टको कार्य नै नभएको अवस्थामा भएको भनेर रकम भुक्तानी दिएकोसमेत भेटिएको आरोपपत्रमा उल्लेख छ। दुई शीर्षकमा दुई करोड ६५ लाख र तीन करोड १४ लाख रुपैयाँ म्याक्सलाई केन्द्रले बढी भुक्तानी दिएको थियो।

गैरकानुनी लाभ लिने बदनियतले सरकारलाई हानी पुऱ्याउनेगरी पाँच करोड ७९ लाखबराबरको रकम बढी भुक्तानी दिई भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। टेक्निकल स्पेसिफिकेसन उपलब्ध नगराउँदासमेत मिलेमतोमा तीनवटा कम्पनीले विस्तृत रूपमै टेक्निकल स्पेसिफिकेसनसहित को दरभाउ पेस गरेका अख्तियारले दायर गरेको आरोप पत्रमा उल्लेख छ। यसक्रममा सार्वजनिक खरिद गुरुयोजना तयार नगरी खरिद कार्य भएको, प्राविधिक स्पेसिफिकेसन स्वीकृत नहुँदै दररेट माग गरी लागत अनुमान तयार गरेको, लागत अनुमानसँग स्वीकृत भएको प्राविधिक प्रस्ताव मिल्ने गरी विस्तृत रूपमै दरभाउपत्र पेस गरी मिलेमतो गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।






### सुनील पौडेलविरुद्ध यसअघिका मुद्दा

- नेसनल पेमेन्ट गेटवे खरिदमा ७ वैशाख ०८१ मा नौ वर्ष कैदसहित २३ करोड २७ लाख ५८ हजार जरिवानाको फैसला
- ९ वैशाख ०८१ मा गैरकानुनी सम्पत्ति आर्जन मुद्दा
- २ साउन ०८१ मा विदेशी मुद्रा अपचलन मुद्दा
- ४ असोज ०८१ मा प्रहरीको किर्ते मुद्दा
- २४ माघ ०८१ मा घुस लेनदेन मुद्दा

### ■ सिंगापुरमा सुनीलले खोलेको खातामा ७९ हजार ६४० अमेरिकी डलर घुस जम्मा

छानबिनका क्रममा ब्याङ्कोटेकले ११ चैत ०८१ मा अख्तियारलाई जवाफ दिँदै आव ०७५/७६ मा भएको ठेक्काको खरिद कार्य २०१९ मा सम्पन्न भएको जानकारी गराएको थियो। जवाफमै ब्याङ्कोटेकले केन्द्रका कार्यकारी निर्देशक पौडेलको सिंगापुरको खातामा ७९ हजार ६४० अमेरिकी डलर उपलब्ध गराएको विवरण पनि अख्तियारलाई दिएको छ। 'केन्द्रको ठेक्काअन्तर्गत म्याक्स इन्टरनेसनललाई खरिदको सामान आपूर्ति गर्ने सिंगापुरको ब्याङ्कोटेक प्रालिले सन् २०१९ मा राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक सुनील पौडेलको युओबी सिंगापुर बैंकमा रहेको ३८०-९४८-३१०-८ खातामा ७९ हजार ६४० अमेरिकी डलर जम्मा गरेको विवरण उपलब्ध गराएको देखिन्छ,' आरोपपत्रमा उल्लेख छ।

सार्वजनिक खरिद ऐन, २०६८ को व्यवस्थाबमोजिम मालसामान खरिद गर्दा राष्ट्रियस्तरमा खुला बोलपत्र आह्वान गरी 'आइटमवाइज' खरिद हुने गरी लागत अनुमान, स्पेसिफिकेसन र बोलपत्र कागजात तयार गरिएकाले यस्तो खरिद एकमुस्ट दर विधिबाट गरिएको खरिद वा परामर्श सेवाको खरिद नभएको जिकिर अख्तियारको छ। सम्झौताअनुसार कम्पनीकै दायित्वभित्र रहने आइटम छुट्टै शीर्षक राखी बढी मूल्य र लागत देखाउने बदनीयतपूर्वक कार्य गरिएको पनि अख्तियारले जनाएको छ। दरभाउ माग, लागत अनुमान तयारी तथा स्वीकृतिमा स्वार्थ बाझिने गरी मिलेमतो भएको, बोलपत्र तथा सम्झौताको सर्तअनुसार खरिद कार्य नभएको र दुई शीर्षकको भुक्तानी नियमसँगत नभएको तथ्य अख्तियारले उल्लेख गरेको छ।

### ■ ६ करोड ३१ लाख ६६ हजार रुपैयाँ घुस निकालियो

ठेक्काको खरिद कार्य केन्द्रले सन् २०१९ मा सम्पन्न गरेको थियो। खरिदमा म्याक्स इन्टरनेसनललाई सामान आपूर्ति गर्ने सिंगापुरको ब्याङ्कटेक प्रालिले सन् २०१९ मा केन्द्रका कार्यकारी निर्देशक पौडेलको युनाइटेड ओभरसिज बैंक, सिंगापुरको खातामा ७९ हजार ६४० अमेरिकी डलर जम्मा गरेसमेत देखिएको छ। अकवर हुसेन सेयरधनी रहेको कम्पनी आइटी ग्लोबलले लागत अनुमान बनाउने प्रयोजनका लागि दरभाउ पेस गर्दा 'एप्लिकेसन सर्भर हाइपर कन्भर्ज्ड इन्फ्रास्ट्रक्चर' शीर्षकको सामान नौ करोड ९६ लाख र कम्प्युटर नोड शीर्षकको सामान ७२ लाखमा ल्याउन सक्ने भनी दररेट पेस गरेको थियो।

हुसेन नै प्रमुख कार्यकारी अधिकृत (सिइओ) रहेको म्याक्स इन्टरनेसनलले बोलपत्र पेस गर्दा 'एप्लिकेसन सर्भर हाइपर कन्भर्ज्ड इन्फ्रास्ट्रक्चर'को नौ अर्ब ७१ लाख ८० हजार र कम्प्युटर नोडको ८४ लाखमा ल्याउन सक्ने गरी पेस गऱ्यो। तर, म्याक्सले ब्याङ्कोटेक सिंगापुरबाट 'एप्लिकेसन सर्भर हाइपर कन्भर्ज्ड इन्फ्रास्ट्रक्चर' १५ करोड १५ लाख ८९ हजार ६६४ रुपैयाँ र कम्प्युटर नोड एक करोड ७१ लाख ५६ हजार ८६८ रुपैयाँमा खरिद गरेको भनी भनी प्रज्ञापनपत्र र कमर्सियल इन्भ्वाइसमा उल्लेख गऱ्यो। उक्त रकम ब्याङ्कोटेक प्रालि सिंगापुरमा भुक्तानी गऱ्यो।

'प्रज्ञापनपत्र र कमर्सियल इन्भ्वाइसबमोजिमको रकम भनी 'एप्लिकेसन सर्भर हाइपर कन्भर्ज्ड इन्फ्रास्ट्रक्चर' शीर्षकअन्तर्गतको सम्झौतामा उल्लेखित रकमभन्दा बढी पाँच करोड ४४ लाख नौ हजार ६६४ र कम्प्युटर नोड शीर्षकअन्तर्गतको सम्झौतामा उल्लेखित रकमभन्दा बढी ८७ लाख ५६ हजार ८६८ गरी ६ करोड ३१ लाख ६६ हजार ५३२ रुपैयाँ गैरकानुनी तवरबाट ब्याङ्कोटे प्रालि सिंगापुरमा पुऱ्याएको तथ्य देखिन्छ,' अख्तियारको आरोपपत्रमा उल्लेख छ। यो घुस बुझाउने रकम भएको अख्तियारको दाबी छ।

### ■ चार कर्मचारीको तालिममा दुई करोड ६५ लाख खर्च भएको देखाएर घुस रकम व्यवस्थापन

ठेक्काअन्तर्गत तालिम शीर्षकमा केन्द्र प्रमुख पौडेलले अस्वाभाविक रकम छुट्याएका थिए। चारजना कर्मचारीका लागि तालिमलगायतका विषयमा भ्याटबाहेक दुई करोड ६५ लाख खर्च भएको देखाएका थिए। तर, यो रकम कहाँ, कसरी खर्च भयो भन्ने विवरण भेटिएको छैन। रकम देश तथा विदेशमा घुस बुझाउन रकम व्यस्थापनका लागि उपयोग गरेको पुष्टि भएको अख्तियारको दाबी छ। त्यस्तै, खरिद कार्यको तीन वर्षको वारेन्टीबापत भ्याटबाहेक तीन करोड १४ लाख भुक्तानी दिने गरी सम्झौता गरिएको थियो। तर, यस शीर्षकमा भएको खर्च खुल्ने कागजात नभेटिएको अख्तियारले उल्लेख गरेको छ।

# ओली–देउवा भेटवार्ता स्थगित

## ओली-देउवा भेटवार्ता रोकियो



**काठमाडौं**/ सत्तारूढ दुई दलबिच गभर्नर नियुक्तिको रस्साकस्सी चलिरहेका बेला प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबिच हुने भनिएको भेटवार्तासमेत स्थगित भएको छ। मन्त्रिपरिषद् बैठक स्थगित गरेर ओली र देउवाबिच भेटवार्ता तय गरिएको थियो। देउवा बालुवाटार गएनन्। कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले गभर्नर नियुक्तिमा भएको ढिलाइबारे आश्चर्य प्रकट गरे। 'गभर्नर नियुक्तिमा भएको ढिलाइ आश्चर्यजनक छ। यसरी ढिला गर्ने विषय होइन यो,' उनले भने। ओली-देउवा भेटवार्ता स्थगित हुनुको कारणबारे उनले अनभिज्ञता प्रकट गरे।

कांग्रेस मुख्य सचेतक श्याम घिमिरेले प्राविधिक कारणले ओली-देउवा भेटवार्ता रोकिएको बताए। उनले एक-दुई दिनमै गभर्नर नियुक्त हुने पनि दाबी गरे। 'गभर्नर नियुक्ति एक-दुई दिनमा हुन्छ होला। आजको छलफल केही कारण परेर रोकियो होला,' उनले भने। प्रधानमन्त्रीको सचिवालयले भने ओली अस्वस्थ भएका कारण भेटवार्ता स्थगित भएको जनाएको छ। ओली-देउवा भेटका साथै मन्त्रिपरिषद् बैठक पनि स्थगित भएको ओलीको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार ओलीलाई रुघाखोकीको समस्या देखिएको छ। गभर्नर नियुक्तिलगायतका विषयमा ओली-देउवाबिच छलफलको तयारी रहेको बताइएको थियो।

# राजनीति बुझ्छु, तर गर्दिनँ : प्रधानमन्त्रीपत्नी शाक्य



**काठमाडौं**/ प्रधानमन्त्री केपी ओलीपत्नी राधिका शाक्यले राजनीतिमा नलागे पनि राजनीति बुझ्ने र विश्लेषण गर्ने क्षमता आफूले राख्ने बताएकी छिन्। प्रेस चौतारीले सोमबार राजधानीमा आयोजना गरेको 'करुणा' पुस्तकमाथि सम्पादकहरूसँग संवाद कार्यक्रममा उनले पहुँच खोज्दै आउनेलाई कुनै प्रवेश नदिइएको समेत दाबी गरिन्।

शाक्यले ओली प्रधानमन्त्री, मन्त्री रहँदा कोही आफन्त वा नातागोतालाई अवसर नदिइएको बताइन्। त्यस्तो कुनै प्रमाण भए पेस गर्न उनले चुनौती दिइन्। 'केपी सर पदमा रहँदा, प्रधानमन्त्री, मन्त्री हुँदा कोही पनि आफन्त वा नातागोतालाई अवसर दिइएको वा कतै लगाएको छैन। मेरो कुरा गलत लाग्छ भने कृपया प्रमाण सार्वजनिक गरिदिनुहोस्,' उनले भनिन्।

शाक्यले राजनीतिमा भने नआउने स्पष्ट पारिन्। 'अब केपी ओलीले श्रीमतीलाई अगाडि सार्न लाग्यो कि क्या हो भनेर कता-कता प्रश्न गरेको मैले सुनेकी छु,' उनले भनिन्, 'तर केपी ओलीले मलाई राजनीतिमा जाऊ भनेर भन्नुभएको पनि होइन, मैले राजनीति गर्छु भनेर यो गरेको पनि होइन। त्यसो भएकाले म राजनीतिमा आउँला कि, यसो-उसो भनेर चिन्ता नगर्न म विनम्र अनुरोध गर्दछु।'

देश बन्न राजनीति राम्रो हुनुपर्छ, देशको नीति सही हुनुपर्छ भन्दै शाक्यले भनिन्, 'म प्रधानमन्त्री भएँ भने पनि देश बनाउन सक्दिनँ, एक्लैको प्रयासमा त केही सम्भव छैन। सबैको साथ र सहयोग चाहिन्छ।' उनले कहिल्यै केही गल्ती काम नगरेकाले हरेक प्रश्नको सामना गर्न सक्षम रहेको जिकिर पनि गरिन्। आफ्नो पढाइ, लेखाइमा ओलीको भूमिका रहेको भन्दै अब पनि पढाइ लेखाइमै समय बिताउने उनको भनाइ छ। उनले आफ्नो जीवनका भोगाइ र अनुभूति करुणा पुस्तकमा समेटिएको पनि बताइन्। डकुमेन्टेसन होस् भनेर पुस्तक लेखेको उनको भनाइ थियो।

प्रधानमन्त्री ओलीमा सक्रिय रहने, अध्ययन गर्ने, तीक्ष्ण स्मरण गर्न सक्ने क्षमता रहेको उनको भनाइ थियो। 'केपी सरको अध्ययन गर्ने बानी र पढेको चिजलाई सम्झन सक्ने क्षमता भएकाले उहाँले धेरै विषय सम्झिन सक्नुहुन्छ। तर ममा त्यो क्षमता छैन, पढ्दैगयो, बिर्सदै गयो हुन्छ' उनले थपिन्, 'जीवनमा मैले केही नराम्रो गरेको छैन, आगामी दिनमा पनि त्यस्तो नगर्ने प्रतिबद्धता जनाउँछु।'


# प्याराग्लाइडिङ पाइलटको मापसे र लापसे परीक्षण

**कास्की**/ प्रहरीले पहिलोपटक प्याराग्लाइडिङ पाइलटहरूको मादक पदार्थ सेवन (मापसे) र लागुपदार्थ सेवन (लापसे) गरेर उडान गरे-नगरेको परीक्षण गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बैदाममा विभिन्न माध्यमबाट प्याराग्लाइडिङ पाइलटहरूले मापसे र लापसे सेवन गरी उडान गर्ने गरेको गुनासो आएपछि सोमबार प्याराग्लाइडिङ उडान हुने पोखरा महानगरपालिका- २४ स्थित मान्द्रेढुंगा पुगेर प्रहरी, व्यवसायी र पाइलट क्लबका प्रतिनिधिसहितको टोलीले उनीहरूको परीक्षण गरेको हो।

कास्कीका प्रहरी प्रमुख श्यामबाबु ओलिया, वडा प्रहरी कार्यालय पोखरा- ६ बैदामका प्रमुख सन्तोष निरौला, नेपाल हवाई खेलकुद संस्था (ना)का अध्यक्ष अनिल केसी, महासचिव बलराम आचार्यलगायतको टोलीले उनीहरूको मान्द्रेढुंगा पुगेर मापसे र लापसे परीक्षणका गरेका थिए। प्याराग्लाइडिङका पाइलटले मापसे र लापसे सेवन गरी उडान गर्ने गरेको भन्ने सूचना आएपछि वास्तविकता के रहेछ भनेर छड्के परीक्षण गरेको उनले बताए। 'सूचना एवं जानकारी धेरै आएपछि अवस्था के रहेछ भनेर बुझ्न आएका हौं। यसक्रममा मान्द्रेढुंगामा उडानका लागि गएका ३९ जना पाइलटहरूको मादक पदार्थ सेवन र १४ जनाको लागुपदार्थ सेवनको परीक्षण गरेका हौं,' प्रहरी प्रमुख ओलियाले भने।

प्रहरीले उडानका लागि गएका पोखरा- २४ का विशालबहादुर क्षेत्रीलाई मापसे र लापसे गरेको अवस्थामा फेला पारेको छ। 'कुनै पनि पेसा व्यवसायका लागि सुरक्षा पहिलो प्राथमिकता हो, यसमा कसैले पनि खेलाँची गर्नुहुन्न। प्याराग्लाइडिङ उडान आफैंमा साहसिक उडान हो, यसलाई सुरक्षित र मर्यादित बनाएर पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने गरी हामी सबै लाग्न जरुरी छ,' उनले भने। मापसे र लापसे गरेर उडान गर्दा हुन सक्ने सम्भावित दुर्घटनाबारे पाइलटलाई जानकारी दिइएको ओलियाले बताए।

# संवादमार्फत थाती रहेका मुद्दा समाधान हुन्छन् : जोली



**काठमाडौं**/ भाजपा नेता विजय जोलीले नेपाल र भारतबिच थाती रहेका मुद्दा संवादमार्फत समाधान हुने बताएका छन्। सोमबार 'इन्स्टिच्युट फर पब्लिक पोलिसी एन्ड पार्टनरसिप' नामक चिन्तन संस्थाद्वारा आयोजित कार्यक्रममा उनले नेपालको अन्य देशसँग सम्बन्धप्रति भारत चिन्तित नभएकोसमेत बताए। 'नेपाल र भारतबिचका समस्या वार्ता र समझदारीबाट चाँडै समाधान होस् भन्ने चाहन्छौं र म यसमा विश्वस्त पनि छु,' जोलीले भने, 'दुई छिमेकी मुलुकहरूबिच समस्या हुनु अस्वाभाविक होइन। संवादमार्फत समाधान नहुने विषय छैनन्।' जोली निजी भ्रमणका क्रममा हाल काठमाडौंमा छन्। भाजपाको विदेश मामिला विभागका पूर्वउपप्रमुख रहेका जोली हाल दिल्ली स्टडी ग्रुप नामक चिन्तन संस्थाका अध्यक्ष हुन्। जोलीले नेपाल धर्मनिरपेक्ष रहने वा हिन्दु राष्ट्र हुनेबारे भारतको कुनै टीकाटिप्पणी नहुने उनको भनाइ थियो। 'यो नेपालका राजनीतिक दल र नेपाली जनताले तय गर्ने विषय हो। र, यो नितान्त नेपालको आन्तरिक मामिला हो भन्नेमा हामी स्पष्ट छौं,' उनले भने।

पृष्ठ २ बाट क्रमशः

| सि. नं. | घरधनीको नाम थर | ठेगाना | सांविक कित्ता नं. | घर/ टहराको क्षेत्रफल (वर्ग फिट) | मुल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ८६ | माधबलाल श्रेष्ठ | विदुर ४ | २९६० | ४१.३१ | ११,०६२.७८ | |
| ८७ | गोविन्द लाल श्रेष्ठ | विदुर ४ | २९६३ | ११०.०५ | २९,४७१.३० | |
| ८८ | मुकुन्द लाल श्रेष्ठ | विदुर ४ | १३५ | १००.२० | ७१,३९४.२५ | |
| ८९ | राम दास रन्जित | विदुर ४ | २५०० | ३८२.७७ | ४१४,४९१.०४ | |
| ९० | मंगल दास रन्जित | विदुर ४ | २४९९ | ४११.७३ | ४६४,६५७.४९ | |
| ९१ | मदन कृष्ण श्रेष्ठ | विदुर ४ | १२०५ | १९५.८० | ५२,४३५.०९ | |
| ९२ | गणेश कुमार श्रेष्ठ | विदुर ४ | १२०४ | १९७.७५ | ५२,९५७.३० | |
| ९३ | गोपालमान श्रेष्ठ | विदुर ४ | ३४१२ | १,४४५.९२ | १,२५७,९१२.८३ | |
| ९४ | बसन्तमान श्रेष्ठ | विदुर ४ | ३४११ | १,०८५.१९ | १,२७७,८३५.०९ | |
| ९५ | जिवन लाल श्रेष्ठ | विदुर ४ | १५०, १५१ | १,६७४.८५ | २,७४८,७५२.२९ | |
| ९६ | नानी मैया श्रेष्ठ | विदुर ४ | ६८३ | १,३३७.०९ | २,३१६,०५५.७९ | |
| ९७ | मोहन बहादुर खड्का | विदुर ४ | १२१० | १,८०७.७७ | ४,०४९,६३७.९४ | |
| ९८ | इश्वरी श्रेष्ठ/सन्जिव श्रेष्ठ | विदुर ४ | १६५ | ७३५.९६ | १,५५६,३५९.९९ | |
| ९९ | पुष्प रत्न बज्रचार्य | विदुर ४ | २१६६ | ५४४.६३ | ४४०,९८३.३४ | |
| १०० | भिम राज बज्रचार्य | विदुर ४ | २१६५ | २६९.८२ | २३४,७३६.३८ | |
| १०१ | मोहन लाल श्रेष्ठ | विदुर ४ | १६८ | ७१६.५० | ८३७,८२४.४० | |
| १०२ | कृष्ण लाल श्रेष्ठ | विदुर ४ | १२८५ | ८०९.८८ | ६३२,४८९.९३ | |
| १०३ | इश्वरी कुमारी श्रेष्ठ | विदुर ४ | ३२८६ | २८६.४३ | २७९,२५५.६६ | |
| १०४ | केशब लाल श्रेष्ठ | विदुर ४ | २३९६ | ४३२.३७ | ४७३,८५५.७२ | |
| १०५ | गंगा लाल श्रेष्ठ | विदुर ४ | १०२५, ४८९ | १,४८५.९६ | २,२२०,०३२.८४ | |
| १०६ | श्रीराम श्रेष्ठ | विदुर ४ | १०८९ | १,१६३.१९ | १,३२५,९२७.७१ | |
| १०७ | घनश्याम श्रेष्ठ | विदुर ४ | १०८८ | ८०५.४७ | ८६९,६८६.८१ | |
| १०८ | शिब लाल श्रेष्ठ | विदुर ४ | १२८४, २०५९, २०६० | १,५८५.०९ | ३,३२४,३१४.७२ | |
| १०९ | राधा देवी खनाल | विदुर ४ | २०५८, २०६१ | ८९९.८१ | १,७२४,८९७.८९ | |
| ११० | नारायण मान श्रेष्ठ/सानु राजा श्रेष्ठ | विदुर ४ | ८२६ | ६१२.५८ | ६२१,५९४.५६ | |
| १११ | नारायण प्रसाद खनाल | विदुर ४ | ४८५ | ३८६.०१ | ४८९,६५०.०५ | |
| ११२ | हरि बहादुर विश्वकर्मा | विदुर ४ | ४८४ | ६६१.७८ | ५३४,११३.३९ | |
| ११३ | सन्तमाया श्रेष्ठ | विदुर ४ | ५६९९ | ४,८२८.८१ | १०,५४६,६३२.४४ | |
| ११४ | कुमार श्रेष्ठ | विदुर ४ | ९९६ | २,५८३.०८ | ५,७८६,४३२.३४ | |

**विदुर वडा नं ५**

| सि. नं. | घरधनीको नाम थर | ठेगाना | सांविक कित्ता नं. | घर/ टहराको क्षेत्रफल (वर्ग फिट) | मुल्याङ्कित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टेक बहादुर श्रेष्ठ | विदुर ५ | ९१६ | ८५३.१३ | १,६५०,१६१.४६ | पुनःमूल्याङ्कित समेत |
| २ | मनमोहन श्रेष्ठ | विदुर ५ | ७६८ | ४५८.२५ | ४१३,१२४.९५ | पुनःमूल्याङ्कित समेत |
| ३ | किसन चित्रकार | विदुर ५ | ७२६ | ७३०.०४ | ५१७,२४४.२६ | पुनःमूल्याङ्कित समेत |
| ४ | जोगमाया श्रेष्ठ | विदुर ५ | ४४४ | १,५४७.२५ | १,२०८,४७७.७० | |
| ५ | कृष्ण प्रसाद लोहनी | विदुर ५ | ७७९ | ७४८.६० | ३००,३१८.४२ | |

# भ्रष्टाचारको मुद्दा खेपिरहेका बस्नेत सांसदकै हैसियतमा उद्घाटनमा व्यस्त

## एमाले र माओवादीको आपत्ति, स्थानीय तहले उद्घाटनमा सहभागी नहुन दिए चेतावनी

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

नेपाल दूरसञ्चार प्राधिकरणका लागि टेरामक्स खरिद प्रकरणमा सवा तीन अर्ब भ्रष्टाचारको अभियोग लागेका कांग्रेस सांसद मोहनबहादुर बस्नेतका गतिविधि र सक्रियता पहिलेकै जस्तो छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बस्नेतविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेपछि उनको सांसद पद निलम्बनमा परेको छ। तर बस्नेत सांसदकै हैसियतमा जिल्लामा विभिन्न स्थानको कार्यक्रममा प्रमुख अतिथिको रूपमा जाने गरेका छन्।

'सांसद, मन्त्री भए वा नभए पनि सिन्धुपाल्चोकको सरकार मै हुँ' भनेर अभिव्यक्ति दिने बस्नेतको पद निलम्बनपछि कतिपय कांग्रेस कार्यकर्ता उग्र बनेका छन् भने धेरैजसो शुभचिन्तक निराश देखिन्छन्। सामाजिक सञ्जालमा कांग्रेस कार्यकर्ता उनको बचाउमा लागेका छन्। एमाले र माओवादी नेताकार्यकर्ताले राजनीतिक नैतिकता स्थापित गर्न अख्तियारले दर्ता गरेको मुद्दाको फैसला नभएसम्म बस्ने त सार्वजनिक कार्यक्रममा जान नहुने भन्दै विरोध गरिरहेका छन्।

लिसंखुपाखर गाउँपालिका- २ निगालेमा हालै सम्पन्न निगाले नारगाउँ खानेपानी योजनाको उद्घाटनमा सोमबार पूर्वस्वास्थ्यमन्त्रीसमेत रहेका बस्नेत प्रमुख अतिथिका रूपमा सहभागी भएका छन्। स्थानीय सरकार प्रमुख राजु लामाले विज्ञप्ति जारी गरेर भ्रष्टाचार मुद्दामा रहेका निलम्बित सांसदले खानेपानी योजना उद्घाटन गर्न नमिल्ने बताएका थिए।



लामा माओवादीबाट निर्वाचित गाउँपालिका अध्यक्ष हुन्। वडा नम्बर २ का अध्यक्ष कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि हुन्। स्थानीय सरकारबाट एक करोड ३० लाख विनियोजन गरेर निगाले नारगाउँका ५५ घरधुरीलाई खानेपानी व्यवस्थापन भएको छ। खानेपानी योजनामा बस्नेतको कुनै भूमिका नरहेको अध्यक्ष लामाको दाबी छ।

स्थानीय सरकारको अनुरोधलाई बेवास्ता गर्दै ठुलो संख्यामा मोटरसाइकल, गाडी र कार लिएर नाराबाजी गर्दै बस्नेत उद्घाटनस्थल पुगेका थिए। उनले सिन्धुपाल्चोक १ का सांसद माधव सापकोटा र कम्युनिस्ट शक्तिको विरोध गरेका थिए। विशेष अदालतमा मुद्दा परे पनि केही फरक नपर्ने बताउँदै उनले राजनीतिक पूर्वाग्रह साधेर मुद्दा लगाएको दाबी गरे। सिन्धुपाल्चोकमा भएका सबै विकास आफैंले गरेको जिकिर गर्दै उनले अझै चारपटक चुनाव लड्ने घोषणा गरे। यस्तै, बस्नेतले मंगलबार सुनकोशी गाउँपालिका- २ ठोकर्पामा निर्माण सम्पन्न भएको स्वास्थ्यचौकी भवन उद्घाटन गर्ने भएका छन्। बस्नेत प्रमुख अतिथिको रूपमा आउने प्रचार-प्रसार गरिएपछि स्थानीय सरकार प्रमुख टपीन्द्र तिमल्सिनाले पनि विज्ञप्ति जारी गरेर स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा २ (झ)मा भएको व्यवस्थाविपरीत कांग्रेस कार्यकर्ताले जबर्जस्ती गरे प्रतिकारमा उत्रने चेतावनी दिएका छन्।

एमाले र माओवादी सुनकोशी गाउँपालिका कमिटीका अध्यक्षद्वय रामहरि खड्का र भीमबहादुर योञ्जनले विज्ञप्ति जारी गरेर राजनीतिक नैतिकताको खिल्ली उडाउनेविरुद्ध प्रतिकार गर्ने चेतावनी दिएका छन्। कांग्रेसका जनप्रतिनिधि र कार्यकर्ताले जसरी पनि कार्यक्रममा बस्नेतलाई ल्याउने प्रचार गरिरहेका छन्। एमाले, माओवादीका नेता कार्यकर्ताले विरोध गरिरहेकाले बस्नेत सहभागी हुँदा झडप हुन सक्ने अवस्था छ।

# टेरामक्स मुद्दा : हल्लामै सीमित नहोस्

टेरामक्स मुद्दाले 'तहल्का' मच्चाएको देखिए पनि अख्तियारका विगतका मुद्दा हेर्दा 'वाहवाही' गरिहाल्नुपर्ने अवस्था भने छैन



● डा. प्रेमराज सिलवाल

अग्रलेख


तीन अर्ब २१ करोडभन्दा बढीको 'टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) खरिदमा पूर्वसञ्चारमन्त्री मोहनबहादुर बस्नेतसहितलाई अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गऱ्यो । पोखरा विमानस्थलमा अर्बौं भ्रष्टाचार भएको संसदीय छानबिन समितिको प्रतिवेदनसम्बन्धी चर्चा सेलाउन नपाउँदै टेरामक्स खरिदमा भएको अनियमितताबारे मुद्दा दर्ता भएपछि भ्रष्टहरूको मनमा द्वयांग्रो ठोकेको हुनुपर्छ । यद्यपि, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि अनेकौं कोणबाट सवालचाहिँ उठ्दै छन् । अख्तियारका विगतमा अनेकौं मुद्दा, निर्णय, आदेश र पत्रहरूका सम्बन्धमा निरन्तर प्रश्न उठ्दै आयो । आयोगले नीतिगत, करारीय र असल मनसायले कार्य गरेकामाथि समेत गैरकानुनी हस्तक्षेप गऱ्यो । ठुला भ्रष्टाचारका घटना भनी सार्वजनिक चर्चामा आएका भ्रष्टाचार र काण्डहरूचाहिँ चर्चाजसरी नै सेलाए । अख्तियारले तिनमा आफूलाई नघुसाउँदा नै सुरक्षित महसुस गऱ्यो । तर, अनेकौं निर्णय, आदेश र मुद्दामार्फत सानालाई 'दुःख' दिने काम भने चलिरह्यो ।

मालपोतसम्बन्धी घरजग्गा, सम्पत्ति तथा स्थानीय तहका विकास निर्माणका अनेकौं सन्दर्भमा आयोगबाट पत्र लेख्ने काम भयो । काठमाडौं जिल्ला तत्कालीन काभ्रेस्थली गाविस-५ का सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता हुन लागेको भन्ने 'निवेदन'माथि अख्तियारले मालपोतलाई पत्र लेख्दै रोक्नू भन्यो । जसमा तीन रोपनी जग्गा मालपोत कर्मचारी र भूमाफियाको मिलोमतोमा तोयानाथ तिमिल्सिनाको नाममा दर्ता हुन लागेको भनेर अख्तियारले मालपोत कार्यालयलाई पत्र लेखेको थियो । सो मुद्दामा सर्वोच्च अदालतले आयोगको पत्र प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको भन्दै मालपोत कार्यालय डिल्लीबजारका नाममा लेखिएको सो पत्र बदर गऱ्यो (कृष्णप्रसाद तिमिल्सिनासमेत विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ने.का.प. २०७३, अंक ५, नि.नं.९६०७) । सुशासनसम्बन्धी विषयमा संवैधानिक र कानुनी अधिकार भएको आयोगले ठुला भ्रष्टाचारसम्बन्धी मुद्दामा आँट गर्न नसक्दा नेपालको 'सुशासन'सम्बन्धी मुद्दा चुनौतीपूर्ण बन्यो ।

सुशासनसम्बन्धी ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा गरिएको अध्ययनमा डेनमार्क, फिनल्यान्ड, न्युजिल्यान्ड, नर्वे, सिंगापुर, स्विडेन, स्विट्जरल्यान्ड, नेदल्यान्ड, जर्मनी, अस्ट्रेलिया तथा लक्जेम्बर्ग विश्वका सबैभन्दा कम भ्रष्टाचार हुने समूहमा परेका छन् । ०२४ को प्रतिवेदनमा अमेरिका २८औं, चीन ७६औं, भारत ९६औं र नेपाल १०७औं स्थानमा रहे । निरंकुश, अप्रजातान्त्रिक र द्वन्द्वग्रस्त अवस्थामा रहेका देशहरू हाइटी, उत्तर कोरिया, लिबिया, म्यानमार, यमन, साउथ सुडान, सिरिया, भेनेजुएला, अफगानिस्तान र सोमालिया आदि विश्वमै सर्वाधिक भ्रष्ट मुलुकमा दरिए ।

टेरामक्स मुद्दाले 'तहल्का' मच्चाएको भए पनि विगतका अख्तियारका मुद्दा हेर्दा 'वाहवाही' गर्नुपर्ने अवस्था भने छैन । काठमाडौंको बानेश्वरको खानेपानी संस्थानका कार्यालय सहायक ध्रुव वाग्लेले खानेपानीको धारा जडान गर्ने क्रममा सडक खन्न ६ हजार खर्च लाग्ने र त्यो काम आफैं गरिदिने भनेर सेवाग्राहीबाट रकम लिए । ग्राहकले घुस माग्यो भन्दै अख्तियारमा उजुरी गरे । निज वाग्लेलाई पक्राउ गरेर विशेष अदालतमा मुद्दा दर्ता गरियो । विशेष अदालतले निजलाई सफाइ दियो । अख्तियार फेरि सर्वोच्च अदालतमा पुग्यो । सर्वोच्चले यस्ता सानातिना मुद्दामा राज्यको साधन-स्रोत खर्च गर्नुको औचित्य छैन भन्दै विशेष अदालतको फैसला सदर गर्दै निजलाई सफाइ दियो (ने.का.प. २०७७, अंक ६, नि.नं.१०५१८) ।

धेरै मुद्दामा आयोगले संविधान र कानुनले नदिएको अधिकार प्रयोग गऱ्यो । अनेकौं प्रभावमा परेर आयोगले कुनै काम रोक्न वा नरोक्न, गर्न वा नगर्न निर्देशनात्मक पत्र लेख्यो । त्यस्तोमा 'जुन कामको प्रत्यक्ष रूपमा अधिकार क्षेत्र हुन्न त्यो कामको अप्रत्यक्ष रूपमा पनि अधिकार क्षेत्र ग्रहण गर्न नसकिने' भनेर संस्था दर्ता ऐन, २०३४ को अधिकारभित्रको विषयमा समेत पत्र काटेकामा सर्वोच्च अदालतले आयोगलाई सचेत गरायो (निर्मल तुलाधरसमेत विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ने.का.प. २०७७, अंक ६, नि.नं.१०५१०) । राज्यका हरेक अंग तथा पदाधिकारीका कामकारबाही र क्रियाकलाप कानुनसम्मत हुनुपर्छ । कोही पनि कानुनभन्दा बाहिर जान सक्दैन । कुनै पनि निकायले जतिसुकै राम्रो परिणाम आउने काम गरे पनि त्यो काम गर्न नभएको अधिकार प्रयोग गरी निर्णय भएको छ भने त्यस्तो निर्णयले वैधता प्राप्त गर्न सक्दैन । किनकि, कानुनी शासनमा कानुनबमोजिम भए-गरेका कामले मात्र कानुनी मान्यता पाउने भनेर सर्वोच्च अदालतले अख्तियारको आदेश बदर गऱ्यो (गोले मगरसमेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत, ने.का.प. २०७०, अंक २, नि.नं.८९६०, पृ.२२६) ।




> पोखरा विमानस्थलमा अर्बौं भ्रष्टाचार भएको संसदीय छानबिन समितिको प्रतिवेदनसम्बन्धी चर्चा सेलाउन नपाउँदै टेरामक्स खरिदमा भएको अनियमितताबारे मुद्दा दर्ता भएपछि भ्रष्टहरूको मनमा द्वयांग्रो ठोकेको हुनुपर्छ

अध्यागमन विभागका कर्मचारीले एकजनाको नाममा आएको भिसाबाट अर्कै व्यक्तिको फोटो टाँसी विदेश पठाएको भन्दै अख्तियारले प्रतिवादीलाई विशेष अदालतमा मुद्दा दर्ता गऱ्यो । जसमा सरकारी कर्मचारीले सेवाग्राहीबाट १५ हजार घुस लिए भन्ने आरोप थियो । विशेष अदालतले प्रतिवादीलाई जनही तीन महिना कैद र तीस हजार जरिवाना गऱ्यो । प्रतिवादी आफूहरू अन्यायमा परेको भन्दै सर्वोच्च पुगे । सर्वोच्चले प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीले प्रमाण पुऱ्याउन नसकेको भन्दै सफाइ दियो (प्रतिवादी देवर्षि सापकोटा वि. वादी नेपाल सरकार, ने.का.प. २०७६, अंक १०, नि.नं.१०३७६) । यसरी सानातिना मुद्दा र विषयमा अख्तियार बारम्बार अल्झेको पाइयो ।

विगतमा ठुला भ्रष्टलाई कारबाही नभएको भने होइन । नेपालको भ्रष्टाचारसम्बन्धी प्रहरीको सुडान घोटालाका दोषीलाई अन्तिम अदालतबाट सजाय भयो । संयुक्त राष्ट्र संघको सुडान मिसनका लागि सफाइ दिएका घटना धेरै छन् । रामेछाप स्थायी घर भएका तातोपानी भन्सार कार्यालयका खरिदार भरतप्रसाद घिमिरेले भ्रष्टाचार गरेको भन्दै अख्तियारद्वारा विशेष अदालतमा मुद्दा दायर गऱ्यो । प्रतिवादी घिमिरेको काठमाडौं र भक्तपुर जिल्लाका विभिन्न स्थानमा घरजग्गा तथा भौतिक सम्पत्ति थियो । परिवारका सदस्यका नाममा पनि सम्पत्ति देखिन्थ्यो । सातजना दाजुभाइमध्ये भाइ नारायण घिमिरेको काठमाडौंको न्युरोडमा जि.एन. इन्टरनेसनल नामक इम्पोर्ट कम्पनी थियो । परिवारका सदस्यका नाममा बैंकहरूमा नगद थियो । 'अर्काको नाममा रहेको रकम यिनै प्रतिवादीको हो भन्ने आधार देखिएन' भन्दै सर्वोच्च अदालतद्वारा घिमिरेलाई सफाइ दिइयो (नेपाल सरकारविरुद्ध भरतप्रसाद घिमिरे, ने.का.प. २०७३, अंक २, नि.नं. ९५४५) ।

'उजुरी'का नाममा सानातिना मुद्दामा अख्तियारबाट धेरैले दुःख पनि पाए । डिभिजन सडक कार्यालय दमौली तनहुँका इन्जिनियरको झोला खानतलासी गर्दा दुई लाख साठी हजार नगद भेटिएको भन्ने सामान्य विषयमा आयोगद्वारा भ्रष्टाचार मुद्दा दायर गरियो । जसमा विशेष अदालतले भ्रष्टाचार भएको फैसला गऱ्यो । सर्वोच्च अदालतले 'केही रकम कसैबाट बरामद भयो भन्दैमा घुस नै हो भन्न मिल्दैन' भनी विशेषको फैसला उल्ट्याई सफाइ दियो (प्रतिवादी नवराज भण्डारी वि. नेपाल सरकार, ने.का.प. २०७८, अंक १, नि.नं. १०६३५) ।

सार्वजनिक चर्चामा 'तहल्का' मच्चाउन नीतिगत र करारीय विषयमा पनि आयोगले मुद्दा चलायो । नेपाल वायु सेवा निगमका तत्कालीन अध्यक्ष सुगतरत्न कंसाकारले न्यारो बडी र वाइड बडीका विमान खरिदमा भ्रष्टाचार गरे भन्ने कुरा सञ्चार माध्यमले प्रसारण र प्रकाशन गरे । विमान खरिद कार्यका लागि करार भएकामा भ्रष्टाचार भएको भन्दै संसद्को सार्वजनिक लेखा समितिमा 'बेनामे उजुरी' हालियो । सोही आधारमा निजविरुद्ध भ्रष्टाचारमा मुद्दा चलाइयो । विशेष अदालतले प्रतिवादीलाई सफाइ दियो । मुद्दा सर्वोच्च पुग्यो । सर्वोच्चको फैसलामा 'स्वायत्त संस्थाले कानुनबमोजिम करार गर्छ भने करार कार्यान्वयनको सिलसिलेलामा सिर्जना हुने हरेक कामका लागि फौजदारी दायित्व बहन गर्ने गरी व्यक्तिगत उत्तरदायी बनाउनुहुँदैन' भन्दै कंसाकारलाई सफाइ दियो (वादी नेपाल सरकार वि. प्रतिवादी नेपाल वायु सेवा निगमका तत्कालीन अध्यक्ष सुगतरत्न कंसाकार, ने.का.प. २०६९, अंक ७, नि.नं.८८५९) । यसरी सार्वजनिक चर्चामा 'आयोगले गरेको हल्लाखल्ला' भएको भए पनि आयोगमाथि प्रश्न र आशंका हट्न सकेका छैनन् । टेरामक्स भ्रष्टाचारको मुद्दाले 'तहल्का' पैदा गरे पनि 'अन्य'बारे आयोगले मौनता साध्यो । यद्यपि, भ्रष्टाचारको छानबिनपछि न्यायिक निकायमा कानुनी कारबाहीका लागि मुद्दा दर्ता हुनुलाई गलत भन्न मिलेन । ठुला भ्रष्टाचारमा मुछिएकालाई छानबिनको दायरामा ल्याउनैपर्छ । यसलाई सुशासनको आधारभूत पाइला मान्नुपर्छ । टेरामक्स मुद्दा हल्ला मात्र हो कि तहल्का नै हो भन्ने कुरा अदालती फैसलापछि मात्र प्रमाणित हुनेछ ।

*(डा. सिलवाल अधिवक्ता हुन्)*

> ठुला भ्रष्टाचारमा मुछिएकालाई छानबिनको दायरामा ल्याउनैपर्छ । हाल चर्चामा रहेको टेरामक्स मुद्दा हल्ला मात्र हो कि यो तहल्का नै हो भन्ने तथ्य अदालती फैसलापछि मात्र प्रमाणित हुनेछ ।

सामान खरिदसम्बन्धी विषयमा ठेकेदार शम्भु भारतीको कम्पनीमार्फत गुणस्तरहीन सामान खरिद गरी ४० करोड भ्रष्टाचार गरेको मुद्दामा नेपाल प्रहरीका तत्कालीन प्रहरी महानिरीक्षक ओमविक्रम राणालगायतको संलग्नता थियो । त्यसमा पनि पोखराको विमानस्थल निर्माणसम्बन्धी विषयमा जस्तै संसदीय छानबिन समितिले अध्ययन गरेको थियो । तत्कालीन संसद्को राज्य व्यवस्था समितिको छानबिन प्रतिवेदनका आधारमा आयोगले ओमविक्रम राणालगायतलाई प्रतिवादी बनाएर मुद्दा दायर गऱ्यो । जसमा उनलाई एक वर्ष कैद र १७ करोड ६ लाख जरिवानाको फैसला भयो । ठेकेदार भारतीलाई समेत एक वर्ष कैद र १४ करोड २० लाख जरिवाना हुने आदेश सर्वोच्च अदालतले गऱ्यो (ने.का.प.२०७४, अंक ११, नि.नं.९८९८) ।

ठुला भ्रष्टाचारसम्बन्धी मुद्दामा भ्रष्टाचार भएको प्रमाण र आधार देखिए पनि 'प्रमाण' नपुगेको भन्दै अदालतले

## ३ प्रश्न

अर्थशास्त्री **केशव आचार्य**लाई



**१० महिनामा लक्ष्यभन्दा दुई खर्ब पाँच अर्ब राजस्व कम उठ्नुले के संकेत गर्छ ?**

आव ०८०/८१ को भन्दा ३० प्रतिशत बढी राजस्वको लक्ष्य आफैंमा अति महत्त्वाकांक्षी थियो । भन्सार, अन्तःशुल्क आदि जेजे भने पनि घुमाईफिराई हाम्रो राजस्वको मुख्य स्रोत आयात नै हो । आयात छट्नासाथ राजस्व कम उठ्नु स्वाभाविक हो । हाम्रो राजस्व प्रशासनलाई पनि अति गिजोलियो । विशिष्टीकृत सेवा भए पनि कर्मचारीको सरुवा अति छिटोछिटो गरिन्छ । जसले गर्दा राजस्व प्रशासनको प्राविधिक पक्ष बुझ्न नपाउँदै कार्यालय छाड्नुपर्छ । चालू आवमा सरकारले ८० अर्बभन्दा बढी राजस्व छुट दिएको पनि समाचार आएको छ । यस्ता विभिन्न कारणले लक्ष्यअनुसार राजस्व उठ्न नसकेको हुनुपर्छ ।

**लक्ष्यअनुसार राजस्व उठ्न नसकिरहेको अवस्थामा एक खर्ब ८८ अर्ब सार्वजनिक ऋण बढ्नुले अर्थतन्त्रमा कस्तो प्रभाव पर्ला ?**

यो बडो दुर्भाग्यपूर्ण अवस्था हो । विगतमा माओवादी द्वन्द्व उत्कर्षमा पुग्दा बढाइएका सुरक्षा निकायको संख्या द्वन्द्वसमाप्तिपछि पनि समायोजन नगरी कायमै राखियो । सामाजिक सुरक्षालगायत खर्च पनि लगातार बढिरहेको छ । चालु खर्च घटाउने र पुँजीगत खर्च बढाउने दिशातिर ध्यान दिइएको छैन । कटौती गर्ने नमिल्ने अनिवार्य दायित्व नै १२ खर्बभन्दा बढी पुगिसकेको छ । यसले गर्दा राजस्व र खर्चको तालमेल मिल्न नसक्दा सार्वजनिक ऋणको मात्रा बढ्दै गएको हो ।

**यी दुवै समस्याबाट जोगिन आगामी दिनमा कस्तो रणनीति अपनाउनु ठिक होला ?**

सबैभन्दा पहिले खर्च कटौतीका उपाय अपनाउनुपर्छ । यसका लागि संविधानअनुसार स्थानीय र प्रदेश तहलाई थप सशक्त बनाएर संघका अधिकार कटौती गरी प्रशासनिक पुनर्संरचना गर्नसकेमा तीन खर्बभन्दा बढी खर्च बचाउन सकिने बाटो त डिल्लीराज खनालको प्रतिवेदनले देखाएकै छ । यसका लागि प्रशासनिक संघीयतासँगै वित्तीय संघीयता पनि बलियो बनाउन जरुरी छ ।

प्रेरक प्रसंग

## भाग्यमानी भ्यागुता

एउटा भ्यागुतो एक पोखरीको छेवैबाट जाँदै थियो । उसले अर्को भ्यागुतोको दुःखी आवाज सुन्यो । ऊ रोकिएर आवाजतिर फर्कियो । त्यहाँ एउटा भ्यागुतो बडो दुःखी देखिन्थ्यो । पहिलो भ्यागुतोले दोस्रो भ्यागुतोलाई सोध्यो- के भयो, दुःखी देखिन्छौ नि मित्र ?

दोस्रो भ्यागुतोले जवाफ दियो- देख्दैनौ, यो पोखरी कति फोहोर छ । यहाँ बाँच्न निकै कठिन छ । पहिला यहाँ कति धेरै किरा, फट्यांग्रा पाइन्थे । अहिले केही खानेकुरै पाइँदैन । भोकै मर्ने अवस्था आइसक्यो ।

पहिलो भ्यागुतोले भन्यो- चिन्ता नगर मित्र ! म नजिकैको पोखरीमा बस्छु । त्यो सफा पनि छ र त्यहाँ धेरै किरा, फट्यांग्रा पनि पाइन्छन् । आऊ, तिमी पनि त्यतै हिँड ।



के गर्नु, यहीं धेरै किरा, फट्यांग्रा पाइने भए मलाई कते चल्नु पनि पर्ने थिएन । दोस्रो भ्यागुताले दुःखी हुँदै भन्यो । पहिलोले सम्झाउँदै भन्यो- तिमी उता गयौ भने पेटभरि किरा खान पाउनेछौ । दोस्रोले दुःखी हुँदै भन्यो- मेरो जिब्रो तिम्रो पोखरीसम्म पुग्ने भइदिएको भए यहीं बसीबसी किरा समातेर खान सक्थें नि ! पहिलोले सम्झाउँदै भन्यो- तिम्रो जिब्रो त्यति लामो हुन सक्दैन भन्ने तिमीलाई पनि थाहा छ । यस्तोमा बेकारको कुरा सोचेर समय खेर नफाल । खुरुक्क हिँड ।

दुवै कुराकानी गर्दै थिए । त्यहाँ एउटा ठुलो बकुल्लो पोखरीको किनारमा आएर बस्यो । दोस्रो भ्यागुतोले लगभग रुँदै भन्यो- हे भगवान्, यति ठुलो विपत्तिसँगै फेरि अर्को विपत्ति आइलाग्यो । यो बकुल्लो पक्कै पनि मलाई नै खान आएको हो । अब मेरो मृत्यु निश्चित छ । पहिलोले आफ्नो पोखरीतिर दौडिँदै भन्यो- हरेस नखाऊ मित्र मेरो साथ हिँड ।

दोस्रो भ्यागुतोले पहिलोलाई जाँदै गरेको हेरिरहेको थियो, त्यति नै वेला बकुल्लोले आफ्नो चुच्चोले उसलाई च्याप्प समात्यो । बकुल्लाको आहारा बन्दाबन्दै उसले मनमनै सोचिरहेको थियो- बाँकी भ्यागुता कति भाग्यमानी छन् ।

टिप्पणी

● nayapatrikaofficial
● @naya_patrika

## आरोप नलागेका कोही छैनन् ?

संसद्को सार्वजनिक लेखा समितिले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अनियमितताबारे छानबिन गर्न बनाएको उपसमितिको संयोजकमा सांसद मञ्जु खाणलाई चयन गरेको समाचार सुनियो । खाण प्रहरीदेखि अख्तियारसम्मको छानबिनको दायरामा तानिएकी पात्र हुन् । उनी दोषी छिन् या निर्दोष भनेर त छानबिन सकेर मुद्दा दायर भएपछि अदालतले निर्णय गर्ने विषय हो । तर, अहिलेलाई भने आफैं भ्रष्टाचारको विषयमा छानबिनमा परेकी सांसदले अन्य कुनै ठुलो भ्रष्टाचारको विषयमा छानबिन गर्ने उपसमितिको नेतृत्व गर्दा त्यसले कसरी पारदर्शी ढंगले अनुसन्धान गरी छानबिन गर्न सक्ला ? के कांग्रेस र एमालेमा भ्रष्टाचारको आरोप नलागेका अरू केही छैनन् ?

● **कलिका केसी**, सानेपा, ललितपुर

## किन कम उठ्यो राजस्व ?

सरकारले राखेको लक्ष्यभन्दा झन्डै दुई खर्ब पाँच अर्ब कम राजस्व उठेको समाचार पढियो । १० महिनामा लक्ष्यभन्दा दुई खर्ब पाँच अर्ब कम उठ्नु भनेको हाम्रो राजस्व उठ्ने र उठाउने ट्रेन्ड नै गलत हुनु हो । अथवा, हामी बजेटमा अनेक योजना समेट्न र खर्चका लागि रकमको स्रोत देखाउन राजस्वको लक्ष्य नै बढी राख्छौं र पछि उठ्न सक्दैन । त्यसैले, किन राजस्व कम उठ्यो, यसको खोजी गर ।

● **शोभिता कठायत**
बुटवल-५, रुपन्देही

## सार्वजनिक ऋण तिर्ने कसरी ?

चालू आवका पछिल्ला १० महिनाको अवधिमा हाम्रो सार्वजनिक ऋण एक खर्ब ८८ अर्ब ३० करोड बढेको समाचारले चिन्तित बनायो । एकातिर देशको राजस्व लक्ष्यभन्दा निकै कम उठिरहेको छ भने अर्कातिर सार्वजनिक ऋण लगातार बढिरहेको छ । यसले सरकारले आफ्नो राजस्वले सामान्य खर्चसमेत धान्न सकिरहेको छैन । यस्तो अवस्थामा खर्च नगरी नहुने चालू खर्चकै लागि पनि ऋण लिएर खर्च गर्नुपर्ने अवस्था देखिनु चिन्ताको विषय हो ।

● **सुमित नेपाल**
इचंगु, काठमाडौं

## यति धेरै बेरुजु कसरी भयो ?

सुशासन कायम राख्ने तथा भ्रष्टाचार नियन्त्रण गर्ने दाबीसाथ गठन भएको कांग्रेस-एमालेलगायत दलको सरकारको समयमा सबभन्दा बढी बेरुजु देखिनु लाजमर्दो होइन ? अहिलेसम्ममा झन्डै १३ खर्ब बेरुजु देखिएको छ । शासनसत्ता हाँक्नेहरू नै वित्तीय सुशासन कायम गर्नुको साटो भ्रष्टाचार र अनियमिततामा संलग्न हुँदा बेरुजु उकालो लागेको हो भन्नेमा कुनै शंका छैन ।

१३ खर्ब नाघिसकेको बेरुजुले राज्यकोष सञ्चालनमा मौलाएको बेथिति उजागर गर्छ । एक वर्षमै एक खर्ब बेरुजु बढ्नु भनेको देशमा भ्रष्टाचार र अनियमितता मौलाइरहेको प्रमाण हो । सरकारले बेरुजु देखिएका कार्यालयमा छानबिन गरी जिम्मेवार अधिकारीमाथि कारबाहीको डन्डा चलाएको भए यसरी हरेक वर्ष बेरुजु बढ्ने थिएन । सरकारले कडा कदम चाल्न नसक्दा सरकारी कार्यालयमा बेथिति बढेको छ । जनताले तिरेको करबाट तलबभत्ता खाने कर्मचारीले कामभन्दा दामतिर ध्यान दिन्छन् । तर, यसको नियमन कहीँबाट भएको छैन । सरकारी कर्मचारीलाई सिस्टममा राख्न नसक्दा समस्या बढ्दो छ ।

राज्यकोषबाट भएको अपारदर्शी खर्चलाई महालेखाले बेरुजु देखाउँछ । पाँच हजार ७५९ सरकारी कार्यालय, संगठित संस्था तथा अन्य संस्थाको ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण गर्दा सो परिमाणको बेरुजु आएको भन्ने समचार माध्यमले जनाएका छन् । तर, हरेक वर्ष बेरुजु किन बढ्यो ? बेरुजु देखिएका कार्यालयमा कार्यरत कर्मचारीलाई कारबाही गर्नुपर्छ कि त्यत्तिकै छाड्ने हो ? यसतर्फ भने राज्यको ध्यान नजानु विडम्बना हो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

# कुर्दिस पृथक्तावादी आन्दोलनको विघटन र टर्की

**पिकेकेे विघटनले टर्की मात्र नभई समग्र मध्यपूर्वकै लागि एक ऐतिहासिक परिवर्तनको संकेत गरेको छ**



देश / विदेश

● सिनान उल्जेन

विश्वकै सबैभन्दा लामो समयदेखि चलिरहेको सशस्त्र विद्रोह एक्कासि अन्त्य भएको छ । टर्की सरकारका निकायलाई पहिलोपटक आक्रमण गरेपछि करिब चार दशकपछि कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) ले आफैंलाई विघटन गर्ने र हातहतियार बिसाउने निर्णय गरेको छ । यस निर्णयले टर्कीका लागि मात्र नभई समग्र मध्यपूर्वकै लागि एक ऐतिहासिक परिवर्तनको संकेत गरेको छ ।

सन् १९७० को दशकको अन्त्यतिर अहिले जेलमा रहेका अब्दुल्लाह ओजलानले स्थापना गरेको पिकेके मुख्यतया स्वतन्त्र कुर्द राष्ट्र स्थापना गर्ने लक्ष्यबाट प्रेरित थियो र यसले टर्कीमा बसोवास गर्ने कुर्द अल्पसंख्यकको राजनीतिक अधिकार सुनिश्चित गर्ने चाहनासमेत राख्थ्यो । तर, विभिन्न आन्तरिक तथा अन्तर्राष्ट्रिय कारणले गर्दा अब यसका नेताले हिंसा परित्याग गर्ने निर्णय लिएका देखिन्छन् ।

आन्तरिक राजनीतिक अवस्थाबाटै विषयमा प्रवेश गरौं । दुई कार्यकालका राष्ट्रपति रहेका रिसेप तैयप एर्दोगानले तेस्रो कार्यकालका लागि उम्मेदवारी दिने इच्छा स्पष्ट पारिसकेका छन् । यसको अर्थ उनले टर्कीको संविधान संशोधन गर्नुपर्नेछ वा संसद्लाई समयअगावै निर्वाचनसम्बन्धी विधेयक पारित गर्न राजी गराउनुपर्नेछ । यी दुवै अवस्थामा सफलता प्राप्त गर्न उनलाई आफ्नो सत्तारुढ गठबन्धन (उनको जस्टिस एन्ड डेभलपमेन्ट पार्टी (एकेपी) र उग्र-दक्षिणपन्थी नेसनलिस्ट मुभमेन्ट पार्टी (एमएचपी) को गठबन्धन) को क्षमताभन्दा बढी समर्थन आवश्यक पर्छ ।

टर्कीको तेस्रो ठुलो दल, कुर्द समर्थक पिपुल्स इक्वालिटी एन्ड डेमोक्रेसी पार्टी (डिइएम) ले त्यस्तो आवश्यक मत प्रदान गर्न सक्छ । संविधान संशोधनका लागि संसदीय प्रयासमा डिइएमलाई सहभागी गराउने उद्देश्यले 'कुर्द मूलधारीकरण'का लागि बाटो खोलिएको छ, जुन टर्कीका कुर्दहरूको राजनीतिक र सांस्कृतिक अधिकारलाई विस्तार गर्ने योजनाअन्तर्गत डिजाइन गरिएको थियो । र, यसको सट्टामा पिकेकेलाई विघटन गर्ने र टर्की राज्यविरुद्धको आतंककारी अभियान अन्त्य गर्ने सहमति गरिएको थियो । पिकेकेले विघटन हुने निर्णय लिनुमा अन्तर्राष्ट्रिय घटनाक्रमले पनि ठुलो भूमिका खेलेको थियो । यी घटनाक्रमले सो समूहलाई तीव्र दबाबमा पारेको थियो । गएको डिसेम्बरमा सिरियाली राष्ट्रपति बसर अल-असद (जसले टर्कीलाई कमजोर पार्न पिकेकेलाई संयन्त्रका रूपमा प्रयोग गरेका थिए) अपदस्थ भए र नयाँ सिरियाली सत्ताबाट टर्कीलाई अस्थिर पार्ने कुर्द प्रयासलाई समर्थन मिल्ने देखिँदैन ।



तस्बिर : डिएगो कुपोलो/नुरफोटो

अमेरिका पनि अब पिकेके सम्बद्ध समूहबाट टाढा हुँदै गएको छ, जब कि कुनै एक समय यी समूहले इस्लामिक स्टेटविरुद्धको लडाइँमा मुख्य भूमिका खेलेका थिए । पूर्वराष्ट्रपति जो बाइडेनको प्रशासनले सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ) जस्ता अमेरिकी सहयोगी कुर्द समूहलाई लगभग विनासर्त समर्थन गरेको थियो । डोनाल्ड ट्रम्प भने अमेरिकी राष्ट्रिय हित टर्कीसँगको सम्बन्ध सुदृढ गरेर हासिल हुने विश्वास गर्छन् र यसले सिरियामा राजनीतिक स्थायित्व प्रभावकारी ढंगले हासिल हुनेमा पनि उनी विश्वास गर्छन् ।

पिकेकेको निर्णयमा प्रभाव पार्ने अन्तिम तर चर्चा कम भएको कारण भनेको टर्कीले ड्रोन प्रविधिको प्रयोग बढाउँदै सीमा सुरक्षालाई बलियो बनाएको तथ्य हो । र, टर्की सीमाभन्दा बाहिर इराकको भूमिमा समेत पुगेर वरिष्ठ पिकेकेे कमान्डरलाई तारो बनाएको पनि थियो । यसले पिकेकेको सञ्चालकीय तथा आपूर्ति क्षमतामा ठुलो धक्का पुऱ्याएकाले गर्दा विद्रोहको भविष्यबारे समूहले आधारभूत ढंगले पुनर्मूल्यांकन गरेको सम्भावना उच्च देखिन्छ । यी तमाम कारणको संयोजनले टर्कीका लागि कुर्द समस्यालाई हिंसात्मक अभियानविना समाधान गर्ने एक अवसरको ढोका खोलिदिएको छ । तर, सशस्त्र संघर्षको युगबाट शान्ति र समावेशिताको युगतर्फ सफल संक्रमण गर्न एर्दोगानको सरकारलाई दुई प्रमुख मोर्चामा उपलब्धि हासिल गर्नुपर्नेछ । पहिलो हो, पारदर्शिता । पिकेकेको लामो हिंसात्मक इतिहासले टर्की समाजमा गहिरो वैमनस्य जन्माएको छ, जुन स्वाभाविक पनि हो । त्यसैले पिकेके र टर्की सरकारबिच भएका वार्तासँग सम्बन्धित सम्झौता र लेनदेन स्पष्ट र खुला रूपमा सम्प्रेषण गर्नु अत्यन्त आवश्यक छ । उदाहरणका लागि सिरियामा रहेका पिपुल्स प्रोटेक्सन युनिट्स (वाइपिजी) सम्बद्ध समूहले पनि हातहतियार बिसाउनेछ कि छैन भन्ने प्रश्न उठ्न सक्छ । संसद् र विशेषतः प्रमुख विपक्षी दलले यो संवेदनशील प्रक्रियालाई मार्गदर्शन गर्न केन्द्रीय भूमिका निर्वाह गर्नुपर्नेछ ।

दोस्रो मोर्चा हो, लोकतन्त्र । यो ऐतिहासिक अवसर तब मात्र सफल हुन सक्छ, जब वास्तविक लोकतान्त्रिक सुधार गरिन्छन् । जसमा न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्ने र अभिव्यक्ति तथा संगठित हुने स्वतन्त्रतालाई प्रवर्द्धन गर्ने विश्वसनीय कदम पनि सामेल छन् । एर्दोगान सरकारले यस क्षेत्रमा छिटो उपलब्धि हासिल गर्न युरोपेली मानव अधिकार अदालतका हालैका फैसलाको पालना गर्न सक्नेछ, जसमा कुर्द राजनीतिक नेता सेलाहत्तिन देमिर्तासको रिहाइको माग पनि पर्छ । जेलमा रहेका पिकेकेका नेता अब्दुल्लाह ओजलानलाई रिहा गरिने हो भने सरकारले इस्तानबुलका मेयर एकरेम इमामोलु, उग्र-राष्ट्रवादी भिक्ट्री पार्टीका नेता उमित ओजदागलगायत अन्य राजनीतिक बन्दीले भोगिरहेका अवस्थाको पनि सम्बोधन गर्नु उपयुक्त हुनेछ ।

पिकेके विघटनले एक नयाँ र समावेशी टर्की निर्माण गर्ने ऐतिहासिक अवसर दिएको छ । पिकेकेको आतंकवादबाट देशले पाएको स्वतन्त्रतालाई दिगो बनाउन लोकतन्त्रलाई थप व्यापक रूपमा सुदृढ गर्नु आवश्यक छ । यस्तो पहलले टर्कीलाई मात्र नभई समग्र मध्यपूर्वमा हिंसात्मक कार्यमा संलग्न समूहलाई पनि राजनीतिक विद्रोहको अन्त्यले दीर्घकालीन र समावेशी शान्तिको बाटो खोल्न सक्छ भन्ने देखाउनेछ ।

*(उल्जेन टर्कीका पूर्व-कूटनीतिक अधिकारी हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# हिन्दु राष्ट्रको विषय जनमतसंग्रहबाट टुंगो लगाउनुपर्छ



अन्तर्वार्ता **डा. शेखर कोइराला,** नेता, कांग्रेस तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

*सत्तासाझेदार कांग्रेसका नेता डा. शेखर कोइराला संविधान संशोधन, राजनीतिक स्थिरता, सुशासनसहितका एजेन्डामा दुई ठुला दल एक ठाउँ उभिएर सरकार बनाउन एमालेसँग सुरुवाती पहल गर्ने नेता हुन् । तर, कांग्रेस-एमालेको सरकार बनेपछि भने कार्यशैली ठिक नभएको भन्दै असन्तुष्ट मात्रै छैनन्, सार्वजनिक मञ्चमै खरो आलोचना पनि गरिरहेका छन् । प्रमुख प्रतिस्पर्धी दुई ठुला दलको सरकार सुशासन दिनेभन्दा स्वेच्छाचारी बन्दै गएको निष्कर्ष नजिक पुगेका छन् । कांग्रेसको आगामी महाधिवेशनमा सभापतिको दाबेदारी घोषणा गरिसकेका कोइरालासँग नयाँ पत्रिकाका* ***खगेन्द्र पन्त*** *र* ***कमलराज भट्टले*** *गरेको संवाद :*

**हिन्दु राष्ट्रका सन्दर्भमा संविधान संशोधन वा जनमतसंग्रहमार्फत निर्णय लिन सकिन्छ । मैले संविधान बनाउँदा नै हिन्दु राष्ट्रको कुरा गरेको हो । संविधान निर्माण गर्दा देशभरबाट जनताका सुझाव संकलन पनि गर्‍यौं । तर, त्यसका पोका नै खुलेनन् । कि ती पोका खोल्नुपर्‍यो वा जनमतसंग्रह गर्नुपर्‍यो । जनमत संग्रहले बहुदललाई हराउँदा बिपी कोइरालाले स्वीकार गरेको पार्टी हो कांग्रेस । हामी त बिपीका अनुयायी हौं । जनमतसंग्रहमा जाँदा आत्तिन हुँदैन ।**

**अघिल्लो कांग्रेस–माओवादी गठबन्धन ढालेर संसद्का ठुला दल कांग्रेस–एमालेको नेतृत्वमा सरकार बनाउनुपर्छ भनी जति उत्साहसाथ सक्रिय हुनुभएको थियो, सरकार बनेपछि त्योभन्दा कैयौं गुणा निराश देखिनुभयो । सरकार बनेको केही दिनदेखि नै आलोचना गर्न थाल्नुभयो । जुन अहिले झन् बढेको छ । किन ?**

त्यसरी हेर्नुभएन । अहिले म आलोचनात्मक हिसाबले हेरिरहेको हुन्छु । हामी सरकारमा छौं । तर, कोसित छौं भन्दा एमालेसँग । जो हाम्रो भोलिको पनि प्रतिस्पर्धी हो । त्यसैले अलिकति सचेत हुनुपर्‍यो । पार्टीका तर्फबाट प्रदेशदेखि संघसम्म जो सरकारमा मन्त्री हुनुहुन्छ, इन्क्लुडिङ सभापतिजी (शेरबहादुर देउवा), उहाँहरूले सहकार्य गरेरै जानुपर्छ । अर्को विकल्प छैन । तर, जो हामी बाहिर छौं, सरकारको रचनात्मक आलोचना गरिरहनुपर्छ, गलत गरेको छ भने गलत भइराख्या छ है भनेर सचेत गराइरहनुपर्छ । त्यसैले मैले भन्ने गरेको छु, हामी सरकारमा त छौं, तर सत्ता हाम्रो हातमा छैन । म कांग्रेसको सांसद हो । तर, यसको अर्थ सरकारले गरेका सबै कामको समर्थन गर्ने भन्ने होइन । गलत कामलाई गलत भन्न सक्यो भने मात्रै हामी बिपी कोइरालाका अनुयायी हुन्छौं । गलत काम भइरहेको छ । त्यसैले बोलिराख्या छु ।

**एमालेसँग सहकार्य गरेर त्यतिबेला तपाईं आफैं प्रधानमन्त्री बन्ने योजनासहित लाग्नुभएको थियो । तर, अन्तिम समयमा तपाईलाई पनि उछिनेर शेरबहादुर देउवा, गगन थापाहरू अगाडि आएपछि योजना सफल भएन, त्यसकारण तपाईं आफ्नै दल सम्मिलित सरकारको आलोचनामा उत्रिनुभयो भन्ने आरोप पार्टीभित्रैबाट पनि लाग्ने गरेको छ नि ?**

त्यो एकदम गलत कुरा हो । मैले के देखेँ भने कांग्रेस र माओवादी मिलेर हामी चुनाव लड्यौं । तर, सरकार माओवादीको नेतृत्वमा एमालेको बन्यो । दुई महिना पनि बितेको छैन, फेरि माओवादी र कांग्रेसको सरकार बन्यो । त्यसपछि फेरि माओवादी र एमालेको बन्यो । यसरी समीकरण परिवर्तन हुँदा परिस्थिति मैले सोचेकोजस्तो भइराखेको थिएन । मलाई के लाग्यो भने यो त देशको निम्ति एकदमै घातक छ । हरेक दुई-चार महिनामा सरकार परिवर्तन हुन थाल्यो भने कसरी देश अगाडि बढ्छ भनेर मैले साथीहरूसित पनि अलिअलि छलफल गरेँ । अनि, ओली (एमाले अध्यक्ष केपी ओली)जी सित बालकोटमा दुई-तीन राउन्डै कुरा भयो ।

ओलीजीसित कुरा हुँदा दुई-तीनवटा विषयमा सहमति भयो । एउटा त समानुपातिक समावेशीलाई डिस्टर्ब नगरी कुनै एउटा दलको बहुमत आउने हिसाबले संविधान संशोधन जरुरी छ । यसका लागि विज्ञसँग कुरा गर्ने भन्ने थियो । त्यसपछि आर्थिक वृद्धि, सुशासनका कुरा भए । संविधान संशोधनमा त एक-दुई राउन्डमा हामी अझ घोत्लिएरै कुरा गर्‍यौं । मलाई के लाग्यो भने कांग्रेस र एमाले मिल्यो भने काम गर्न सकिन्छ । किनकि, ०४६ को आन्दोलनपछि अन्तरिम सरकारमा हामी सँगै थियौं । ०६२/०६३ को आन्दोलनपछि पनि सँगै भयौं । ०६४ मा हामीले एउटा सन्देश दियौं । सुशील कोइरालाको नेतृत्वमा पनि एमालेसित हामी सँगै अगाडि बढ्यौं । संविधान पनि आयो । मैले यिनै कुरा सोचेर एमालेसँग सहकार्य गर्न अग्रसरता लिएको हो । फेरि शेरबहादुरजीसँग सल्लाह गरेरै गएको हो । ओलीसित कुरा गरिसकेपछि आएर 'यस्तो भएको छ है सभापतिज्यू' भनेर बताउँथें । मान्छेले मलाई त्यसै चार्ज लगाए । तर, त्यसमा सत्यता छैन ।

**त्यसो भए तपाईले नै सुरुवात गरेको छलफलको जगमा कांग्रेस–एमालेबिच संविधान संशोधन, सुशासन, राजनीतिक स्थायित्व, सुस्ताएको अर्थतन्त्र चलायमान बनाउनेलगायत सातबुँदे सहमति भएको रहेछ । अहिले कार्यान्वय भइरहेका छन् त ती सहमति ? कति सन्तुष्ट हुनुहुन्छ ?**

एउटा बुँदा पनि कार्यान्वयन भएको छैन । म अलिकति पनि सन्तुष्ट छैन । संविधान संशोधन त प्रधानमन्त्रीजीले नै ०८६ पछि मात्रै हुन्छ भनिदिसक्नुभयो । जबकि, उहाँहरूले पहिलो एजेन्डा नै संविधान संशोधन गर्ने भनेर ल्याउनुभएको हो, संसद्को रोस्टममा उभिएर प्रधानमन्त्रीजीले नै बोल्नुभएको हो । अब राष्ट्रिय सभामा दुई दलको दुईतिहाइ छैन भनेर ०८६ पछि मात्रै हुन्छ भन्नका लागि संविधान त कांग्रेस र एमालेको डकुमेन्ट मात्रै त होइन होला नि ! संविधान भनेको 'पिपल्स डकुमेन्ट' हो नि ! त्यसैले, संविधान संशोधन गर्न सबै दलको प्रतिनिधित्व हुनपर्छ । यो गर्न कसले रोकेको थियो ? मलाई पनि थाहा छ कि ६ महिनामा संविधान संशोधन हुँदैन भन्ने कुरा । तर, प्रधानमन्त्री अगाडि बढेर कांग्रेस, एमाले, माओवादी, राप्रपा, रास्वपा, मधेशी दल सबैलाई समावेश गरी संविधान पुनरावलोकनको कुरा गर्न कसले रोकेको छ ? कसैले रोक्या त छैन नि ! तर, उहाँले त्यो ०८६ मा भन्नु भनेको 'म गर्दिनँ' भन्न खोज्या हो ।

**अनि, सुशासन कस्तो छ ?**

सुशासन देखेर त म हाँस्छु । अब के भन्ने ! सुशासन छ र देशमा ? के कुरामा छ सुशासन ? एउटा कुरा बताइदिनुस् त ? उल्टै संविधान मिच्ने काम भइराख्या छ । राष्ट्र बैंकको गभर्नर खाली हुनुभन्दा एक महिनाअघि नै नियुक्त गर भनेर संविधान, कानुनमा भन्या छ । तर, हेर्नुस् त, के रमिता भइराख्या छ ? के मजाक गरेको देशासित यस्तो ? राष्ट्र बैंकको डिपुटी गभर्नरलाई 'म कसैको राजीनामा स्वीकृत गर्दिनँ' भन्ने अधिकार छ ?

त्योभन्दा अगाडि विद्युत् प्राधिकरणमा त्यस्तै भयो । कुलमान घिसिङले असल गर्नुभएको थियो वा खराब, त्यसको त भोलि लेखाजोखा होला । तर, चार महिना मात्रै उनको कार्यकाल बाँकी छँदा संसद्मै यस्तो देखियो कि प्रधानमन्त्री र ऊर्जामन्त्रीले अरू कामै नपाएकोजस्तो । एकजना व्यक्तिमाथि मात्रै खनिनुभयो । के कारणले ? अहिले आउनुभएको हितेन्द्रजी पनि राम्रो व्यक्ति हुनुहुन्छ, नराम्रो भन्दिनँ । तर, म आज उहाँहरूलाई सोध्छु- त्यो बक्यौता उठाउने काम के

## गगनजी साथमा नहुँदा पनि मलाई केही फरक पर्दैन | सरकारको सुशासन देखेर त म हाँस्छु | मेरो रोजाइ प्रधानमन्त्री होइन, पार्टी सभापति हो

भयो ? मानिलिनुस्, संसद्मा उभिएर 'जनताले आजदेखि बिजुलीको पैसा तिर्दैन, जबसम्म तिमीहरू बक्यौता उठाउँदैनौं' भनेर भन्यो भने के हुन्छ ? सोच्नुस् त ।

**गभर्नर नियुक्तिमा किन र कसका कारण ढिलाइ भएजस्तो लाग्छ ? बाहिरी कसैको चासो देख्नुहुन्छ ?**

प्रधानमन्त्रीकै कारण भन्नुपर्‍यो नि ! कायममुकायमले त्यो राजीनामा स्वीकृत गरेन भने कान्ट दे टेक एक्सन ? सिम्पल कुरा हो नि यो त । त्यहींबाट बुझिन्छ नि कसका कारण के भइराख्या छ भनेर । अब कतिले चलखेल भइराख्या छ पनि भन्छन् । त्यो मलाई थाहा नभएको कुरा हो । तर, चिन्ता छ । औपचारिक र अनौपचारिक हिसाबले देशमा महिनामा दुई खर्ब रुपैयाँ रेमिटेन्स आउँछ । एक खर्ब ३९ अर्ब त त्यसै आइराख्या छ । अनौपचारिक हिसाबले पनि आउँछ । यसको अर्थ ५० लाख मान्छेले ४० हजार रुपैयाँ महिनाको पठाइरहनुपर्ने रहेछ । त्यो सम्भव छ ? नेपालमा म सम्भव देख्दिनँ । त्यसैले, त्यो कहीं न कहीं गडबड छ । पैसाकै निम्ति राष्ट्र बैंकको गभर्नर बन्नलाई चलखेल भएको त होइन ?

**सुशासनसँगै जोडिएको विषय, लामो हिरासतपछि हालै रिहा भएका राप्रपा उपाध्यक्ष रवीन्द्र मिश्रदेखि पुर्पक्षका लागि थुनामै राखिएका रास्वपा सभापति रवि लामिछानेसम्ममाथि राजनीतिक प्रतिशोध साँधियो, राज्यबाट अनाहक दुःख दिने काम भयो भन्ने जबर्जस्त आवाज पनि उठिरहेको छ । तपाईलाई के लाग्छ ?**

रवीन्द्र मिश्र राप्रपाको उपाध्यक्ष हो । उहाँ प्रदर्शनमा जानुभयो, भाषण गर्नुभयो । त्यो घटनामा दुईजनाको मृत्यु भयो, त्यो नराम्रो भयो । त्यसमा नागरिक समाजले के खोजेको थियो भने निष्पक्ष छानबिन गरिदेऊ । एउटा पूर्वन्यायाधीशको अध्यक्षतामा कमिटी बनाएर छानबिन गरिदेऊ भनेर भन्या हो । के गलत थियो र त्यो ? तीनकुने घटनाको अझै डिटेल आउन बाँकी छ । त्यो घटनाको पुलिस इन्भेस्टिगेसनलाई अब जनता एक्सेप्ट गर्दैन क्या !

रविजी कस्टडीमै हुनुहुन्छ । उहाँले गलत गर्नुभएको रहेछ भने सजाय पनि पाउनुहोला । तर, अस्ति जुन पोखरामा (रवि पक्षलाई थाहा नदिई पेसी र सुनुवाइ) जे भयो नि, त्यो ठिक थिएन । त्यो गलत भयो भनेर त पूर्वन्यायाधीशहरूले नै बोल्नुभएको छ । यस्तो भइराख्या छ, अब के भन्ने ? त्यसैगरी, तपाईंहरूकै अखबारमा आयोडिन नुन निजी क्षेत्रलाई दिने भनेर आइराख्या थियो । सर्वोच्चले ०६१ सालमै गरेको निर्णयलाई सरकारले उल्ट्याएको रहेछ । यसले कतै व्यापारीसित मिलोमतो छ कि भन्ने देखिन्छ । ह्वाट एभर इज द रिजन ?

**प्रमुख प्रतिपक्षी दलका नेताले त सुरुदेखि नै संसद्को रोस्टममै उभिएर 'यो सरकार बिचौलियाको स्वार्थमा बनेको हो' भनेर दाबी गर्दै आउनुभएको छ । केही दिनअघि उच्चस्तरीय राजनीतिक संयन्त्रमै रहनुभएका कांग्रेस महामन्त्री गगन थापाले पनि 'बिचौलियाको पहुँच प्रधानमन्त्रीको बेडरुमसम्मै छ' भनेर बोल्नुभयो । अहिले तपाईंले पनि 'व्यापारीसँग मिलेमतो देखिन्छ' भन्नुभयो । सरकार त्यही बाटोमा हिँडिरहेको हो त ?**

सरकार गलत बाटोमा हिँडिराख्या छ । यो कुरा हामीले बोलेनौ भने कसले बोलिदिने ? म सत्ता पक्षको हो, त्यसकारण मैले सरकारलाई सपोर्ट मात्रै गरेर हिँड्नुपर्छ भन्ने जुन सोच छ नि, त्यसबाट हामी माथि उठौं क्या ! गलतलाई गलत भन्न सक्नुभएन भने त्यो नेपाली कांग्रेसको कार्यकर्ता

> सरकारको सुशासन देखेर त म हाँस्छु । सुशासन केमा छ भन्ने एउटा उदाहरण बताइदिनुस् त ? उल्टै संविधान मिच्ने काम भइराख्या छ । राष्ट्र बैंकको गभर्नर खाली हुनुभन्दा एक महिनाअघि नै नियुक्त गर भनेर संविधान, कानुनमा भन्या छ । तर, हेर्नुस् त, रमिता भइराख्या छ । के मजाक गरेको देशासित यस्तो ?



> कांग्रेस-एमालेको सरकार बन्दा भएको सातबुँदे सहमतिको एउटा बुँदा पनि कार्यान्वयन भएको छैन । म अलिकति पनि सन्तुष्ट छैन । संविधान संशोधन त प्रधानमन्त्रीजीले नै ०८६ पछि मात्रै हुन्छ भनिदिसक्नुभयो । जबकि, उहाँहरूले पहिलो एजेन्डा नै संविधान संशोधन गर्ने भनेर ल्याउनुभएको हो, संसद्को रोस्टममा उभिएर प्रधानमन्त्रीजीले नै बोल्नुभएको हो ।

नै हुँदैन । अब महामन्त्रीजीले बिचौलियावाला कुरा किन भन्नुभयो, त्यो उहाँलाई नै सोध्नुस् । मेरो सरोकारको विषय होइन । म त त्यसको अझ जडमा जान्छु । म कांग्रेसको सांसद हुँ, मन्त्री होइन । सत्ताबाहिरको हुँ । बाहिरको मानिस संयन्त्रमा बस्नै हुँदैन । नेपाली कांग्रेसले संयन्त्र बनाउने हुँदैनथ्यो, त्यहाँ पठाउने हुँदैनथ्यो ।

**तपाईं संयन्त्र बनाउनुहुन्न भन्नुहुन्छ । तर, कांग्रेस–एमालेले सहकार्यमा सजिलो हुन्छ भनेर पालिका तहसम्मै बनाए नि ?**

त्यसैले त म जहाँ जान्छु, त्यसको विरोध गर्दै छु । 'बनाउनुहुँदैन है, खबरदार बनायौ भने' भनेर भन्दै छु । यो एकदम गलत अभ्यासमा हामी जाँदै छौं । यसले बिचौलियाहरूलाई बढावा दिन्छ । एउटा उदाहरण दिन्छु, ०६२/६३ को आन्दोलनपछि केन्द्रमा सरकार बन्यो, तर आठ-१० वर्षदेखि स्थानीय सरकार थिएन । अनि के गरियो भने पालिकामा कांग्रेस, एमाले, माओवादी, मधेशमा मधेशी दलसहितको संयन्त्र बनाइयो । भागबन्डा गरेर खाए । त्यसैको विकृति अहिलेसम्म भोगिरहेका छौं ।

०६२/६३ पछि कांग्रेस, एमाले र माओवादीका जिल्ला सभापति/अध्यक्ष त कसैले छुने नसक्ने भइसकेका थिए, जे गरे पनि हुन्छ भन्ने थियो ।

**कांग्रेस–एमालेजस्ता प्रमुख शक्ति एक ठाउँ उभिँदा स्थायित्वदेखि सुशासनसम्मका काम हुन्छन् भनेर तपाईंले सोचेको र अहिले भइरहेका गतिविधिको तालमेल त देखिँदैन नि ? बरु, सुशासनभन्दा पनि स्वेच्छचारिता मौलाएको भन्न मिल्छ ?**

अब त्यसै भनौं । दुई ठुला दल मिलेर कृष्णप्रसाद भट्टराईको वेलामा पनि सरकार बन्या हो । त्यो वेला सुशासन नै थियो । दुई ठुला दल मिलेर ०६२/६३ को आन्दोलनपछि पनि सरकार बन्या हो । त्यो वेला पनि ठिकै थियो । सुशील कोइरालाको नेतृत्वमा दुई ठुला दल ठिकै थिए । त्यो सब नै सोचेर मैले भनेको थिएँ, तर अहिले त्यस्तो भएन ।

**सरकारको साझेदार भएका हैसियतले जस-अपजसको भारी त कांग्रेसले पनि बोक्नुपर्छ होइन र ?**

बोक्दैन कसले भन्छ, बोक्नुपर्छ । तपाईं सरकारमा हुने अनि त्यसको दोष म लिन्नँ है, तिमी मात्रै लेऊ भनेर एमालेलाई भन्न पाइँदैन ।

**कांग्रेसका चासो, कार्यक्रमलाई सरकारले बजेटमा समावेश नगर्ने गरी तयारी गरेको भनेर कांग्रेसकै सांसदले प्रश्न उठाइरहेका छन् नि ?**

हाम्रो संसदीय दलमै साथीहरूले यी कुरा उठाउनुभयो । यो अत्यन्त गम्भीर विषय हो । हामीले भनेका केही कुरा होलान् नि ! अब पार्टीको सभापति त हाम्रो संसदीय दलको नेता पनि हो । मुख्य परियोजनामा हामीले चुक गर्‍यौं भने, हामीले भनेका कुरा छुट्यो भने, त्यसले कांग्रेस र एमालेको दूरी त बढ्दै जान्छ नि !

**अहिले कहाँ छ त्यो दूरी ?**

अहिले ठिकै भन्छु म । त्यस्तो खराब नै भएको म देख्दिनँ । तर, राम्रो भनेर पनि म भन्दिनँ ।

**कांग्रेसको १५औं महाधिवेशन नजिकिँदै छ । विधानअनुसार ०८२ मंसिरमा महाधिवेशन हुनुपर्नेमा पूर्वतयारी देखिँदैन । समयमा हुन्छ त महाधिवेशन ?**

विधानअनुसार चार वर्षभित्र महाधिवेशन गर्नुपर्ने हुन्छ । तर, एउटा क्लज लेखेको छ, 'तापनि केही समस्या पर्‍यो भने एक वर्ष थप्ने' भनेर । हामी नेपालीको बानी नै के छ भने अन्तिममा मात्रै काम गर्ने । सभापति र पदाधिकारीमा इच्छाशक्ति हुनुपर्‍यो, मंसिरभित्र महाधिवेशन गराउन सकिन्छ । मैले आवाज उठाइरहेको छु । तर, पदाधिकारीमा इच्छाशक्ति नै छैन । हामीले बुझ्न के जरुरी छ भने महाधिवेशन समयमा गरेनौं भने पार्टी अत्यन्त कमजोर भएर जान्छ ।

**युवा, विद्यार्थी, महिला, जनजातिलगायत भ्रातृ संस्थाहरू पनि लथालिंग छन् नि ?**

तपाईं जब नेतृत्वमा आफ्नो मान्छे राख्न खोज्नुहुन्छ, समस्या त्यहींनेर आउँछ । कांग्रेसका कार्यकर्ता, जो भ्रातृ संस्थामा छन्, सबै हाम्रा हुन् भनेर सोच्नुपर्‍यो । किन शेखरको मान्छे चाहियो ? मलाई चाहिँदैन मेरो मान्छे । विधिअनुसार दिनु त पर्‍यो । आफ्नो परेन भनेर अधिवेशन नै नगर्ने ? त्यसैले कांग्रेसको आन्तरिक लोकतन्त्र बलियो बनाउन विधिसम्मत अधिवेशन हुनुपर्छ ।

**आगामी महाधिवेशनमा पनि सभापतिमा प्रतिस्पर्धा गर्ने घोषणा गर्नुभएको छ । तर, विगतमा तपाईंसँग भएका केही नेता अहिले साथमा छैनन् । तपाईंकै**

**टिमबाट महामन्त्री निर्वाचित गगन थापासँग पनि दूरी बढेको देखिन्छ । कसरी जित्नुहुन्छ ?**

तपाईंहरूले यो नेपाली कांग्रेस हो भन्ने बुझ्नुपर्‍यो । भोलि हामीले एमालेसित प्रतिस्पर्धा गर्नुपर्‍यो भने एकै ठाउँमा उभिन्छौं । महाधिवेशनमा समीकरण तलमाथि भइरहन्छन् । तपाईंले कहिल्यै सोच्नुभाथ्यो, १३औं महाधिवेशनमा शेरबहादुरजीसँग प्रतिस्पर्धा गर्नुभएको अहिलेको राष्ट्रपति रामचन्द्र पौडेलजीले १४औंमा देउवालाई सहयोग गर्नुहोला भनेर । त्यसैले चिन्ता गर्नुपर्ने अवस्था छैन । मिलाएर लैजान कोसिस गर्ने हो । मिल्छ पनि । मैले राम्रो काम गर्‍या छु भने कार्यकर्ता मसित जोडिन्छन् । मैले ६० प्रतिशत नपुर्‍याए त केही हुँदैन । यो पुर्‍याउन मैले गगनलाई पनि साथ लिनुपर्‍यो । शेरबहादुरजीका मान्छेलाई पनि साथ लिनुपर्‍यो । सबैलाई साथ लिएर नै ६० प्रतिशत पुर्‍याउने हो । आखिर शेरबहादुरजीको पनि त ४० प्रतिशत नै थियो नि त सुशील दासित लड्दा । १३औंमा उहाँले ६० प्रतिशत बनाउनुभयो नि ? यसरी हेर्नुपर्छ । १५औं महाधिवेशनमा म टिमसहित नै हुन्छु । टिम बलियो बनाउने प्रयास गर्दै छु ।

**गगन थापा तपाईंको साथमा नहुँदा पनि केही फरक पर्दैन ?**

मलाई कोही नहुँदा पनि फरक पर्दैन । सोच्नुस् न, १४औं महाधिवेशनमा अर्जुननरसिंह केसी र बलबहादुर केसीबाहेक को थियो मसित ? जहाँसम्म गगनजीसँग दूरी बढेको कुरा छ, अहिले केही भएको छैन । तपाईंहरूलाई त्यस्तो लागेको हो ।

**कोइराला परिवारकै सदस्य पनि एक ठाउँ हुनुहुन्न नि ?**

१३औं महाधिवेशनमा हामी सँगै थियौं । १४औंमा थिएनौं । १५औंमा एकैठाउँमा उभिने कोसिस गर्दै छु । मलाई विश्वास छ, एकै ठाउँमा हुन्छौं ।

**अहिले सात भाइ पूर्वपदाधिकारी पनि गठजोड गरेर अगाडि बढेको देखिन्छ, उहाँहरूको अभियानलाई कसरी लिनुभएको छ ? महाधिवेशन केन्द्रित संवाद छ कि छैन ?**

म एकदम खुसी छु । कम्तीमा उहाँहरू मिल्नु त भएको छ । मिल्न दिनुस्, राम्रो हुन्छ । तर, उहाँहरूलाई यहींबाट एउटा अनुरोध गर्छु, ०८२ मंसिरभित्र महाधिवेशन गराउने प्रयास गर्नुस् । कोठाभित्र बोलेर मात्र हुँदैन । उहाँहरूसँग संवाद भइरहेको छ । कुराकानी सकारात्मक छन् । लास्ट स्टेप त महाधिवेशन हो, त्यहाँसम्म हेर्नुपर्छ ।

**महाधिवेशन ०८२ मै हुँदा कांग्रेसको नेतृत्वमा नयाँ अनुहार हुन्छ । यही सरकार चलिरह्यो र सहमतिअनुसार एमालेले नेतृत्व हस्तान्तरण गर्‍यो भने त्यतिबेला कांग्रेसबाट प्रधानमन्त्री बन्छ । सभापति नयाँ आउँदा प्रधानमन्त्रीचाहिँ को हुन्छ ?**

मैले शेरबहादुरजीलाई पटक-पटक भनेको छु, तपाईं नै प्रधानमन्त्रीको क्यान्डिडेट हो, तर अधिवेशन समयमा गराउनुस् भनेर ।

**तपाईंले देउवालाई तपाईं नै प्रधानमन्त्री हुनुस् भन्नुभएको छ, उहाँले तपाईंलाई सभापतिमा सघाउने गरी सहकार्यको सम्भावना कति छ ?**

राजनीतिमा सबै सम्भावना जीवित हुन्छन् । तर, सम्भावना छ भनेर चुप लागेर पनि बस्दिनँ । आफ्नो काम गरिरहेको छु । उहाँले गर्नुभएन भने पनि त मैले हेर्नुपर्‍यो । उहाँले भोलि सपोर्ट गर्नुभएन भने के गर्ने ? कुरा बुझ्नुभयो नि । अहिले सातजना (पूर्वपदाधिकारी)को त्यही समस्या छ । उहाँले मलाई गर्नुहुन्छ भने ठिक छ, गर्नुभएन भने पनि म त लडेकै छु शेरबहादुरजीसित । फेरि कोही अर्को व्यक्तिसित पनि लर्डौंला, के फरक पर्छ र ?

**तपाईंले पार्टीभित्र सभापति र प्रधानमन्त्रीमध्ये एक छान्नुपर्‍यो भने ?**

मैले जहिले पनि भन्ने गर्‍या छु, म सभापतिकै क्यान्डिडेट हो ।

**हिन्दु राष्ट्रको बहस पनि कांग्रेसको औपचारिक दस्ताबेजमै पुगिसकेको छ । तपाईंको दृष्टिकोण के हो ?**

हिन्दु राष्ट्रको सन्दर्भमा संविधान संशोधन वा जनमतसंग्रहमार्फत निर्णय लिन सकिन्छ । मैले संविधान बनाउँदा नै हिन्दु राष्ट्रको कुरा गरेको हो । संविधान निर्माण गर्दा देशभरबाट जनताका सुझाव संकलन पनि गर्‍यौं । तर, त्यसका पोका नै खुलेनन् । कि ती पोका खोल्नुपर्‍यो वा जनमतसंग्रह गर्नुपर्‍यो । जनमतसंग्रहले बहुदललाई हराउँदा बिपी कोइरालाले स्वीकार गरेको पार्टी हो कांग्रेस । हामी त बिपीका अनुयायी हौं । जनमतसंग्रहमा जाँदा आत्तिन हुँदैन ।

**संवैधानिक राजसंस्था पुनर्स्थापनाको माग गर्दै राजावादी पनि आन्दोलनमा छन् नि ?**

जुनसुकै देशमा परम्परागत शक्ति हुन्छ । उनीहरूले आफ्ना कुरा राख्छन् । राप्रपाले पनि संवैधानिक राजतन्त्रको कुरा राखिरहेको छ । त्यसले केही फरक पर्नेवाला छैन । तर, हाम्रो सरकार र हामी संविधानअनुसार त्यो बोल्नै पाइँदैन भन्दै छौं । बोल्न नपाउने भए गणतन्त्र र संविधानको के अर्थ भयो ? अभिव्यक्ति स्वतन्त्रताको सन्दर्भबाट बोल्न पाउने अधिकार त हुनुपर्‍यो नि । के फरक पर्छ, उहाँहरू सडकमा आउनुहुन्छ, राजा चाहियो भन्नुहुन्छ, भन्न दिनुस् । त्यसको सम्बोधन गर्ने उपाय पनि जनमत संग्रह नै हो ।

**हिन्दु राष्ट्र र संवैधानिक राजसंस्थाका विषयमा कांग्रेसले जनमत संग्रहमा जाने निर्णय गर्न सक्छ ?**

मलाई विश्वास छ, म निर्णय गराउँछु, गराउन सकिन्छ । तपाईं विरोधीको आवाज नसुन्ने हो भने कस्तो लोकतन्त्रवादी त ? विरोधीको आवाज सुन्न सक्यो भने पो त हामी लोकतन्त्रवादी हुन्छौं । त्यसैले, उपाय छन्, निकास निकाल्न सकिन्छ ।

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

# यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा तथा सवारी) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८२/०२/०६**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणी तथा धनजमानीकर्ताको विवरण** | **धितो/धनजमानीकर्ता तथा धितोमा रहेको सम्पत्तिको विवरण**

---

१) **करण रेडिमेट शु सेन्टर**
**प्रा.फ.रं.नं.: ५३९६/९४३/०६९/७०, स्थानीय ब्यापार**
**ठेगाना : सखुवा महेन्द्रनगर -०२, धनुषा**
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुर
स्थायी लेखा नं.: ६०१००४८३६

**प्रोप्राईटरको/धनजमानीकर्ता : कामख्या नारायण पूर्वे**
**ना.प्र.नं.**: ८११३२८७०
जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, धनुषा
बाबु : राम विलास पूर्वे
बाजे : रघु विर पुर्वे
ठेगानाः धनुषा जिल्ला, सखुवा महेन्द्रनगर नगर/गाउँ पञ्चायत वडा नं.०२, हाल क्षीरेश्वरनाथ न.पा.वडा नं ०६
**शाखा : बर्दिवास**
**कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा तथा माग कर्जा फर्मको नाममा तथा प्रोप्राइटर कामख्या नारयण पूर्वेको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत**

**रितिक रोशन पुर्वे**
**ना.प्र.नं.**: १७-०१-७५-०२०४२
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, धनुषा
बाबु : कामख्या नारायण पुर्वे
बाजे : राम विलास पुर्वे
ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा.वडा नं ०६

**आरती देवी पूर्वे**
**ना.प्र.नं.**: १२०८
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, धनुषा
पति : कामख्या नारायण पूर्वे
ससुरा : राम विलास पूर्वे
ठेगाना : धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स./ उ.म.न.पा.वडा नं.०२, हाल क्षीरेश्वर नाथ न.पा.वडा नं ०६

१.कामख्या नारायण पूर्वेको नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| सखुवा-०६, धनुषा | ६ग | २०६६ | ०-०-४-० (६७.७३) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२. आरती देवी पूर्वेको नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| सखुवा-०६, धनुषा | ६ग | २०६५ | ०-०-४-० (६७.७३) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

२) **विजय सेटिगं उद्योग**
**प्रा.फ.न.घ.उ.सि : ९११४/०७५/७६**
ठेगाना : धनगढीमाई न.पा.वडा नं.०८, सिरहा
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विभाग, उद्योग विकास शाखा, लहान, सिरहा
स्थायी लेखा नं.: ६०९१२६१५०

**ऋणी/प्रोप्राइटर/धनजमानीकर्ताः विजय कुमार यादव**
**ना.प्र.नं.**: ०३४६२१६९
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा
बाबु : राम औतार यादव
बाजे : जगरनाथी यादव
ठेगाना : सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स./ उ.म.न.पा.वडा नं.०१, हाल धनगढीमाई न.पा.वडा नं.०८

**गीता कुमारी यादव**
**ना.प्र.नं.**: ९०८१३०४४/२२८१९
जारी गर्नेकार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा
पति : विजय कुमार यादव
ससुरा : राम औतार यादव
ठेगाना : सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं ०१, हाल धनगढीमाई न.पा वडा नं ०८

**शाखा कार्यालय : गोलबजार**
**कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा तथा सरल व्यापार कर्जा आवधिक तथा विजय कुमार यादवको नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत**

१.गीता कुमारी यादवको नाममा मालपोत कार्यालय, लहान, सिरहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| अयोध्यानगर -०७, सिरहा | ७ | ६२६ | ०-१-१.५-० |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

३) **श्याम नन्दन राय यादव**
**ना.प्र.नं.**: ३२२०८१/१७७
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट
बाबु : जुगुत राय यादव
बाजे : गर्भ राय यादव
ठेगाना : रौतहट जिल्ला, सन्तपुर.म गा.वि.स./ उ.म.न.पा.वडा नं.०६, हाल चन्द्रपुर न.पा.वडा नं ०८
**शाखा कार्यालय : चन्द्रपुर**
**कर्जा शीर्षक : सजिलो लघु कृषि तथा सजिलो लघु (न्यून लागत आवास) कर्जा समेत**

**धनजमानीकर्ताको विवरण**
**इन्द कुमारी यादव**
**ना.प्र.नं.** ३२३०८१/८३२
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट
पति : राम बाबु राय यादव
ससुराको नाम : जुगुत राय
ठेगाना : रौतहट जिल्ला, सन्तपुर.म गा.वि.स./ उ.म.न.पा.वडा नं.०६, हाल चन्द्रपुर न.पा वडा नं.०८

**ललिता देवी यादव**
**ना.प्र.नं.**: ३२-०२-७४-०३१२३
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट
पति : श्याम नन्दन राय यादव
ससुरा : जुगुत राय यादव
ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा वडा नं ०७

**राम बाबु राय यादव**
**ना.प्र.नं.** १४५५
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रौतहट
बाबु : जुगुत राय
बाजे : गर्भ राय यादव
ठेगाना : रौतहट जिल्ला, धर्मपुर गा.वि.स.वडा नं.७, हाल चन्द्रपुर न.पा वडा नं.०८

१.राम बाबु राय यादव तथा श्याम नन्दन राय यादवको सयुक्त नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| चन्द्रनिगाहपुर-०६, रौतहट | ६ | २९५० | ०-०-६-१२ (११४.३०) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२.श्याम नन्दन राय यादवको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| सन्तपुर (म) -०१, रौतहट | १ | ९०६ | ०-०-१०-० (१६९.३०) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

४) **आर्या होटल एण्ड लज (अन्य कागजातमा आर्या होटल एण्ड गेष्ट हाउस उल्लेख भएको)**
**निजि फर्म दर्ता नं : २०१०६/०७८/०७९**
ठेगाना : सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं.०६
जारी गर्ने कार्यालय :घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरी
स्थायी लेखा नं.: ६१८५१६९३७

**प्रोप्राईटर/धनजमानीकर्ता : पुजा कुमारी चौधरी**
**ना.प्र.नं.**: ०६-०१-७०-०६६३५
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुनसरी
पति : सुनिल चौधरी
ससुरा : भजनलाल चौधरी
ठेगाना : सुनसरी जिल्ला, बविया गा.वि.स. वडा नं.०९, हाल इटहरी उ.म.न.पा. वडा नं.०२
**शाखा कार्यालय : धरान**
**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक)**

**सुनिल चौधरी**
**ना.प्र.नं.**: ०६१००५/१२९११९
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी
बाबु : भजनलाल चौधरी
बाजे : अजबलाल चौधरी
ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं.०२

**फेकनी चौधरी**
**ना.प्र.नं.**: ७४३९/८४३९
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी
पति : भजनलाल चौधरी
ससुरा : अजबलाल चौधरी
ठेगाना : सुनसरी जिल्ला, इटहरी न.पा.वडा नं.०२, हाल इटहरी उ.म.न.पा. वडा नं.०२

१. फेकनी चौधरीको नाममा मालपोत कार्यालय, इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| इटहरी -०२, सुनसरी | २च | २५५ | ०-०-१०-० (१६९.२९) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

५) **जितेन्द्र प्रसाद धानुक**
**ना.प्र.नं.**: ९०६३२१२०
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा
बाबु : रंगलाल महतो धानुक
बाजे : शिव दयाल महतो धानुक
ठेगानाः पर्सा जिल्ला, सुगौली बिर्ता गा.वि.स./ उ.म.न.पा.वडा नं.०९, हाल वीरगंज म.न.पा.वडा नं.२६
**शाखा कार्यलय : वीरगंज**
**कर्जा शीर्षक : स्वाभिमानी किसान कर्जा तथा ओडि कर्जा**

**धनजमानीकर्ताहरुको विवरण :**
**सोनामती देवी**
**ना.प्र.नं.** १०७८/५७३
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा
पति : जितेन्द्र प्रसाद धानुक
ससुरा : रंगलाल महतो धानुक
ठेगाना : पर्सा जिल्ला, सुगौली बिर्ता गा.वि.स./ उ.म.न.पा.वडा नं.०९, हाल वीरगंज म.न.पा.वडा नं.२६

**सोभा देवी**
**ना.प्र.नं.**: ९४११
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा
पति : रंजीत महतो धानुक
ससुरा : रंगलाल महतो धानुक
ठेगाना : पर्सा जिल्ला, सुगौली बिर्ता गा.वि.स./ उ.म.न.पा.वडा नं.०९, हाल वीरगंज म.न.पा.वडा नं.२६

**रंगलाल महतो धानुक**
**ना.प्र.नं.**: ९०६३१४०३
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, पर्सा
बाबु : शिव दयाल महतो धानुक
बाजे : सरजग महतो धानुक
ठेगाना : पर्सा जिल्ला सुगौली बिर्ता-०९, हाल वीरगंज-२६

**विनय कुमार धानुक**
**ना.प्र.नं.**: ३४-०१-७४-०१०४८
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, पर्सा
बाबु : रंगलाल महतो धानुक
बाजे : शिव दयाल महतो धानुक
ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा.वडा नं.२६

**बाच्चा देवी धनुकाईन**
**ना.प्र.नं.**: ९०६३१४०४
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, पर्सा
पति : रंगलाल महतो धानुक
ससुरा : शिव दयाल महतो धानुक
ठेगाना : पर्सा जिल्ला सुगौली बिर्ता-०९, हाल वीरगंज-२६

**रंजीत महतो धानुक**
**ना.प्र.नं.**: ९०६३२०४०
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, पर्सा
बाबु : रंगलाल महतो धानुक
बाजे : शिव दयाल महतो धानुक
ठेगाना : पर्सा जिल्ला, सुगौली बिर्ता-०९, हाल वीरगंज-२६

१. बाच्चा देवी धनुकाईनको नाममा मालपोत कार्यालय, पर्सामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| सुगौली दा.पु -०९, पर्सा | ९ | ४७६ | ०-०-११-० (१८६.२३) |
| | | २२८ | ०-०-१५-० (२५३.९५) |
| | | ८८९ | ०-०-७-४ (१२२.७५) |
| | | ४७७ | ०-०-५-० (८४.६५) |
| | | ४७५ | ०-०-४-० (६७.७२) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

६) **फुल कुमारी यादव**
**ना.प्र.नं.**: १३३/५०१
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा
पति : हरी नारायण यादव
ससुरा : चौधरी यादव
ठेगानाः सिराहा जिल्ला नरहा वल्कवा गा.वि.स./ उ.म.न.पा.वडा नं.०१, हाल नरहा गा.पा.वडा नं.०५
**शाखा कार्यालय : गोलबजार**
**कर्जा शीर्षक : पौरखी कृषक कर्जा तथा Loyalty Financing Scheme कर्जा (आवधिक)**

अरुण कुमार यादव
ना.प्र.नं.: १५३०७५-१५४
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा
बाबु : महेश्वर यादव
बाजे : सुरुज नाथ यादव
ठेगाना : सिराहा जिल्ला, राजपुर गा.वि.स.वडा नं.०४, हाल राजपुर गा.पा.वडा नं.०४

१.फुल कुमारी यादवको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| नरहा -०१, सिराहा | १ | ६४५ | ०-०-५-० (८४.६५) |
| | | ६४२ | ०-०-१७-० (२८७.८१) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

**ऋणी तथा धनजमानीकर्ताको विवरण** | **धितो/धनजमानीकर्ता तथा धितोमा रहेको सम्पत्तिको विवरण**

७) **राजदेवी सावुन तथा सर्फ उधोग**
**प्रा.फ.नं.घ.उ.सि.: १०९८५/०७७/०७८**
ठेगाना : धनगढीमाइ न.पा. ०३, सिरहा
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिरहा
स्थायी लेखा नं.: ६१३४६९९८८

**प्रोप्राईटर/जमानीकर्ताः सविता देवी ठाकुर**
**ना.प्र.नं.** १५३०२४/६३
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा
पति : पशुपति ठाकुर
ससुरा : जगदेव ठाकुर
ठेगानाः सिराहा जिल्ला, हनुमान नगर गा.वि.स./ उ.म.न.पा वडा नं.०९, धनगढीमाइ न.पा.वडा नं.०३

**पशुपति ठाकुर**
**ना.प्र.नं.** : ३५६६१४५८
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा
बाबु : जगदेव ठाकुर बडही
बाजे : बहादुर ठाकुर
ठेगाना : सिराहा जिल्ला, हनुमान नगर गा.वि.स./ उ.म.न.पा वडा नं.०९, धनगढीमाइ न.पा.वडा नं.०३

**शाखा कार्यालय : लहान**
**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक**

१.सविता देवी ठाकुरको नाममा मालपोत कार्यालय, लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| हनुमाननगर-०८, सिराहा | ८ख | १५७ | ०-०-८.५-० |
| | | १५९ | ०-०-१४.५-० |
| | | १६० | ०-०-१४.५-० |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२. पशुपति ठाकुरको नाममा मालपोत कार्यालय, लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| हनुमाननगर-०८, सिराहा | ८ख | ११९ | ०-२-२-० |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

८) **सितला एकिकृत कृषि फर्म**
**प्रा.फ.नं.घ उ.वि :४०९९/०७१/०७२**
ठेगाना : व्यास न.पा.वडा नं.१३, तनहुँ
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, तनहुँ
स्थायी लेखा नं.: ६०२३६८४६५

**प्रोप्राईटर/धनजमानीकर्ता : सावित्री पाण्डे**
**ना.प्र.नं.** : २५२६४
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तनहुँ
पति : कृष्ण प्रसाद पाण्डे
ससुरा : गोपी नाथ पाण्डे
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा.वडा नं.१३
**शाखा कार्यालय : दमौली**
**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा आवधिक**

**कृष्ण प्रसाद पाण्डे**
**ना.प्र.नं.** : १२४१
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, तनहुँ
बाबु : गोपी नाथ पाण्डे
बाजे : गुणनिधी
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा.वडा नं.१३

**सन्दिप पाण्डे**
**ना.प्र.नं.** : ४३-०१-७४-०३१९२
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, तनहुँबाबु : कृष्ण प्रसाद पाण्डे
बाजे : गोपी नाथ पाण्डे
ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा.वडा नं.१३

**सन्देश पाण्डे**
**ना.प्र.नं.** : ४३१०१५/४७२
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, तनहुँबाबु : कृष्ण प्रसाद पाण्डे
बाजे : गोपी नाथ पाण्डे
ठेगाना : तनहुँ जिल्ला, पोखरीभञ्ज्याङ -०७, हाल व्यास न.पा.वडा नं.१३

१. कृष्ण प्रसाद पाण्डेको नाममा मालपोत कार्यालय तनहुँमा, दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| केसवटार-६ | ६क | २२७ | ६-१-२-२ (३१०४.११) |
| केसवटार-६ | ६क | ७१ | ३-७-०-१ (१७५०.७८) |
| फराकचौर-९ | ९ख | २१३० | ०-५-१-१ (१६८.९२) |
| फराकचौर-७ | ७ञ | ६३१ | ०-१५-०-० (४७६.९४) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

९) **कृयन्स इन्जिनियरिङ्ग प्रा. लि.**
**दर्ता नं.**: २४१३१९/०७७/०७८
ठेगाना : दमक-०८, झापा
दर्ता गर्ने कार्यालयः : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
स्थायी लेखा नं.: ६०९७९०६६९

**अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : किस्मत नेपाल**
**ना.प्र.नं.**: २३११८१९
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा
बाबु : कृष्ण बहादुर नेपाल
बाजे : मकर बहादुर नेपाल
ठेगाना : झापा जिल्ला, दमक न.पा.वडा नं.१३, हाल दमक न.पा.वडा नं.०८
**शाखा कार्यालय : मधुमल्ला**
**कर्जा शीर्षक : व्यवसाय कर्जा अधिविकर्ष**

**लुना कार्की**
**ना.प्र.नं.**: ०४२०४४/११७०४
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा
पति : किस्मत नेपाल
ससुरा : कृष्ण बहादुर नेपाल
ठेगाना : झापा जिल्ला, दमक गा.वि.स./ उ.म.न.पा.वडा नं.१०, हाल दमक न.पा.वडा नं.०८

१.कृयन्स इन्जिनियरिङ्ग प्रा. लि.को नाममा मालपोत कार्यालय, बेलवारी, मोरङ्गमा दर्ता कायम रहेको निम्न अनुसारको जग्गा

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| वयरवन-९, मोरङ्ग | ९/ओ | ५५३ | १-१-०-० (७१११.२६) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

---

१०) **मधुसुदन निर्माण सेवा**
**प्र.फ.नं.घ.उ.वि.: २२/२५२६/०५४/०५५**
ठेगाना : दमक न.पा.वडा नं.१३, झापा
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापा
स्थायी लेखा नं.: ३००७१६५५१

**प्रोप्राइटर/जमानीकर्ता : चन्द्र बहादुर थापा**
**ना.प्र.नं.**: ९९८०/७६७७९
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा
बाबु : टिकाराम थापा
बाजे : बिर थापा
ठेगाना : झापा जिल्ला, शिवगंज गा.वि.स.वडा नं.०६, हाल दमक न.पा.वडा नं.०७
**शाखा कार्यालय : दमक**
**कर्जा शीर्षक : मध्यम व्यापार कर्जा**

**धनजमानीकर्ताहरुको विवरण :**
**नवीन थापा**
**ना.प्र.नं.**: १९२७
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, झापा
बाबु : चन्द्र बहादुर थापा
बाजे : टिकाराम थापा
ठेगानाः झापा जिल्ला, दमक नगर/गाउँ पञ्चायत वडा नं.१२, हाल दमक न.पा.वडा नं.०७

**सर्मिला राई**
**ना.प्र.नं.** : १५९१०
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, झापा
पति : नवीन थापा
ससुरा : चन्द्र बहादुर थापा
ठेगाना : झापा जिल्ला, दमक गा.वि.स/उ.म.न.पा वडा नं.१२, हाल दमक न.पा.वडा नं.०७

**अम्वीका थापा**
**ना.प्र.नं.**: २३१११५७४४
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, झापा
पति : चन्द्र बहादुर थापा
ससुरा : टिकाराम थापा
ठेगाना : झापा जिल्ला, दमक नगर/गाउँ पञ्चायत वडा नं.१२, हाल, दमक न.पा.वडा नं.०७

**अविन कुमार थापा**
**ना.प्र.नं.** : ३३११२३५४
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, झापा
बाबु : चन्द्र बहादुर थापा
बाजे : टिकाराम थापा
ठेगाना : झापा जिल्ला, दमक गा.वि.स/ उ.म.न.पा.वडा नं.१२, हाल, दमक न.पा.वडा नं.०७

**अस्मिता थापा**
**ना.प्र.नं.**: १८५५३
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसै ले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा तथा बैंकको पायक पर्ने शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्चः उल्लिखित ऋणी/व्यवसायी/करदाता/साझेदार/प्रोप्राइटर/अख्तियार प्राप्त व्यक्ति/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२/०२/२० गते र बोलपत्र खोलिने मितिः २०८२/०२/२१, समयः दिनको : ४ :३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार ६ जेठ ०८२

# लुम्बिनी र कोशीमा परम्परागत नीति–कार्यक्रम

## नीति कार्यक्रममा जनतामा उत्साह जगाउने योजना नसमेटिएको विपक्षी दलहरूको दाबी





### ■ विराटनगर विमानस्थल प्रदेशस्तरीय बनाइने

कोशी प्रदेश प्रमुख गोविन्दबहादुर खापुङले विराटनगर विमानस्थललाई प्रदेशस्तरीय बनाउन पहल गर्ने, अन्तरप्रदेश हवाई उडान सञ्चालन गराउने, झापाको केचनादेखि सोलुको सगरमाथा जोड्ने द्रुतमार्ग निर्माण गर्ने र चतारादेखि चौँरीखर्कसम्म रेलमार्ग परियोजना अगाडि बढाउन पहल गर्ने नीति कार्यक्रम पेस गरेका छन् । त्यस्तै, धरानको खानेपानी समस्या समाधान गर्ने, लेउती सुरुङमार्ग निर्माण गर्ने, कोशीको वराहक्षेत्रमा रहेको खुवालुङलाई सांस्कृतिक क्षेत्रका रूपमा विकास गर्ने नीति लिइएको छ ।

### ■ लुम्बिनीको नीति कार्यक्रम नारामैत्री

लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले पेस गरेको नीति कार्यक्रममा संघीय सरकारको सिको गर्दै 'समृद्ध लुम्बिनी : खुसी नागरिक' नारा राखिएको छ । मोबाइल हातमा- प्रदेश सरकारका सेवा साथमा, कृषिमा उत्पादकत्व वृद्धि : लुम्बिनी प्रदेशको समृद्धि, नागरिकको योगदान, महिनाको एक दिन श्रमदान, मेरो विद्यालय : मेरो दायित्व, हरियालीसहितका सडक पूर्वाधार, प्रत्येक घर उज्यालो अभियान, एक जिल्ला एक नमुना बस्ती, पढ्दै-सिक्दै-कमाउँदैजस्ता नारालाई प्राथमिकतामा राखिएको छ ।

बुटवलमा **विष्णुप्रसाद घिमिरे**
विराटनगरमा **गणेश लम्साल**

संघीय सरकारकै सिको गरेर कोशी र लुम्बिनी प्रदेश सभामा आगामी आर्थिक वर्ष ०८२/८३ को नीति कार्यक्रम पेस गरिएको छ । प्रमुख दुई दल कांग्रेस र एमालेको गठबन्धन सरकारबाट जनताले तुलनात्मक रूपमा बढी अपेक्षा गरे पनि परम्परागत रूपमा ल्याइएको नीति कार्यक्रमले जनतामा ठुलो आशा जगाउन नसकेको विपक्षी दलहरूको दाबी छ ।

सोमबार लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले पेस गरेको नीति कार्यक्रममा विगतको जस्तै कृषि, पर्यटन, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

नीति कार्यक्रममा कृषिमा उत्पादन वृद्धि, खाद्य सुरक्षालगायतमा जोड दिँदै उत्पादन वृद्धिका लागि बिउबिजनमा आत्मनिर्भरसहित सिँचाइमा जोड दिइएको छ । नागरिकको जीवनस्तर उकास्ने, दिगो विकासमा आधारित समृद्ध प्रदेश निर्माण गर्ने, पर्यटन क्षेत्रको विकासका लागि बौद्ध सर्किट निर्माण गर्ने र शिक्षा र स्वास्थ्य क्षेत्रको विकासका लागि आवश्यक नीति अवलम्बन गर्ने योजना पेस गरिएको छ ।

सुशासन, नागरिकमैत्री प्रशासन र सेवा प्रवाहमा व्यापक सुधार गर्ने लक्ष्य लिइएको छ । प्रदेशलाई आगामी १० वर्षभित्र पूर्ण प्रांगारिक प्रदेश बनाउने लक्ष्य लिइएको छ । पर्यटन क्षेत्रको विकासलाई पनि उच्च प्रथामिकता दिइएको नीति कार्यक्रममा संघ सरकारअन्तर्गत रहेको गौतम बुद्धको जन्मस्थल लुम्बिनीको विकासमा पनि भूमिका खेल्ने कुरा समेटिएको छ ।

वन्यजन्तु पीडितलाई घरमै राहत, सडकसँगै हरियाली र फलफूलका बिरुवा रोप्ने अभियान सञ्चालनदेखि वनलाई समृद्धिको प्रमुख आधारका रूपमा उपयोग र व्यवस्थान गरिने पनि नीति लिइएको छ । वन पैदावारको उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारीको सिर्जना गरिने, वन क्षेत्रलाई राजस्व वृद्धि र प्रदेशका सम्मृद्धिको आधारका रूपमा लिइएको छ ।

प्रदेश गौरवका आयोजनालाई सम्पन्न गर्ने, विद्यालय-समुदायमा स्वास्थ्य कार्यक्रम विस्तार गर्ने योजनासमेत नीति तथा कार्यक्रममा उल्लेख छन् । हरित ऊर्जा, विद्युतीय सवारी र सौर्य ऊर्जा प्रवर्द्धनमा विशेष जोड दिइएको छ ।

कोशी प्रदेश प्रमुख गोविन्दबहादुर खापुङले प्रदेश सभामा पेस गरेको नीति कार्यक्रममा पनि विगतकै अधिकांश बुँदा दोहोरिएका छन् । प्रदेशको कृषि, स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार, पर्यटन, सुरक्षा, खानेपानी, ऊर्जा, संस्कृति संरक्षण र सूचना प्रविधिलाई प्राथमिकता दिइएको छ ।

सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण प्रभावकारी बनाउने, बेरुजु घटाउने र बजेट कार्यान्वयनको अवस्थालाई डिजिटल प्रविधिमा जोड्न मुख्यमन्त्री ड्यासबोर्ड सञ्चालनमा ल्याउने पनि नीति-कार्यक्रममा उल्लेख छ ।

आगामी आर्थिक वर्षदेखि प्रदेश निजामती सेवा दिवस मनाउने, विद्युतीय डाटा सेन्टर सञ्चालन गर्नेदेखि प्रदेशमा निर्माण भएका कानुनको उत्तर विधायिकी परीक्षणलाई प्राथमिकता दिइने उल्लेख छ । प्रदेशमा स्वास्थ्य साक्षरता अभियान चलाउने, मानसिक रोगको उपचारका लागि सेवा विस्तार गराउने र स्वास्थ्य बिमा सबैको पहुँच बढाउने उल्लेख छ ।

### सत्ता पक्षको स्वागत, विपक्षीको विरोध

नीति कार्यक्रमलाई सत्ता पक्षले स्वागत र विपक्षीले विरोध गरेका छन् । कोशीका प्रवक्तासमेत रहेका आन्तरिक मामिलामन्त्री रेवतीरमण भण्डारीले नीति-कार्यक्रम सरकारको क्षमता र अधिकार क्षेत्रअनुसार राम्रो ल्याएको र अब सोहीअनुसार बजेट पनि निर्माण हुने बताए । 'अब सरकारले प्रस्तुत नीति-कार्यक्रमअनुसारको बजेट निर्माण गरेर कार्यान्वयन गराउन गराउँछ,' उनले भने । कोशी प्रदेश सभाको विपक्षी दल माओवादी केन्द्रको संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले नीति तथा कार्यक्रममा कुनै पनि नयाँ विषय नआएको बताए । एमाले कांग्रेस गठबन्धन सरकारले विगतकै निरन्तरता र परम्परा धान्ने कर्मकाण्डी नीति-कार्यक्रम प्रस्तुत गरेको आरोप लगाए । 'प्रदेशको पूर्वाधार क्षेत्रको गुणात्मक विकास गर्ने आयोजना प्राथमिकतामा छैन । रूपान्तरणकारी आयोजनाको पहिचान गरेर अगाडि बढ्ने बलियो सोच नीतिमा पनि देखिँदैन,' उनले भने ।

लुम्बिनी प्रदेश सभामा रहेका माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजित थारूले विशिष्टीकृत कार्यक्रम नआएको बताए । 'कृषिका कार्यक्रम विशिष्टीकृत हुनुपर्ने थियो, विशिष्टीकृत छैनन् । शिक्षा, स्वास्थ्यमा पनि त्यस्तो ठुलो कार्यक्रम देखिएन,' उनले भने । एमालेका प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले नीति कार्यक्रम राम्रो आएको बताए ।




# नेटवर्थ नपुगेका १४ कम्पनी आइपिओ निष्कासन प्रक्रियाबाट हटाइयो

## प्रतिकित्ता ९० रुपैयाँ नेटवर्थ नभएका कम्पनी आइपिओको प्रक्रियाबाट निष्कासित

**नयाँ पत्रिका**

बिचौलियामार्फत प्राथमिक सेयर (आइपिओ) निष्कासन गर्न कमिसन मागेको आरोप लागेपछि नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठ आक्रामक भएका छन् । सोमबार बोर्डले आइपिओ निष्कासनको प्रक्रियामा रहेका जलविद्युत् कम्पनीसहित १४ कम्पनीको आवेदन अस्वीकृत गरेको छ । प्रतिकित्ता ९० रुपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनीले आइपिओ ल्याउन नमिल्ने भएकाले प्रक्रियाबाट हटाइएको बोर्डले जानकारी दिएको छ ।

आइपिओ निष्कासनका लागि आवेदन दिएकामध्ये ६ जलविद्युत् कम्पनी, दुई औषधि उद्योग, पर्यटन क्षेत्रका चार, एक सञ्चार प्रतिष्ठान र एक हेलिकोप्टर कम्पनी प्रक्रियाबाट हटाइएका हुन् । एपेक्स हस्पिटालिटी, अर्चिड होल्डिङ्स लिमिटेड, अन्नपूर्ण केबुलकार, ठमेल प्लाजा होटेल एन्ड सुइट्स लिमिटेड, एक्कर्ड फर्मास्युटिकल्स लिमिटेड, सोपान फर्मास्युटिकल्स लिमिटेड, प्रभु हेलिकोप्टर लिमिटेड, युनिक हाइड्रोपावर कम्पनी लिमिटेड, पुवा खोला-वान हाइड्रोपावर लिमिटेड, रिचेट जलविद्युत् कम्पनी लिमिटेड, सानिमा हाइड्रोपावर लिमिटेड, लाफिङ बुद्ध पावर नेपाल लिमिटेड र बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड आइपिओको पाइपलाइनबाट हटेका हुन् ।

बोर्डका प्रवक्ता नीरञ्जय घिमिरेले प्रतिकित्ता ९० रुपैयाँभन्दा कम रहेको र विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए)को अवधि पाँच वर्षभन्दा कम रहेका कम्पनीलाई आइपिओ निष्कासनको प्रक्रियाबाट हटाइएको जानकारी दिए । उनले भने, 'आइपिओ निष्कासन गर्नका लागि कम्पनीलाई विभिन्न सर्त दिइएको हुन्छ । तीमध्ये नेटवर्थ महत्त्वपूर्ण सर्त हो ।

९० रुपैयाँ पनि नपुग्ने कम्पनीहरू आइपिओ निष्कासनका लागि योग्य हुँदैनन् । नेटवर्थ प्रतिकित्ता ९० रुपैयाँभन्दा माथि रहेको प्रमाण पेस गरेर पुनः आवेदन दिन पत्राचार गरेका छौँ । त्यस्तै, पिपिए सम्झौताको अवधि पाँच वर्षभन्दा कम रहेको अवस्थामा के गर्ने भन्ने यकिन छैन । त्यसैले आइपिओको पाइपलाइनबाट त्यस्ता कम्पनी पनि हटेका छन् ।'

बोर्डको यो निर्णयबाट चार अर्ब २१ करोड ३२ लाख रुपैयाँबराबरका आइपिओ अस्वीकृत भएका छन् । कमिसनको आरोप लागेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोर्डबाट कागजात लगेको थियो ।

### बोर्डले ऐनविपरीतको सर्त राखेको व्यवसायीको आरोप

धितोपत्र बोर्डले ९० रुपैयाँको नेटवर्थको सीमा तोक्नु धितोपत्र निष्कासन ऐनविपरीत भएको जलविद्युत् प्रवर्द्धकले बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान)का उपाध्यक्ष उत्तम भ्लोन लामाले धितोपत्र निष्कासन ऐनमा ९० रुपैयाँभन्दा बढीको नेटवर्थ पुऱ्याउनुपर्ने उल्लेख नभएकाले यस्तो सर्त राख्नु उचित नभएको बताए ।

उनले भने, 'धितोपत्र निष्कासन ऐनमा नेटवर्थ ९० रुपैयाँ हुनुपर्ने भनिएको छैन । यो सार्वजनिक लेखा समितिको निर्देशनका आधारमा हो । यो डिजास्टरको (प्रकोप) सुरुवात हो । सरकारको २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पूरा हुने देखिँदैन ।'

उनका अनुसार आइपिओ निष्कासन स्वीकृतिको प्रक्रियामा नै दुई वर्षसम्म ढिलाइ भएपछि नेटवर्थ घट्ने सम्भावना रहन्छ । उनले भने, 'कहिले कोभिड, त कहिले बाढीपहिरोले गर्दा पनि नेटवर्थ घटेको हो । मर्चेन्ट बैंकजस्ता संस्थासँग सेयर नबिकेको अवस्थामा सेयर किन्ने ग्यारेन्टीसहितको सम्झौता (अन्डरराइटिङ) भएको हुन्छ । सबै विषय खुलाएर आइपिओ जारी गर्न पाउने अन्तर्राष्ट्रिय अभ्यासविपरीत बोर्डको यो निर्णय गलत छ ।'

# नार्क पुनर्संरचना समितिमा पोखरेल

**काठमाडौं**/ नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)को पुनर्संरचना गर्न प्रा.डा. गोविन्दराज पोखरेलको संयोजकत्वमा गठित समितिले पूर्णता पाएको छ । समितिमा कृषि तथा वनविज्ञान विश्वविद्यालयका प्रा.डा. ईश्वरी कँडरिया र डा. यज्ञगजाधर खड्कालाई सदस्य नियुक्त गरिएको छ । समितिका पदाधिकारीलाई कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले सोमबार नियुक्तिपत्र दिएका छन् । उनले नार्कलाई समयसापेक्ष रूपमा सुधार गर्न समितिले उपयुक्त प्रस्ताव पेस गर्ने अपेक्षा व्यक्त गरे । समितिलाई ९० दिनको कार्यअवधि दिइएको छ । नार्कको हालको संरचनामा देखिएका विविध समस्याका कारण परिषद्को कार्य सन्तोषजनक रहन नसकेको सन्दर्भमा उच्चस्तरीय समिति गठन गरिएको कृषि मन्त्रालयले जनाएको छ । विगतमा भएका अध्ययनले पनि नार्कलाई प्रभावकारी बनाउन यसको पुनर्संरचना गर्नुपर्ने सुझाव दिएका थिए ।

# नुनमा आयोडिनको मात्रा अनुसन्धान गर्न माग

**काठमाडौं**/ राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले बजारमा नुनमा आयोडिनको मात्रा धेरै भएको चर्चा चलेको भन्दै अनुसन्धान गरेर सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन् । सोमबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज) र साल्ट ट्रेडिङ कर्पोरेसनको संयुक्त आयोजनामा भएको कार्यक्रममा उनले यस्तो बताएका हुन् । कार्यक्रममा स्वास्थ्य सेवा विभागका सिनियर पब्लिक हेल्थ अफिसर दीपक झाले विदेशी अनुदान रोकिँदा नुनमा आयोडिनको मात्राबारे अनुसन्धान कार्य रोकिएको जानकारी दिए । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उपभोक्ता सुरक्षाका लागि सरकारले नियमित रूपमा बजार अनुगमन गर्ने र दोषीलाई कारबाही गर्ने काम गरिरहेको बताए ।

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८९ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने र सात दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गारी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना पुन: प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **१) ऋणी फर्म: आकाश गंगा वाटर एण्ड वेभरेज इण्डष्ट्रीज,** प्रोप्राईटर तथा जमानीकर्ता: ओम नारायण महतो<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनगढी कैलालीमा प्रा.फ.नं. ९९६६, दर्ता मिति: २०७४/०२/०३, ठेगाना: जिल्ला कैलाली, बर्दगोरीया गा.पा. वडा नं. २ |
| | **धितोको विवरण** |
| | १) हिरामणी चौधरीकी छोरी, काशीराम महतोकी बुहारी, ओम नारायण महतोकी पत्नी, नवलपरासी जिल्ला नारायणी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला बर्दगोरीया गा.पा. वडा नं. १ बस्ने रुपा कुमारी चौधरी को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, दोदोधरा गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७३८ क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा, कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १००० क्षेत्रफल ०-४-३ (विगाह) को जग्गा तथा कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ११३० को क्षेत्रफल ०-९-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। |
| | २) सवारी मोडल: Nissan Magnite XV Turbo \| च्यासिस नं.: MDHFBADDOM1003444 \| ईन्जिन नं.: 002478C \| सवारी दर्ता नं.: प्रदेश ३-०१ ०२४ च ८५०६ |
| | **२) ऋणी फर्म: लाल ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: रुपा कुमारी चौधरी<br>दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी कैलालीमा प्रा.फ.र.नं. १०१३१/०६१/६२, दर्ता मिति: २०६१/०४/१४, ठेगाना: जिल्ला कैलाली, बर्दगोरीया गा.पा. वडा नं. १ |
| | **धितोको विवरण** |
| | १) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी कैलालीमा प्रा.फ.र.नं. १०१३१/०६१/६२, स्थानिय व्यापार अन्तरगत मिति: २०६१/०४/१४ मा दर्ता भएको कैलाली जिल्ला बर्दगोरीया गा.पा. वडा नं. १ स्थित लाल ट्रेडर्सको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १५४० क्षेत्रफल ०-०-१२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । — बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map |
| | २) हिरामणी चौधरीकी छोरी, काशीराम महतोकी बुहारी, ओम नारायण महतोकी पत्नी, नवलपरासी जिल्ला नारायणी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला बर्दगोरीया गा.पा. वडा नं. १ बस्ने रुपा कुमारी चौधरी को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, दोदोधरा गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७३८ क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा, कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १००० क्षेत्रफल ०-४-३ (विगाह) को जग्गा तथा कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ११३० को क्षेत्रफल ०-९-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। |
| | ३) लाल ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **जमानीकर्ताहरु: १) ओम नारायण महतो २) रुपा कुमारी चौधरी ३) चन्दा महतो ४) रचना महतो** |

नोट: ऋणी तथा जमानीकर्ताहरु बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताहरुको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैयाँ एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना**
**(प्रकाशित मिति : २०८२/०२/०६)**

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४९२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी वेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/०२/२०

बोलपत्र खोलिने मिति
२०८२/०२/२१ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : समिक्षा एण्ड सागर किराना स्टोर (अधिविकर्ष कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** प्रा.फ.र.नं.: ३-३५-३८३-१५८६३६/२०७७/७८, ठेगाना : कागेश्वरी मनोहरा न.पा. ०९, काँडाघारी काठमाडौं<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१.समिक्षा खड्का -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २१३०४७/१३५२, मिति २०६३/१०/०७ मा जि.प्र.का.रामेछापबाट जारी भएको), पति: सागर कुमार कार्की, ससुरा : दल बहादुर कार्की<br>**२. सागर कुमार कार्की -जमानीकर्ता** (ना.प्र.नं. २०३०१६/८३, मिति २०६३/१०/०६ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको), बाबु : दल बहादुर कार्की, बाजे : केशर बहादुर कार्की | सागर कुमार काकीको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ०६ (घ) स्थित कि.नं. २६१४ (०-०-१०-० विगाहा), तथा ऐ.ऐ. जलकन्या चपौली गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं.१९४ (२-३-०-० रोपनी) र कि.नं. २१३ (३-३-१-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सिन्धुलीमाडी |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

# सानिमा रिलायन्सको बिमालेख नवीकरणमा छुट

**काठमाडौं**/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको व्यतीत बिमालेख नवीकरण (पुनर्जागरण) गर्दा विलम्ब शुल्कमा शतप्रतिशत छुट पाइने भएको छ। विभिन्न कारणले समयमै बिमाशुल्क भुक्तानी गर्न नसकेका ग्राहकले यो अभियानबाट छुटको लाभ लिन सक्नेछन्। अभियान जेठ १ गतेदेखि २५ गतेसम्म लागू हुनेछ। पुनर्जागरण अभियानअन्तर्गत बिमालेख अवधिभित्र एकपटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने कम्पनीले जनाएको छ। सामान्य अवस्थामा बिमालेख व्यतीत रहँदा बिमितले रक्षावरण गुमाउनुका साथै




अतिरिक्त विलम्ब शुल्क पनि भुक्तानी गर्नुपर्ने हुन्छ। संस्थाले सार्वजनिक गरेको पुनर्जागरण अभियानमा भने विलम्ब शुल्कमा छुटको सेवा-सुविधा लिई व्यतीत बिमालेख नवीकरण गरी मौकाको फाइदा लिन कम्पनीले अनुरोध गरेको छ। ग्राहकले कम्पनीका देशैभरका कार्यालयबाट वा अनलाइन भुक्तानीमार्फत योजनामा सहभागी हुन सक्नेछन्।

# १४ जेठसम्म हुन्डाईको प्रि-बजेट अफर

**काठमाडौं**/ लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालमा हुन्डाईका तीन इलेक्ट्रिक सवारी मोडेलमा विशेष 'प्रि-बजेट अफर' सार्वजनिक गरेको छ। अफर १४ जेठसम्म लागू हुनेछ।

अफरअन्तर्गत ग्राहकले नयाँ हुन्डाई कोना इलेक्ट्रिक, आयोनिक ५ र क्रेटा इभी खरिद गर्दा निःशुल्क बिमा, सडक करमा छुट तथा नगद छुटजस्ता विशेष सुविधा प्राप्त गर्न सक्नेछन्। यो पहलले नेपाली उपभोक्तामाझ




इलेक्ट्रिक सवारीसाधनको पहुँच अझ विस्तार गर्ने उद्देश्य राखेको कम्पनीको भनाइ छ।

लक्ष्मी इन्टरकन्टिनेन्टलले तीनवटै मोडेलमा दिइएको छुटले यी अत्याधुनिक गाडीलाई अझ किफायती बनाउने विश्वास व्यक्त गरिएको छ। साथै, कम्पनीले देशभर डिसी र एसी चार्जरयुक्त ६६ वटा सक्रिय स्टेसन रहेको विस्तृत रि-लार्ज चार्जिङ नेटवर्क निर्माण गरिसकेको जानकारी दिएको छ।



## पलेस्वाँ बचत तथा ऋण सहकारी संस्था लि.
**Paleswan Saving And Credit Cooperative Ltd.**
**ईवाहल-१९, ललितपुर**

### ऋण चुक्ता गर्ने बारे ३५(पैतिस) दिने अत्यन्त जरुरी सूचना

तपशिलमा उल्लेखित ऋणिले यस सहकारी संस्थाबाट प्राप्त गर्नु भएको ऋणको शर्त कबुलियत बमोजिम तिर्न बुझाउनु पर्ने ऋणको साँवा,ब्याज तथा अन्य दस्तुर नबुझाई तपाईसंग भएको सम्झौताको शर्तहरू समेत उल्लंधन गर्नु भएको र तपाईलाई ऋणको साँवा र ब्याज तथा अन्य दस्तुर तिर्नको लागि पटक पटक मौखिक र पत्रबाट समेत ताकेता गर्दा पनि सम्झौता बमोजिम ऋण साँवा,ब्याज तथा अन्य दस्तुर तिर्ने कनै तदारुखता नदेखाउनु भएकोले यो सुचना प्रकाशित गरिएको छ।यो सुचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र तपाईले यस सहकारी संस्थाबाट प्राप्त गर्नुभएको सम्पर्ण ऋणको साँवा,ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गरिदिनु होला। माथि उल्लेखित समयावधि भित्र कर्जा चुक्ता नगरेमा यस सहकारी संस्थालाई ऋण सुरक्षण बापतको धितो तपशिलमा उल्लेखित घर जग्गा कानुन बमेजिम लिलाम बिक्रि गर्नुका साथै तपाई ऋणि र तपाईको व्यक्तिगत जमानी कर्तालाई कर्जा सुचना केन्द्रको कालो सुचिमा सचिकृत गर्ने लगायत सहकारी संस्थाको ऋण असुल उपर गर्नको लागि ऋण असुली न्याधिकरण एवं अन्य अडा अदालत समेतको निकायमा कानुन बमोजिम मद्धा दायर गर्ने लगायतको कानुनी कारवाही गरिने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईन्छ।

१. **ऋणी**
श्री चाउरे भुजेलको नाती, श्री राम बहादुर भुजेलको छोरा, श्री यशोदा भुजेलको श्रीमान, ललितपुर जिल्ला , लामाटार गा.वि.स./ न.पा. वडा नं. ६ स्थायी घर भई सोहि स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय ललितपुरबाट ना. प्र. न. ४६३७० बर्ष ५६ को धर्म बहादुर भुजेल

२. **धन जमानिकर्ता**
श्री राम बहादुर भुजेलको नाती,श्री धर्म बहादुर भुजेलको छोरा, श्री सुस्मिता भुजेलको श्रीमान, ललितपुर जिल्ला , लामाटार गा.वि.स./ न.पा. वडा नं. ६ स्थायी घर भई सोहि स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय ललितपुरबाट ना. प्र. न. २८-०१-०६९-०६०४९बर्ष ३१ को रोशन भुजेल

३. **साक्षी**
श्री राम बहादुर भुजेलको नातीनि ,श्री धर्म बहादुर भुजेलको छोरी ललितपुर जिल्ला , लामाटार गा.वि.स. /न.पा. वडा नं. ६ स्थायी घर भई काठमाडौ स्थीत बस्ने जिल्ला प्रशासन कार्यालय ललितपरुबाट ना. प्र. न. २८-०१-७१-०३९५ बर्ष २९ को रोशनी भुजेल

**जग्गाको विवरण**
ललितपुर जिल्ला , लामाटार गा.वि.स./ न.पा. वडा न ५ ,कित्ता नं. १७९ क्षेत्रफल २५४.३२ वर्ग मिटर,जग्गा धनिको नाम श्री धर्म बहादुर भुजेल।





## धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०२/१२ गते/स्थान : सम्बन्धित शाखा कार्यालय | २०८२/०२/१४ गते, बुधबार दिनको ३ बजे |

**क्र.सं. शाखा कार्यालय : वालिङ, स्याङ्जा**

**ऋणीको नाम, ठेगाना**

१. नाम : कृति किराना पसल
प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जा
दर्ता नं. १०९३/०७८/०७९, दर्ता मिति : २०७८/०६/१७, पान नं. ६१६९४६३९२, दर्ता मिति : २०७८/०६/१७
ठेगाना : स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ८, वि.पि. चोक, प्रोप्राइटर : खिमा दर्जी

**ऋणी तथा जमानतकर्ताको विवरण**

नाम : दया बहादुर दर्जी
ना.प्र.नं. ४२३१९६५, जि.प्र.का. स्याङ्जा, जारी मिति : २०५३/०१/०२
बाबुको नाम : रविलाल दर्जी, बाजेको नाम : रन्जित दर्जी
ठेगाना : स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ३, हाल : स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ८, वि.पि. चोक

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. नाम : विनोद दर्जी<br>ना.प्र.नं. ४२-०२-७५-०४६९४, जि.प्र.का. स्याङ्जा<br>जारी मिति : २०७५/१०/२१<br>बाबुको नाम : दया बहादुर दर्जी<br>बाजेको नाम : रविलाल दर्जी<br>ठेगाना : स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ८ | २. नाम : खिमा दर्जी<br>ना.प्र.नं. १६०७०, जि.प्र.का. स्याङ्जा<br>जारी मिति : २०६१/०४/११<br>पतिको नाम : दया बहादुर दर्जी<br>ससुराको नाम : रविलाल दर्जी<br>ठेगाना : स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ३<br>हाल : स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ८, वि.पि. चोक |

**धितोको विवरण**

दया बहादुर दर्जीको नाममा मालपोत कार्यालय वालिङमा दर्ता श्रेष्ता कायम रहेको स्याङ्जा जिल्ला, वालिङ्ग न.पा. वडा नं. ३ हाल वालिङ्ग न.पा. वडा नं. ८, वि.पि. चोक स्थित कित्ता नं. ३८७३ को क्षेत्रफल ०-५-०-१ (रो.आ.पै.दा.) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

**क्र.सं. शाखा कार्यालय : बट्टार, नुवाकोट**

**ऋणीको नाम, ठेगाना**

१. नाम : श्री खुकुरी किचेन रेष्टुरेन्ट
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, नुवाकोट
प्रा.फ.र.नं. २५६९/६०७९/०७३/७४, दर्ता मिति : २०७३/११/२४, पान नं. ६०५८२३९८३, दर्ता मिति : २०७३/१२/०१
ठेगाना : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४, बट्टार, प्रोप्राइटर : कपिल के.सी.

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. नाम : कपिल के.सी<br>ना.प्र.नं. ४५४११, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५३/०४/०३<br>बाबुको नाम : अमर बहादुर के.सी.<br>बाजेको नाम : नेत्र बहादुर के.सी.<br>ठेगाना : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ८<br>हाल : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ | २. नाम : सुरेश के.सी.<br>ना.प्र.नं. ६४३७७, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५६/११/०१<br>बाबुको नामः अमर बहादुर के.सी.<br>बाजेको नाम : नेत्र बहादुर के.सी.<br>ठेगाना : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ८<br>हाल : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ |
| ३. नाम : अमर बहादुर के.सी.<br>ना.प्र.नं. १५६१/२०५२, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४१/०२/१५<br>बाबुको नाम : नेत्र बहादुर के.सी.<br>बाजेको नाम : टेक बहादुर के.सी.<br>ठेगाना : नुवाकोट जिल्ला, त्रिशुली वडा नं. १<br>हाल : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ८ | ४. नाम : अलैंची के.सी.<br>ना.प्र.नं. २५३००१/१०३, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०६३/११/१६<br>ससुराको नाम : नेत्र बहादुर के.सी.<br>पतिको नाम : अमर बहादुर के.सी.<br>ठेगाना : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ८ |

५. नाम : मन्दिरा भट्ट
ना.प्र.नं. ९८८३४, जि.प्र.का. नुवाकोट, जारी मिति : २०६१/१२/२२
ससुराको नाम : अमर बहादुर के.सी., पतिको नाम : कपिल के.सी
ठेगाना : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४

**धितोको विवरण**

अमर बहादुर के.सी. को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला, त्रिशुली गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १४३२, १४३३ र १४३४ को क्षेत्रफल क्रमशः ०-३-१-३, ०-०-१-१ र ०-०-२-० (रो.आ.पै.दा.) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : वालिङ, स्याङ्जा, फोन नं. ०६३-४४१२१४
बट्टार, नुवाकोट फोन नं. ०१०-५६१७७७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np





## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
### धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८२/०२/०६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको रंगेली, मोरङ शाखा कार्यालयबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति २०८१/०६/०७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८१/११/२५ को सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पती लिलाम विक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना र मिति २०८२/०१/२६ को सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पती लिलाम विक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, रंगेली, मोरङ मा दिउँसो ०४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स वान डिष्ट्रिक वान प्रडक्ट– आवधिक कर्जा र सिटिजन्स फाष्ट ट्र्याक आवधिक कर्जा**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताहरको नाम र ठेगाना |
|---|---|
| नाम : दिपेन्द्र कुमार साह<br>बाबु : महेश लाल साह<br>बाजे : रित लाल साह<br>ठेगाना : वरडंगा गा.बि.स -०९, मोरङ्ग<br>हाल : सुनवर्षी न.पा. -०९, मोरङ्ग<br>ना.प्र.नं. : २१३८/११२५०३३<br>जारी मिति : २०५३/०५/०५<br>प्रतिलिपि मिति : २०७०/१२/०९<br>जि.प्र.का. : मोरङ्ग | १. नाम : गायत्री देवी साह<br>बाबु : विलट साह<br>पति : विजय कुमार साह<br>ससुरा : महेश लाल साह<br>ठेगाना : वरडंगा गा.बि.स -०९, मोरङ्ग<br>हाल : सुनवर्षी न.पा. -०९, मोरङ्ग<br>ना.प्र.नं. : ०५२०३४/८४७५<br>जारी मिति : २०६८/०८/०१<br>जि.प्र.का. : मोरङ्ग |
| २. नाम : महेश लाल साह<br>बाबु : रित लाल साह<br>बाजे : पुहुप लाल साह<br>ठेगाना : वरडंगा गा.बि.स -०९, मोरङ्ग<br>हाल : सुनवर्षी न.पा. -०९, मोरङ्ग<br>ना.प्र.नं. : ३५२९२<br>जारी मिति : २०३५/०९/३०<br>जि.प्र.का. : मोरङ्ग | ३. नाम : सान्ती देवी साह<br>बाबु : सौखी साह<br>पति : महेश लाल साह<br>ससुरा : रित लाल साह<br>ठेगाना : वरडंगा गा.बि.स -०९, मोरङ्ग<br>हाल : सुनवर्षी न.पा. -०९, मोरङ्ग<br>ना.प्र.नं. : ३४०००/०३५<br>जारी मिति : २०३५/०९/१२<br>जि.प्र.का. : मोरङ्ग |

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः– महेश लाल साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.)/वि.क.धु. | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग | बरडंगा | ९/९ | १४५७ | १३५४.५२<br>०-४-०-० | सो जगगामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय रंगेली, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/०२/१३, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय रंगेली, मोरङ्ग।**

**Citizens Bank**

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL



# सिटिजन्स बैंकका ग्राहकलाई क्लब १० एक्समा २० प्रतिशत छुट




**काठमाडौं**/ सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले ठमेलस्थित क्लब १० एक्समा छुट पाउने भएका छन्। ग्राहकलाई छुट दिने गरी बैंक र क्लब १० बिच समझदारीपत्रमा हस्ताक्षर भएको हो। समझदारीपश्चात् बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले क्लब १० एक्समा २० प्रतिशत आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास लिएको बैंकले जनाएको छ।

# रिलायन्स फाइनान्स एनपिएस र नेपाल पे कार्डमा आबद्ध



**काठमाडौं**/ रिलायन्स फाइनान्स र एनसिएचएलबिच एनपिएस-एनसिएस तथा डोमेस्टिक कार्ड स्किम (नेपाल पे कार्ड)को प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत समाजप्रकाश श्रेष्ठ र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्। एनसिएचएलले हालै एनपिएस-एनसिएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक तथा वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम नेपाल पे कार्डका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक तथा वित्तीय संस्थाहरू एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध भइरहेका छन्। नेपाल पे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् फाइनान्सले ग्राहकका लागि उक्त कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछ।

# नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका ग्राहकलाई होलिडे इन रिसोर्टमा छुट

**काठमाडौं**/ नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका ग्राहकले बुढानीलकण्ठस्थित होलिडे इन रिसोर्टमा आकर्षक छुट पाउने भएका छन्। ग्राहकलाई छुट दिन बैंक र रिसोर्टबिच सम्झौता भएको छ। सम्झौताअनुसार बैंकका ग्राहकले खाना र सफ्ट ड्रिंक्समा १५ प्रतिशत छुट प्राप्त गर्नेछन्। उक्त छुट सुविधा पाउन बैंकको डेबिट-क्रेडिट कार्ड वा एनआइएमबि स्मार्ट (मोबाइल बैंकिङ)मार्फत भुक्तानी गर्नुपर्नेछ।




# एनआइसी एसिया लघुवित्तको वित्तीय साक्षरता र निःशुल्क स्वास्थ्य शिविर

**काठमाडौं**/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्थाले देशका विभिन्न स्थानमा वित्तीय साक्षरता र निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। लघुवित्तले कोशी, मधेश, लुम्बिनी र सुदुरपश्चिम गरी चारवटै प्रदेशका पाँचवटा शाखामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। सो कार्यक्रममा मौवामा ४६, दुर्गाफाँटमा ७१, चैनपुरमा ३८, खैरावानामा ४५, दुर्गौलीमा ५८ जना महिला र पुरुष गरी जम्मा अढाई सयभन्दा बढीको सहभागिता रहेको थियो। त्यसैगरी, लघुवित्तले कमल गाउँपालिका-४ केर्खा, झापास्थित सिद्धार्थ सामुदायिक भवनमा निःशुल्क स्वास्थ्य शिविरसमेत सम्पन्न गरेको छ। लघुवित्तको आयोजना तथा ऐन्जल फाउन्डेसनको सहयोगमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरिएको हो। शिविरमा काठमाडौं सिभिल हस्पिटलका तीन वरिष्ठ चिकित्सकसहित नौजनाको टोलीले सहयोग गरेको थियो। शिविरमा ४० जनाभन्दा बढीलाई निःशुल्क सेवा उपलब्ध गराइनुका साथै १६ जनाको ल्याब टेस्ट र नौजनाको ओटी गरी सबैलाई निःशुल्क औषधि वितरण गरिएको संस्थाले जनाएको छ।



## लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०२/०६

यस सा व उ स वाट संकलित खयर काठ ६३४.५९ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**सिसरामण्डली सा. वन उपभोक्ता समूह, ऋषिङ ४, तनहूँ।**





**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राष्ट्रिय अनुसन्धान विभाग**
**राष्ट्रिय अनुसन्धान मधेश प्रदेश कार्यालय**
**धनुषा, जनकपुरधाम**

## प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना

यस कार्यालयबाट प्रकाशित तथा www.bolpatra.gov.np/egp को तपशिल बमोजिमको ठेक्काहरुको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सूचना सम्बन्धित सबैमा जानकारीको लागि आज मिति २०८२/०२/०६ मा प्रकाशित गरिएको छ।

**तपशिल**

| S. N. | Contract No. | Description of Work | Name of Successful Bidders | Opening Date, Time and Venue | Remarks |
|---|---|---|---|---|---|
| 1. | NIDO/ Madhesh/ WORKS/ NCB/01/ 2081-082 | Construction of National Investigation Madesh Province Office and District Office Building in Janakpurdham, Dhanusha. | Chaudhary Construction, Gaur-5, Rauthat | **Date:** 2082/02/13 **Time:** 1:00 PM **Venue:** National Investigation Madhesh Province Office. | |
| | | | Habitat Construction Engineering Pvt. Ltd., Kathmandu | | |
| | | | Shree Bhagat Construction, Jaleshwor-2, Mahottari | | |
| | | | SCPL-YNS JV, Janakpur-02, Dhanusha | | |

**कार्यालय प्रमुख**

# ‘राजनीतिक भ्रमण’मा शनिबार चीन जाँदै पूर्वराष्ट्रपति भण्डारी

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

एमालेको सक्रिय राजनीतिमा फर्कने चर्चा र गृहकार्यमा जुटेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी शनिबार चीन भ्रमणमा जान थालेकी छिन् । चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको निमन्त्रणामा उनी एक साताका चीन जाँदै छिन् । उनी २४ देखि ३० जेठसम्म चीनमा रहने कार्यक्रम छ । राष्ट्रपतिबाट बिदा भएपछि उनको यो पहिलो अन्तर्राष्ट्रिय भ्रमण हुनेछ ।

चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओलीले पूर्वराष्ट्रपति भण्डारी शनिबार चीन जाने कार्यक्रम रहेको पुष्टि गरे । ‘उहाँ चीन जाने कार्यक्रम तय भएको हो,’ सगरमाथा संवादका लागि काठमाडौं आएका राजदूत ओलीले नयाँ पत्रिकासँग भने । राजदूत ओलीले पूर्वराष्ट्रपति भण्डारीको भेटवार्ता तथा कार्यक्रमबारे विस्तृत विवरण जानकारी भइनसकेको बताए ।

राजदूत ओलीले पूर्वराष्ट्रपति भण्डारीको भ्रमणकै तयारीका लागि मंगलबार बेइजिङ जाँदै छन् । ‘पूर्वराष्ट्रपतिको भ्रमण तयारीकै लागि राजदूत मंगलबार नै बेइजिङ फर्किन लाग्नुभएको छ । उहाँलाई भ्रमणको समन्वय गर्न भनिएको छ,’ परराष्ट्र स्रोतले नयाँ पत्रिकासँग भन्यो । पूर्वराष्ट्रपतिका सबै भेटवार्ता तथा सार्वजनिक कार्यक्रमहरूमा राजदूत ओली सहभागी हुनेछन् । पूर्वराष्ट्रपति भण्डारीलाई बेइजिङस्थित नेपाली राजदूतावासले स्वागत गर्ने कार्यक्रम भने राखिएको छैन ।

> बेइजिङ र अन्य दुई प्रान्तमा आयोजित तीनवटा कार्यक्रममा सहभागिता जनाउने, चिनियाँ कम्युनिस्ट पार्टीका उच्चस्तरीय नेतासँग भेटवार्ता गर्ने



कूटनीतिक स्रोतका अनुसार चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियान्चाओको निमन्त्रणामा पूर्वराष्ट्रपति भण्डारीको भ्रमण हुन लागेको हो । भण्डारीको भ्रमणदलमा उनीनिकट मानिने एमालेका नेताहरू पनि सहभागी हुने बताइएको छ ।

पूर्वराष्ट्रपति भण्डारीले बेइजिङ र अन्य दुई प्रान्तमा आयोजित तीनवटा कार्यक्रममा सहभागिता जनाउने कार्यक्रम छ । बेइजिङमा आइतबार र सोमबार चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागले आयोजना गर्ने छिमेकी मुलुकहरूसँग सिपिसीको संवादसम्बन्धी कार्यक्रमलाई उनले सम्बोधन गर्ने स्रोतले जनाएको छ । कार्यक्रममा दक्षिण एसियाका अन्य मुलुकका प्रतिनिधि पनि सहभागी हुनेछन् । बेइजिङमा पूर्वराष्ट्रपति भण्डारीले चिनियाँ कम्युनिस्ट पार्टीका उच्चस्तरीय नेतासँग भेटवार्ता गर्ने तयारी रहेको कूटनीतिक स्रोतले जनाएको छ । ‘चिनियाँ राष्ट्रपति सी जिनपिङसँग शिष्टाचार भेट गर्ने पूर्वराष्ट्रपति भण्डारीको इच्छा चिनियाँ पक्षलाई पहिले नै जानकारी गराइएको छ । यद्यपि, यसबारेमा चीन पक्षबाट जवाफ आइसकेको छैन,’ कूटनीतिक स्रोतले भन्यो, ‘तर, भण्डारीको भ्रमणलाई चीन सरकार र चिनियाँ कम्युनिस्ट पार्टीले उच्च महत्त्व दिएको छ ।’

पूर्वराष्ट्रपति भण्डारीले छिमेकी चीन र भारतको भ्रमण गर्ने सार्वजनिक गर्दै आएकी थिइन् । उनी गत वर्ष चीन जाने तयारी रहे पनि हुन सकेको थिएन । ‘उहाँ चीनबाट फर्केर आएपछि सम्भवतः भारतको पनि भ्रमणमा जानुहुन्छ जस्तो लाग्छ,’ भण्डारीनिकट एमालेका एक नेताले भने ।

भण्डारीले राष्ट्रपतिको हैसियतमा ११-१९ वैशाख, ०७६ मा चीनको राजकीय भ्रमण गरेकी थिइन् । उनी चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा चीन गएकी थिइन् । राष्ट्रपति रहँदा भण्डारीको निमन्त्रणामा चिनियाँ राष्ट्रपति सी २५ देखि २६ असोज, २०७६ मा नेपालको राजकीय भ्रमण गरेका थिए ।

## ग्लोबल...

पृष्ठ १ बाट क्रमशः

युएई भने बाहिरिएको छ । समूह विजेताका लागि अब नेपाल र थाइल्यान्डबिच प्रतिस्पर्धा हुनेछ ।

सन् २००७ देखि सुरु भएको नेपाली महिला क्रिकेट टिमले पहिलोपटक ग्लोबल छनोटमा स्थान बनाएको हो । सन् २००७ देखि नेपाली टिमको सारथि पूर्वकप्तान रुबिना क्षेत्री र सीता रानामगर हुन् ।

यसअघि नै महिलाको यू-१९ टिमले विश्वकप खेलिसकेको छ । यो उपलब्धि अघिल्लो वर्ष मात्रै पूजा महतोको कप्तानीमा हात परेको थियो । पूजा अहिले सिनियर टोलीको उपकप्तान हुन् । यता, पुरुषको सिनियर टोलीले दुईपटक टी-२० विश्वकप खेलिसकेको छ । उमेर समूहले पनि निकैपटक विश्वकपमा स्थान बनाइसकेको छ ।

निर्णायक खेलमा कप्तान इन्दु बर्मा चम्किएपछि नेपाल तीन बलअघि नै जित निकाल्न सफल भयो । टस हारेर ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ११४ रनको योगफल तयार पारेको थियो । प्रत्युत्तरमा नेपालले तीन बल बाँकी रहँदा पाँच विकेट गुमाउँदै जित निकाल्यो ।

नेपालका लागि कप्तान इन्दु बर्माले २८ बलमा दुई चौकासहित अविजित ३० रनको योगदान गरिन् । यसैगरी, रुबिना क्षेत्रीले २३, सम्झना खड्काले २१ र पूजा महतोले १३ रन बनाए । युएईका लागि मिसेल बोथ, सुरक्षा कोटे, वैष्णभी महेश र कप्तान ईशा ओजाले एक विकेट लिए ।

यसअघि युएईका लागि कप्तान ईशा ओजाले सर्वाधिक ३९ रन बनाएकी थिइन् । तीर्थ सतिशले २१, हिना होटचन्दनीले २० र लाभन्या केनीले १२ रन बनाएका थिए । नेपालका लागि मनीषा उपाध्यायले चार, कविता कुँवरले दुई तथा राजमती ऐरीले एक विकेट लिए । इंग्ल्यान्डमा आयोजना हुने आइसिसी टी-२० महिला विश्वकपमा स्थान बनाउन भने नेपालको अर्को परीक्षा बाँकी नै छ । विश्वकपमा आयोजकसँगै टेस्ट राष्ट्रहरू अस्ट्रेलिया, भारत, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, वेस्ट इन्डिज, पाकिस्तान र श्रीलंकाको स्थान पक्का भैसकेको छ । वरीयताको आधारमा पाकिस्तान र श्रीलंकाले स्थान बनाएका हुन् ।

कुल १२ टोली सहभागी हुने टी-२० महिला विश्वकपमा चार स्थान ग्लोबल छनोटमार्फत तय हुनेछन् । ग्लोबल छनोटमा नेपाल र थाइल्यान्डसँगै बंगलादेश, अमेरिका र स्कटल्यान्डको सहभागिता सुनिश्चित भइसकेको छ । युरोप क्षेत्रबाट आयरल्यान्ड र नेदरल्यान्ड्सले छनोटमा स्थान बनाउने सम्भावना रहेको छ । अफ्रिकाबाट युगान्डा, जिम्बावे र नामिबियाजस्ता टोली प्रतिस्पर्धामा आउने अपेक्षा गरिएको छ । यी १० टोलीको प्रतिस्पर्धापछि मात्रै टी-२० महिला विश्वकप २०२६मा सहभागिता जनाउने अन्तिम चार टोलीको टुंगो लाग्नेछ ।

ग्लोबल छनोटमा प्रवेश गरेपछि कप्तान इन्दु बर्माले मिहिनेतको फल प्राप्त भएको प्रतिक्रिया दिइन् । ‘लामो समयको अन्तरालमा यो उपलब्धि पहिलोपटक हासिल गरेका छौँ । हामीले धेरै मिहिनेत गरेका थियौँ । त्यसको फल प्राप्त भएको छ । सम्भावनाको ढोका पनि खुलेको छ । उपलब्धिपछि सारा नेपाली खुसी भएका छन् । यो उपलब्धि सबै नेपालीमाझ समर्पित गर्न चाहन्छौँ ।’

क्यानसचिव पारस खड्काले आकस्मिक नभई संघर्षको परिणाम भएको बताए । ‘नेपाली महिला क्रिकेट टिमको आजको जित कुनै आकस्मिक परिणाम होइन, यो त उहाँहरूले ब्याट र बल समातेको पहिलो दिनदेखि नै सुनिश्चित भइसकेको भविष्य थियो । अडिग भएर अघि बढ्नुस्,’ उनले भने, ‘ क्रिकेट खेलेर के हुन्छ र ? भन्ने प्रश्नहरूका बिच राष्ट्रको प्रतिनिधित्व गर्दै आफ्नो जीवन खेलप्रति समर्पित गर्नु साँच्चै सजिलो कुरा होइन ।’

यस्तै, छनोट समिति संयोजक लेखबहादुर (एलबी) क्षेत्रीले २१ वर्षपछि आएको उपलब्धिले खेलाडीलाई मनोवैज्ञानिक रूपमा बलियो बनाएको बताए । ‘महिला क्रिकेट टिमले अन्तर्राष्ट्रिय क्रिकेट सुरु गरेको १८ वर्षपछि विश्वकप छनोटको ग्लोबल छनोटमा स्थान बनाउन सफल भएको छ । बाँकेबाट सुरु भएको महिला क्रिकेटले यो कालखण्डमा ठुलो आरोह-अवरोह बेहोर्न पुग्यो । पछिल्लो दुई वर्षमा क्रिकेट निकै राम्रो भएको छ,’ उनले भने, ‘केही खेलाडीले आफ्नो करियरको उत्तरार्धमा राम्रो प्रदर्शन गर्नुभएको छ । खेलाडीलाई मनोवैज्ञानिक रूपमा बलियो बनाएको छ । अब विश्वकपमा स्थान बनाउन स्तरीय मैदान र खेलाडीलाई निरन्तर खेल्ने वातावरण चाहिन्छ ।’

ग्लोबल छनोटमा स्थान बनाएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली टिमलाई बधाई दिएका छन् । उनले यसलाई ऐतिहासिक उपलब्धि भन्दै सामाजिक सञ्जालमा लेखेका छन्, ‘नेपाली छोरीहरूलाई बधाई ! २०२६ महिला टी-२० विश्वकप ग्लोबल छनोटमा नेपाल पहिलोपटक प्रवेश गरेको छ । नेपालका लागि गर्वको क्षण हो । हार्दिक बधाई तथा शुभकामना ।’

## ‘रविको...

पृष्ठ १ बाट क्रमशः

राउत र अर्का अधिवक्ता पुष्पराज पाण्डे न्यायाधीश पाण्डेको नातेदार रहेको मुद्दासम्बद्ध एक कानुन व्यवसायीले बताए । तर, सर्वोच्चले भने मुद्दा के कारणले ‘हेर्न निमल्ने’ भएको हो केही खुलाएको छैन । सोमबार ‘हेर्न नमिल्ने’मा परेको भन्दै मंगलबारका लागि अर्को पेसी तोकेको छ ।

मुद्दामा बहस गर्ने वकिलहरूको वकालतनामा पहिले नै परेको हुन्छ । वकालतनामाअनुसारकै वकिलहरूले इजलासमा बहस गर्ने हुन् । तर, ती वकिलहरूको न्यायाधीशसँग नाता सम्बन्ध रहेको विचारसम्म नगरी ‘हेर्न मिल्ने’ भनेर फेरि ‘हेर्न नमिल्ने’ न्यायाधीशकै बिचमा गोलाप्रथा गराउँदा बन्दी प्रत्यक्षीकरणजस्तो संवेदनशील मुद्दा फेरि लम्बिएको छ ।

एक महिनाअघि दायर मुद्दा सातपटक इजलासमा पुगेकोमा एकपटक मात्र आदेश भएको छ भने ६ पटक हेर्न नमिल्ने इजलासमा परेको छ । गत ७ वैशाखमा रविपत्नी निकिता पौडेलले अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गराएकी थिइन् । पहिलो पेसी न्यायाधीश हरिप्रसाद फुयाँलकोमा परे पनि उनले हेर्न नमिल्ने भएपछि ९ वैशाखमा अब्दुल अजिज मुसलमानको इजलासबाट कारण देखाऊ आदेश जारी भएयता यस मुद्दामा सुनुवाइ हुन सकेको छैन ।

२८ वैशाखमा न्यायाधीशद्वय सुनीलकुमार पोखरेल र बालकृष्ण ढकालको इजलासले हेर्न नमिल्ने भनेको थियो भने ३० वैशाखको पेसीमा न्यायाधीश फुयाँल र तिलप्रसाद श्रेष्ठको इजलासमा पनि यस्तै भयो । ३१ वैशाखको पेसीमा नहकुल सुवेदी र मुसलमानको इजलासमा हेर्न नमिल्ने भएकोमा ४ जेठको पेसी तोकिएपछि फेरि उस्तै अवस्था आयो । यसपछि मुद्दा हेर्न मिल्ने न्यायाधीशहरूबिच मात्र गोला प्रक्रिया गर्ने आदेश भएको थियो ।

बुटवलको सुप्रिम सहकारी ठगीमा रविसमेत प्रतिवादी बनाइएका छन् । जिल्ला अदालत रुपन्देहीले धरौटी माग गरे पनि उच्चले उक्त आदेश उल्ट्याउँदै थुनामा पठाउने आदेश गरेको थियो । यसैको बदरसहित रविले एउटा निवेदन दिएका छन् भने उनकी पत्नी पौडेलले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गराएकी हुन् । उच्चको आदेश बदरसहित थुनुवाको निवेदन दर्ता गराएका रवि र यसै मुद्दाका अर्का प्रतिवादी छविलाल जोशीको निवेदन पनि सँगसँगै सुनुवाइ भइरहेको छ ।

## बालेनलाई...

पृष्ठ १ बाट क्रमशः

नं. ५ का वडाध्यक्ष वीरेन्द्र प्रजापतिलाई संयोजक तोकेका थिए । कार्की र राजभण्डारी कांग्रेस तथा प्रजापति एमालेबाट निर्वाचित वडाध्यक्ष हुन् । बालेनले चार समितिको संयोजक हेरफेर गरेकामा विधायन समिति संयोजक तोकिएकी वडा नं. १६ की वडाध्यक्ष रोजिना श्रेष्ठले भने जिम्मेवारी स्वीकार गरेकी छिन् । श्रेष्ठ राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएर निर्वाचित भएकी हुन् । यसअघि यी समितिमध्ये तीनमा कांग्रेस र एकमा एमालेका वडाध्यक्ष संयोजक थिए ।

बालेनका स्वकीय सचिव भूपदेव शाहले समितिको नेतृत्व लिन अस्वीकार गर्दै राजीनामा लिएका संयोजकहरूसँग छलफल गर्ने र दिइएको जिम्मेवारी नलिए अर्को निर्णय नहुँदासम्मका लागि समितिहरू निष्क्रिय हुने बताए ।

कारबाहीमा परेका प्रमुख प्रशासकीय अधिकृत गुरागाईंलाई २१ चैतमा उपमेयर डंगोलले नेतृत्व लिएर ढोका नै फोडेर कार्यालय भित्र्याएपछि बालेन-डंगोल भेटघाट पनि ठप्प भएको छ । केही वडाध्यक्षले बालेनलाई एक्लाएक्लै भेट्ने गरेका छन् । बालेन र महानगर प्रवक्ता नवीन मानन्धरबिच पनि त्यसयता भेट भएको छैन । त्यस्तै, बालेन र गुरागाईंबिच पनि भेटघाट र बोलचाल ठप्प छ । दुवै आ-आफ्नो कार्यकक्षमा आउने र काम गरेर फर्किने गरेका छन् । कार्यालय सञ्चालनको विषयमा समन्वय र सहकार्य हुन सकेको छैन ।

‘प्रशासकीय अधिकृतको विषयमा संघ सरकारले मेयरज्यूलाई निकै असहयोग गऱ्यो, प्रसस्त आधार देखाउँदा पनि महानगरमा जबर्जस्ती पठाइयो,’ बालेनको सचिवालयका एक सदस्यले भने, ‘सोही कारण मेयरज्यूले उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतसँग भेटघाट गर्नुभएको छैन । उहाँले सुशासनका लागि पहल गर्दा संघ सरकारले प्रतिशोध राख्यो । हामी व्यक्ति (गुरागाईंप्रति)केन्द्रित होइनौँ, व्यक्तिगत रूपमा कुनै लेनादेना छैन । तर, अख्तियारले छानबिन गरिरहेको कुरा हो, हामीले सुशासनप्रति ध्यान दिएका हौँ ।’

गुरागाईंले मिलेमतोमा काठमाडौं टावरको नक्सापास गरेको भन्दै बालेनले उनलाई ७ पुसमा निलम्बन गरेका थिए । निलम्बनपछि उनको कार्यकक्षमा ताला नै लगाइएको थियो । बालेनको सचिवालयले नै गुरागाईंमाथि छानबिन अघि बढाएको थियो भने नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाइदिन संघ सरकारसँग अनुरोध गरेको थियो । तर, सरकारले नयाँ प्रशासकीय अधिकृत नपठाइदिएपछि चार महिनासम्म महानगरपालिका कर्मचारीको तलब र अन्य भुक्तानीको काम रोकिएको थियो । यही बिचमा सरकारले गुरागाईंमाथिको आरोप पुष्टि हुन नसकेको भन्दै उनलाई नै महानगरमा हाजिर गर्न पठाएपछि त्यसले राजनीतिक लफडाको रूप लियो ।

### संघ सरकारका कारण रद्द भयो बालेनको जापान भ्रमण

संघ सरकारले समयमै सूचना नदिँदा हालै मेयर बालेनको जापान भ्रमण पनि रोकिएको छ । मन्त्रिपरिषद्ले समयमै निर्णय नगरेको र ढिला गरेको निर्णयबारे समयमै जानकारी नदिएका कारण भ्रमण रोकिएको हो । उनी २८ वैशाखमा जापानको युएनसिआरडी स्मार्ट सिटीसम्बन्धी वर्कसपका लागि जानुपर्ने थियो । तर, मन्त्रिपरिषद्ले २५ वैशाखमा मात्रै भ्रमण स्वीकृत गरेर २६ वैशाखमा जानकारी दिएको थियो । ढिलो निर्णय र सूचना प्राप्त भएकाले भ्रमण रोक्नुपर्ने अवस्था आएको बालेनका स्वकीय सचिव भूपदेव शाहले बताए । ‘जापान जान सचिवालयले १० दिनअघि नै संघ सरकारसँग अनुमतिका लागि पत्र पठाएको थियो, तर मन्त्रिपरिषद्को बैठकमा ढिलो लगियो,’ उनले भने, ‘ढिलैगरी सूचना आएकाले तयारी नपुग्दा भ्रमण रोक्नुपऱ्यो ।’

### बालेनलाई गणतन्त्र मूल समारोह समितिमा नराख्न प्रधानमन्त्री ओलीको निर्देशन

संघ सरकारबाट असहयोग भएको गुनासो काठमाडौं महानगरले गरिरहेका वेला प्रधानमन्त्री केपी ओलीले काठमाडौंका मेयर बालेन शाहलाई गणतन्त्र मूल समारोह समितिमा नराख्न निर्देशन दिएका छन् । गणतन्त्र दिवस मनाउन मूल समारोह समिति गठन गर्ने सोमबारको कार्यक्रममा उपस्थित नभएको भन्दै ओलीले बालेनलाई अर्कोपटकदेखि बैठकमै नबोलाउन र समितिमा नाम पनि नराख्न गृह मन्त्रालयलगायत निकायलाई निर्देशन दिएका हुन् । ‘एकपल्टको कुरा होइन, दुईपल्टको कुरा होइन, तीन पल्ट होइन, तीनपल्ट लगातार आएन भने त अर्कोपल्टसम्ममा सोधीखोजी गर्नुहोला, रेकर्ड हेर्नुहोला, को-को आउँदैनन्, सोधेर आउने होइन, आउन सकिन्न भने नाम राखिन्न, इतिहास बनिरहने, नाम छापिरहने, मान्छे नआउने ?’ प्रधानमन्त्री ओलीले भने ।

मेयर बालेनका स्वकीय सचिव भूपदेव शाह प्रधानमन्त्रीको यस्तो अभिव्यक्तिले काठमाडौं महानगर केन्द्र सरकारविहीनताको अवस्थामा रहेको पुष्टि गरेको बताउँछन् । ‘सिंहदरबारको सरकारबाट संविधानको मर्मअनुसार सहअस्तित्व, सहकार्य र समन्वय भएन, हाम्रो लागि केन्द्र सरकारविहीनताको अवस्था छ,’ उनले भने, ‘आजको प्रधानमन्त्रीको अभिव्यक्तिले पनि यसलाई थप स्पष्ट पारेको छ । सिंहदरबारले स्थानीय सरकारलाई सरकार देखेन, एउटा शाखा मात्र देख्यो ।’

प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रकाश सिलवालले अर्कोपटकदेखि बैठकमा नआए नाम नराखिने छलफल बैठकले गरेको बताए । ‘योपटक होइन, अर्कोपटक पनि कुनै पनि महानगरको प्रमुख नआए नाम नराख्ने छलफल भएको हो,’ उनले भने, ‘यसपटक त नाम राखिएकै छ ।’

## ओली–बालेन...

पृष्ठ १ बाट क्रमशः

थाल्नुभएछ,’ उनले लेखे । विवाद बढ्दै जाँदा बालेन समर्थकले ओलीको फेसबुक पेज अनफलो अभियान नै चलाए ।

ओलीसँग बालेनको अर्को टकरावको विषय एमाले लुम्बिनी प्रदेश सांसद रेखा शर्मासम्बन्धी मुद्दा हो । शर्माको घरमा काम गर्ने एक बालिकालाई महानगरपालिकाले गत वर्ष जेठमा उद्धार गरेको थियो । छानविनको क्रममा उनलाई शर्माले यातना दिने गरेको खुल्यो । सोही आधारमा महानगरले सांसद शर्माविरुद्ध काठमाडौं प्रहरीमा जाहेरी दियो । तर, ओली सरकारकै दबाबमा शर्माविरुद्ध मुद्दा नचलाउने निर्णय गरिएकोमा बालेन आक्रोशित बनेका थिए । पछिल्लो समय प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर टकराव चलिरहेको छ ।

## तापक्रम ह्वात्तै...

पृष्ठ १ बाट क्रमशः

२२. ४ डिग्री सेल्सियस पुगेको देखिन्छ । बाढी आएको क्षेत्रको तापक्रम उपलब्ध नरहे पनि नजिकको स्टेसन सिमकोटको तथ्यांकका आधारमा तिलगाउँ क्षेत्रमा पनि औसत पाँच डिग्री सेल्सियसका हाराहारीमा तापक्रम बढेको आकलन विभागले गरेको छ । बाढीको दिन तिलगाउँभन्दा १४ किलोमिटर तलको हिल्सायारी वर्षामापन केन्द्रमा २४ घण्टामा ६.१ मिलिमिटर वर्षा भएको छ, प्रि-मनसुनमा हिमाली क्षेत्रमा यो वर्षा ठुलो नै हो ।

‘हिमताल फुट्नु/पग्लिनुअघिका कारण हेर्दा थामे र तिलगाउँमा मिल्दो देखिन्छ । आकस्मिक रूपमा तापक्रम बढ्दा घटना भएको हो,’ जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाका वरिष्ठ जलस्रोतविद् विनोद पराजुलीले भने, ‘तिलगाउँकै तापक्रम नरहे पनि विस्तृत त अध्ययनपछि खुल्छ ।’

विभागले तिलगाउँमा बाढी आउनुअघि र बाढीपछिको वर्षा तथा तापक्रमको प्रारम्भिक तुलना गर्दा वर्षाभन्दा पनि ह्वात्तै तापक्रम बढेर हिउँभित्रको ताल पग्लिएर पानी खोल्सी हुँदै बगेको बताएको छ ।

नाम्खा गाउँपालिका- ६ का वडाध्यक्ष पाल्जोर तामाङले पनि तालको पानी जमिनमुनिबाट खोल्सी हुँदै गाउँमा पसेको बताए । ‘त्यहाँ ताल छ भन्ने अहिलेसम्म जानकारी थिएन । बाढीपछि सुरक्षाकर्मीसँगै गएका स्थानीयले ताल फेला पारेका छन्,’ वडाध्यक्ष तामाङले भने, ‘सबै पानी बगेपछि ताल अहिले सुकेको छ । पहिरो जाने खतरा कम हुँदै गएको छ ।’

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) जलवायु तथा वातावरणीय जोखिम वरिष्ठ सल्लाहकार अरुणभक्त श्रेष्ठले भने, ‘यस्ता तालमा माथि हिउँ जमेको देखिए पनि भित्र पानी हुन्छ, भित्रभित्रबाट पानी निस्केको देखिन्छ । हिउँ पग्लनुको कारण तापक्रम एक्कासि बढ्नु हो ।’

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले एक्कासि तापक्रम बढ्दा हिउँ पग्लिएर बाढी गएको देखिए पनि विस्तृत अध्ययन हुने बताए । ‘यसबारे हामी विस्तृत अध्ययन गर्छौं,’ उनले भने ।


**आवश्यकता**

अविच्छिन्न बचत तथा ऋण सहकारी संस्था लि.न्युरोड, महाबौद्धका लागि एक जना कर्जा सहायक पुरुष कर्मचारीको आवश्यकता परेकोले व्यवस्थापन विषयमा कम्तीमा १२ कक्षा उर्तीण, दक्ष तथा अनुभवी नेपाली नागरिकले तुरुन्त सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

सम्पर्कः
फोनः०१-५३५८२७९/५३१६५२३
Email: asacos068@gmail.com


**रिलायन्स फाइनान्स लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा बस्ने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०६)

**शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८२/०२/०५ गते बसेको संचालक समितिको ३४४ औं बैठकको निर्णयानुसार यस रिलायन्स फाइनान्स लि. को पन्ध्रौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थानः**

मितिः २०८२ साल जेष्ठ महिना २८ गते, बुधबार (तद्नुसार ११ जुन, २०२५)
स्थानः अनुपम फुड ल्याण्ड एण्ड व्यांक्वेट प्रा.लि., बत्तीसपुतली, गौशाला, काठमाण्डौ ।
समयः दिनको ११:०० बजे ।

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८०/०८१ को पन्ध्रौं वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०८०/०८१ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षण समितीको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४. विविध ।

**(ख) विशेष प्रस्तावहरुः**

१. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA (Due Diligence Audit) गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनार्थ २०८२/०२/१४ गते एक दिन यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने जानकारी गराउंदछौ । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०२/१३ गते सम्म कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भई यस संस्थाको शेयर रजिष्ट्रार लक्ष्मी सनराईज क्यापिटल लि., कमलपोखरी काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन सक्नेछन् ।
२. साधारण सभाको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुले आ.ब. २०८०/०८१ को वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन संस्थाको केन्द्रिय कार्यालय वा शेयर रजिष्ट्रार लक्ष्मी सनराईज क्यापिटल लि. कमलपोखरीबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै उक्त प्रतिवेदन कम्पनीको वेवसाईट www.reliancenepal.com.np मा हेर्न वा डाउनलोड गर्न सक्नुहुनेछ ।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय कमलादीमा भौतिक वा ईमेल मार्फत दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ ।
५. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफनो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक व्यक्तिलाई मात्र तोक्न सक्नेछ । एक प्रतिनिधि फाराममा एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि प्रोक्सी नियुक्ति गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिनेछ । प्रतिनिधि नियुक्त गरि सकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वतः बदरहुनेछ ।
७. नावालक वा फरक क्षमता भएका शेयरधनीको तर्फबाट संस्थाको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग लिन मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।
८. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा संचालक समिति तथा संचालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।
९. अन्य जानकारीको लागि रिलायन्स फाइनान्स लिमिटेडको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu. Tel: 01-5323117, 5361041, 5903698, 5320698
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

**राधे-कृष्ण बचत तथा ऋण सहकारी संस्था लि.**

काठमाडौं महानगरपालिका वडा नं १६, बनस्थली, काठमाडौं
फोन नं. ०१-५९०५०३३, ५९०५०३४, इमेल ठेगाना : rksccl@gmail.com

**गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०६)

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न मितिमा लिएको कर्जाको साँवा, व्याज र हर्जाना रकम लिखत शर्त बमोजिम तोकिएको भाखा म्यादभित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरूको उल्लंघन गरेकोले कर्जा चुक्ता गर्न बारम्बार मौखिक एवं लिखित पत्रद्वारा ताकेता गर्दा समेत ऋणी, धितोदाता एवं जमानीकर्ताले तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, व्याज र हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएको साथै मिति २०८० मंसिर १४ गते, राष्ट्रिय दैनिक नयाँ पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज, हर्जाना तथा अन्य दैदस्तुर वापतको रकम संस्थामा चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले कर्जाको बाँकी बक्यौता असुलीका लागि यो गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो सम्पत्ति लिलाम विक्री गर्ने सम्वन्धी ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले कवोल गरेको रकमको न्युनतम १०% धरौटी बुझाएको सक्कलै भौचरसहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र चुक्ता गर्नु हुन समेत अनुरोध गरिएको छ । सो अवधिभित्र पनि संस्थाको लेना रकम चुक्ता भुक्तानी नगरेमा सुचना प्रकाशित भएको मितिले ३६औं दिन अर्थात मिति २०८२ आषाढ १० गते यस संस्थाको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १६, बनस्थली काठमाडौंमा दिनको ११:०० बजे प्राप्त बोलपत्र खोलिनेछ, उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दिनको ११:०० बजे बोलपत्रहरू खोलिने छ । साथै लिलाम बिक्रीमा कसैको बोलपत्र नपरेमा वा धितो सम्पत्ति कसैले सकार नगरेमा वा ऋणी वा धितोदाताले समेत कर्जाको साँवा व्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम चुक्ता नगरेमा सहकारी ऐन, नियमावली, अन्य प्रचलित कानुन एवं यस संस्थाको विनियम र ऋण नीतिले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो सम्पत्ति पुनः लिलाम बिक्री गर्ने वा संस्था आफैंले सकार गरि लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री वा संस्था स्वयंले सकार गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी वा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्ति समेतबाट बाँकी लेना रकम असुल उपर गरी ऋणी तथा धितो जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोदाता, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणी तथा धितोदाताको विवरण | धितोदाता र लिलाम बिक्री गरिने धितोको विवरण |
|---|---|---|
| १. | **ऋणीको नाम : सुशिल बज्राचार्य**<br>ना.प्र.प.न : ३५४७३/२९९१२<br>ना.प्र.प.न जारी मिति/ स्थान : २०५८।०८।१२, जि.प्र.का काठमाण्डौं<br>बाबु : पूर्ण बज्र बज्राचार्य<br>बाजे : बुद्ध बज्र बज्राचार्य<br>ठेगाना : स्थायी का.जि, का.म.पा वडा नं.२७ हाल नागार्जुन न.पा वडा नं. १, काठमाण्डौं । | **धितोदाता : सुशिल बज्राचार्य**<br>बाबु : पूर्ण बज्र बज्राचार्य<br>बाजे : बुद्ध बज्र बज्राचार्य<br>**धितोको विवरण :**<br>साविक ईचंगुनारायण गा.वि.स वडा न ९ हाल नागार्जुन न.पा.वडा न.१, सिट नं. १०२१०२२०४, कित्ता नं. १९६, क्षेत्रफल ७९.४७ व.मी जग्गा र सो जग्गामा बनेको ३½ घर समेत । |

**शर्तहरू :**

१. बोलपत्र फाराम यस संस्थाको बनस्थली स्थित कार्यालयबाट रकम रु.५००।- (फिर्ता नहुने गरी) मा खरिद गरि लिन सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइने छ ।
३. धितो अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ३५ औं दिनको कार्यालय समयभित्र बोलपत्र पेश गरिसक्नु पर्ने छ ।
४. धितो लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ३६औं दिन दिनको ११:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा प्राप्त हुन आएका बोलपत्रहरू खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय समयभित्र बोलपत्र खोल्न सकिने छ ।
५. लिलाम हुने सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
६. लिलाम गरिने सम्पत्तिको बारेमा लिलाम हुने मितिभन्दा अगावै संस्थामा सम्पर्क गरी जानकारी लिन सकिने छ ।
७. बोलपत्रमा आफुले कवोल गरेको अंकको न्युनतम १० प्रतिशतले हुन आउने रकम यस संस्थाको **ग्लोबल आईएमई बैंक लि.**मा रहेको खाता नं. **०१००१०१००००००८** मा धरौटी वापत जम्मा गरी रकम जम्मा गरेको सक्कलै भौचर वा यस संस्थामा नगदै जम्मा गरेको सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।
८. बोलपत्र फारम र अन्य कागजातहरू खामबन्दी गरी शिलबन्दी गरेको पत्रबन्दी खाम तोकिएको समयावधि भित्र कार्यालय समयमा संस्थामा दर्ता गर्नु पर्नेछ ।
९. बोलपत्र पेश गरिसकेपछि बोलकवोल अंक र अन्य कुनैपनि विषयमा हेरफेर हुने छैन । लिलाम स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । लिलाम स्थगित, अस्वीकृत वा रद्ध भएमा धरौटी रकम फिर्ता दिइने छ ।
१०. लिलाम स्वीकृत गर्दा अधिकतम अंकको वोलपत्र स्वीकृत गरिने छ । लिलाम स्वीकृत गरिएको बारे अधिकतम अंकको बोलपत्र पेश गर्ने वोलपत्रदातालाई लिखित जानकारी दिइने छ ।
११. लिलाम स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थालाई हुनेछ ।
१२. वोलपत्र फाराममा लेखिएको वाहेक अन्य शर्त राखिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१३. वोलपत्र बमोजिमको लिलाम स्वीकृत भएको जानकारी प्राप्त गर्ने वोलपत्रदाताले कवोल गरेको अंकको धरौटी वापत जम्मा गरेको रकम कटाई बाँकी हुन आउने सम्पूर्ण वोलकवोल रकम लिलाम स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र संस्थामा भुक्तानी नगरेमा धरौटी वापत राखेको रकम जफत गरी दोश्रो अधिकतम अंकको बोलपत्रदाताको वोलपत्र स्वीकृत गर्न वा लिलामी कारवाही रद्ध गरी नियमानुसार पुनः लिलामी प्रकृया अघि बढाउन सकिने छ ।
१४. लिलाम सदर भई लिलाम गरिएको अचल सम्पत्ति नामसारी रजिष्ट्रेशन दाखिल खारेज हुनुभन्दा अगावै ऋणी वा धितोदाता वा जमानीकर्ताले संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम संस्थामा बुझाएमा लिलामी प्रकृया रद्ध गरी वोलपत्रदाताले संस्थामा बुझाएको धरौटी तथा थप रकम समेत फिर्ता गरिनेछ । वोलपत्रदाताले संस्थामा जम्मा गरेको धरौटी रकममा व्याज दावी गर्न पाइने छैन ।
१५. लिलाम बिक्री सम्बन्धी थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७७

■ 'बी' डिभिजन लिग

# फुटबलमा भविष्य नदेखेपछि गोलरक्षक रोशनको सन्न्यास

**रमेश सुवेदी**/नयाँ पत्रिका

श्री कुमारी क्लबका कप्तान तथा गोलरक्षक रोशन खड्काले ३३ वर्षमै व्यावसायिक फुटबल करिअरबाट सन्न्यास लिएका छन् । दशरथ रंगशालामा सोमबार सहिद स्मारक 'बी' डिभिजन लिगमा सरस्वती क्लबविरुद्ध अन्तिम खेल खेल्दै रोशनले सन्न्यास घोषणा गरेका हुन् । दशरथ रंगशालाबाटै सुरु गरेको करिअरलाई उनले यसै मैदानबाट विश्राम लिए । करिअरकै आफ्नो अन्तिम व्यावसायिक खेलमा उनले श्री कुमारीलाई 'बी' डिभिजनको हैसियत रक्षा गराउन सफल भए । श्री कुमारीले सरस्वती युवा क्लबलाई २-० ले हराउँदै 'बी' डिभिजन मान्यता रक्षा गरेको हो । रोशनले भावुक हुँदै दशरथ रंगशालाको मैदान ढोगेका थिए । त्यसपछि श्री कुमारीका खेलाडी र पदाधिकारीले उनलाई गार्ड अफ अनरबाट सम्मान गरे । सहिद स्मारक 'ए' डिभिजन लिगको समेत रोशनसँग अनुभव छ । उनले नेपाल पुलिस क्लबबाट नौ वर्ष खेलेका थिए । पछिल्लो वर्ष भविष्य बनाउन उनी युएई पुगेका थिए ।

डेढ वर्ष युएईको बसाइपछि रोशन श्री कुमारीमा आबद्ध हुँदै 'बी' डिभिजन लिग खेल्न नेपाल आएका हुन् । कप्तानी र गोलरक्षकका रूपमा उनको पहिलो लक्ष्य नै क्लबलाई रेलिगेसनबाट रक्षा गर्नु थियो । जसमा उनी शतप्रतिशत सफल भएका छन् । फुटबल चलायमान नहुँदा खेलाडी पलायनको बाटो रोज्नुपरेको उनको भनाइ छ । 'देशमा फुटबल नभएर धेरै खेलाडी पलायन भइरहेका छन्, यहाँ खेलेरै जिउने वातावरण छैन,' रोशनले भने, 'वर्षौंपछि विदेशबाट फर्किँदा पनि देशमा फुटबल छैन । यही कारण सन्न्यास लिने निर्णयमा पुगेँ ।'



## नौ वर्ष पुलिसमा आबद्ध

धरानको स्थानीय क्लबबाट करिअर सुरु गरेका रोशनले करिअरकै पहिलो व्यावसायिक क्लबका रूपमा 'ए' डिभिजन फ्रेन्ड्सबाट खेलेका थिए । फ्रेन्ड्समा उत्कृष्ट प्रदर्शन गरेपछि उनलाई विभागीय टोली नेपाल पुलिसले अनुबन्ध गऱ्यो । उनले पुलिसबाट मोसफलमा धेरै उपाधि हात पारे । पुलिस क्लबमा धेरैले उनलाई पेनाल्टीमा उत्कृष्ट प्रदर्शन गर्ने गोलरक्षकका रूपमा लिने गर्छन् ।

खेल टाइब्रेकरमा जाने सम्भावना बढेपछि उनी मैदानमा अन्तिम समयमा छिर्ने गर्थे । 'पुलिसमा आबद्ध रहँदा मैले धेरैपटक अन्तिममा प्रवेश गरी टाइब्रेकरमा उपाधि दिलाएको सम्झना छ,' उनले भने । सन्न्यासपछि उनी अब मकाउ जाने योजनामा छन् । 'परिवारसँग पनि सल्लाह भयो । फुटबलभन्दा बाहिर नै सबैको रुचि पाए,' सन्न्यास लिनुको बाध्यता सुनाउँदै उनले भने, 'यहाँ फुटबलमै करिअर बनाउन नसकिने रहेछ ।'

## बिबिसी र श्री कुमारी जोगिए

श्री कुमारी र ललितपुरको ब्रिगेड ब्वाइज क्लब (बिबिसी) ले सहिद स्मारक 'बी' डिभिजन लिगको हैसियत जोगाएका छन् । लिगमा सोमबार भएका खेलमा दुवै टोली विजयी हुँदै रेलिगेसनबाट उम्केका हुन् । श्री कुमारीले सरस्वतीलाई २-० ले हराउँदा यमन महर्जन र मौसम राईले समान एक गोल गरे । श्री कुमारीले समान दुबै हाफमा एक-एक गोल गरेको थियो । श्री कुमारी १२ खेलमा १६ अंक जोड्दै छैटौं स्थानमा उक्लियो । समान खेलमा १५ अंक जोडेको सरस्वती १०औं स्थानमा झरेको छ ।

श्री कुमारीको खेलपछि टुसाल, अन्नपूर्ण र आरसिटी रेलिगेसन पर्ने सम्भावना बढेको छ । लिगमा मंगलबार आरसिटी र पाँचौं स्थानको वीरगन्ज युनाइटेडबिच प्रतिस्पर्धा हुनेछ । रेलिगेसनबाट बच्न आरसिटीलाई एक अंक आवश्यक छ । नयाँबस्ती क्लब रेलिगेसनमा पर्ने पहिलो क्लब हो । बिबिसीले च्यासल युवा क्लबलाई ४-१ ले पराजित गऱ्यो । ब्रिगेडको जितमा मुकुन्दकुमार निउरेले ह्याट्रिक गरेका थिए । च्यासलका लागि कमल थिङले एक गोल फर्काए । जितसँगै ब्रिगेडको १५ अंक छ । ब्रिगेड सातौं स्थानमा उक्लियो ।

## टुसालको उजुरी एन्फाबाट खारेज

टुसालले 'बी' डिभिजन लिगअन्तर्गत झापाविरुद्धको खेलमा दुई खेलाडी अवैधानिक भएको भन्दै राखेको उजुरी अखिल नेपाल फुटबल संघ (एन्फा)बाट खारेज भएको छ ।

झापाका बबिन बोहरा र सुमनबहादुर मगरले गत वर्ष सम्पन्न 'सी' डिभिजन लिगमा आरसी ३२ बाट खेलेको कारण उनीहरू 'बी' डिभिजनका लागि अयोग्य हुने भन्दै टुसालले आइतबार एन्फामा उजुरी गरेको थियो । एन्फाले टुसालको प्रमाण नपुगेको भनी उजुरी बदर भएको उल्लेख गरेको छ ।

## खेल संक्षेप

### लमजुङको खुदी बजारमा 'साम्बा चोक' नामकरण



**काठमाडौं**/ राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा)को नाममा उनकै गृहनगरको मुख्य चोकको नाम 'साम्बा' भएको छ । गाउँपालिकाले खुदी बजारको प्रमुख चोकको नामकरण साम्बा चोकका रूपमा गरेको छ । चोकमा सावित्राको पूर्णकदको स्तम्भ पनि बनाइएको छ । गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले सोमबार सावित्राको पूर्णकदको स्तम्भ उद्घाटन गरेका छन् । सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले उद्घाटनमा प्रमुख जिल्ला अधिकारीलगायत उपस्थित भएको बताए । कार्यक्रममा सावित्राका बुबा र आमालाई सम्मान गरिएको छ ।

### तेक्वान्दोमा ढल्को पहिलो

**काठमाडौं**/ दोस्रो एसकेबिसी बागमती प्रदेश आमन्त्रित तेक्वान्दो प्रतियोगिताको उपाधि ढल्को तेक्वान्दो डोजाडले जितेको छ । प्रतियोगितामा ढल्को सात स्वर्ण, पाँच रजत र तीन कांस्य जिदै टिम च्याम्पियन बन्यो । आयोजक एसकेबिसी तेक्वान्दो क्लब ५ स्वर्ण, ३ रजत र १० कांस्यसाथ उपविजेता भयो । तेस्रो स्थानको बालाजु तेक्वान्दो डोजाडले ४ स्वर्ण, ३ रजत र ६ कांस्य पदक हात पाऱ्यो । पुरुषमा जैशीदेवल तेक्वान्दो डोजाडका रावलहाङ लिम्बू तथा महिलामा गोर्खाली तेक्वान्दो डोजाडकी प्रतिमा भुजेल उत्कृष्ट खेलाडी घोषित भइन् । एसकेबिसीका सुवास बोहरा उत्कृष्ट प्रशिक्षक चुनिए भने कुमार लावत उत्कृष्ट निर्णायक ठहरिए ।

### सूर्य नेपाल च्यालेन्ज आजदेखि

**काठमाडौं**/ सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्ज मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरु हुँदै छ । ७२ होलको चार दिनसम्म चल्ने प्रतियोगितामा ३६ प्रोफेसनल र ११ एमेच्योर खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । ३६ होलको समाप्तिमा कट लागू हुनेछ । जहाँ शीर्ष २१ प्रोफेसनल र एमेच्योर खेलाडीले बाँकी ३६ होलका लागि स्थान बनाउनेछन् । प्रतियोगितालाई थप रोमाञ्चक बनाउन कोर्सलाई पनि सोहीअनुसार कठिन बनाइएको छ ।

### नेपाल टिम च्याम्पियन

**काठमाडौं**/ नेपाली टोली सगरमाथा अन्तराष्ट्रिय कराँते प्रतियोगिताको च्याम्पियन बनेको छ । प्रतियोगितामा ३५ स्वर्णसहित नेपाल पहिलो भएको हो । नेपालबाट सहभागीमध्ये आयोजक नक्साल डोजोले सर्वाधिक ६ स्वर्ण र ४ रजत जित्यो । १४ स्वर्ण २३ रजत र ४४ कांस्यसहित भारत दोस्रो भयो । समान एक स्वर्ण, रजत र २ कांस्य जितेको बंगलादेश तेस्रो भएको छ । कतारले चौथो स्थान हात पारेको छ । नुवाकोट कराँते टिम अनुशासित टिम भयो ।

### एसियन कराँतेमा ११ खेलाडी सहभागी हुने

**काठमाडौं**/ २१औं एकेएफ एसियन सिनियर कराँते च्याम्पियनसिपमा नेपालबाट ११ जना खेलाडीले भाग लिने भएका छन् । प्रतियोगिता ९ देखि ११ जेठसम्म हुनेछ । च्याम्पियनसिपमा सहभागी हुने खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका छन् । सोनिम मानन्धर, साजन मोक्तान, मीनबहादुर तामाङ, सन्तोष श्रेष्ठ, महमद सेखु आलम, तेन्जिङ शेर्पा, सानुमाया थिङ, अञ्जली महर्जन, सविना श्रेष्ठ, निरुपा दोङ तामाङ, र एरिका गुरुङले प्रतिस्पर्धा गर्ने नेपाल कराँते महासंघले जनाएको छ ।

■ आइपिएल-२०२५

# लखनउ प्लेअफबाट बाहिरियो



**एजेन्सी**

लखनउ सुपर जायन्ट इन्डियन प्रिमियर लिग (आइपिएल)को प्लेअफ दौडबाट बाहिरिएको छ । आइपिएलअन्तर्गत सोमबार सनराइजर्स हैदराबादसँग ६ विकेटले पराजित हुँदा लखनउ समूह चरणबाटै बाहिरिएको हो । हैदराबादलाई हराउँदा लखनउको प्लेअफ सम्भावना जीवितै रहने थियो । जित्नुपर्ने खेलमा हारको सामना गरेपछि लखनउ १० अंकका साथ सातौं स्थानमा सीमित भयो । हैदराबाद नौ अंकका साथ आठौं स्थानमा रह्यो । पहिलो ब्याटिङ गरेको लखनउले २० ओभरमा सात विकेट गुमाएर २०५ रन बनाएको थियो । प्रत्युत्तरमा हैदराबादले १८.२ ओभरमा चार विकेटको नोक्सानीमा २०६ रन बनायो । लक्ष्य पछ्याएको इनिङ्समा हैदराबादका लागि ईशान किसन र अभिषेक शर्माले दोस्रो विकेटका लागि ८२ रनको साझेदारी गरेका थिए । दुवैले समग्रमा ३५ बलको सामना गरे । हैदराबादले पहिलो विकेट १.४ ओभरमा १७ रनमा गुमाएको थियो । त्यसपछि अभिषेक र ईशानले टोलीलाई ७.३ ओभरमा ९९-२ को बलियो स्थितिमा पुऱ्याए । अभिषेकले २० बलमा ६ छक्का र चार चौका प्रहार गरी सर्वाधिक ५९ रन जोडे । उनले केवल १८ बलमा अर्धशतक पूरा गरेका हुन् । इनिङ्सको ११.३ ओभरमा ईशानले आफ्नो विकेट गुमाउनुअघि २८ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३५ रनको योगदान दिएका थिए ।

## शतकीय पहिलो विकेट साझेदारी

यसअघि ब्याटिङ गरेको लखनउले ओपनिङ उत्कृष्ट सुरुवात पाएको थियो । मिचेल मार्स र एडेन मार्क्रामले पहिलो विकेटका लागि ६३ बलमा एक सय १५ रनको शतकीय साझेदारी गरेका थिए । दुवैले १०.३ ओभरसम्म ब्याटिङ गरी लखनउलाई बलियो स्थितिमा राखे । लखनउले पहिलो विकेटका रूपमा मिचेललाई गुमाएको थियो । उनले ३९ बलमा ६ चौका र चार छक्का प्रहार गरी सर्वाधिक ६५ रन बनाए ।

कप्तान ऋषभ पन्तले ६ बलमा सात रन बनाए । इनिङ्सको १५.४ ओभरमा मार्क्रामले आफ्नो विकेट गुमाए । उनले ३८ बलमा समान चार चौका र छक्का प्रहार गराई ६१ रनको योगदान दिए । मार्क्राम र निकोलास पुरनले तेस्रो विकेटका लागि २३ बलमा ३५ रनको साझेदारी गरेका थिए । त्यसपछि लखनउका लागि कुनै पनि विकेटका लागि गतिलो साझेदारी भएन ।


## अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | मालबस्तुको बिवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Scooter | SCOOTER | ATHER | RIZTA S MX06 | Peak Motor Power 4.3kW, Rated Motor Power 3.3kW, Battery 2.9kWh | INDIA | 1 | 294,999.00 | 294,999.00 |

**बैद्य ईनर्जी प्रा. लि.**

आनन्दनगर, धुम्बाराही, काठमाडौं

एक्जीम कोड नं : ६०६८४६७०१०१४८एनपी, फोन नं.: ४००८८०१-५



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ०५३-५२०२४३
०५३-५२०११३

## आन्तरिक राजस्व कार्यालय सिमरा

**बक्यौता कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मितिः २०८२/०२/०६

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरूको बक्यौता कर रकम दाखिला गर्न मौखिक जानकारी ,टेलिफोन सम्पर्क र विभिन्न मितिमा संकलन भ्रमण गरी कार्यालयको अभिलेखमा भएको ठेगानामा विभिन्न मितिमा पत्र पठाईएकोमा हालसम्म बक्यौता रकम दाखिला नगरेको तथा बक्यौता फरफारक नगरेकोले मिति २०८२/०२/०५ सम्मको बक्यौताको आधारमा यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरी सकेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा, आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०४ देखि १११ सम्मको, अन्तःशुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा १०ज तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २१ को उपदफा (१) मा उल्लेखित कुनै वा सबै प्रावधानहरूको हदैसम्मको प्रक्रिया अवलम्वन गरी बक्यौता कर रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा सरोकारवालालाई जानकारी गराईन्छ ।

| क्र.सं. | स्था.ले.नं | करदाताको नाम | ठेगाना | प्रो./सं.को नाम | बक्यौताको प्रकार |
|---|---|---|---|---|---|
| १ | ३०००२०३४६ | श्रीराम सुगर मिल्स लिमिटेड | महम्मदपुर ५ गरुडा | रमा कान्त पारिक | आयकर/ मू.अ.कर |
| २ | ६०१८७७०५२ | श्री बाबा बैजुनाथ सुगर एण्ड के.इ.प्रा.लि. | कटहरिया - ६ रौतहट | बैजु प्रसाद बावरा | मू.अ.कर |
| ३ | ३०००२०५३९ | आरती सोप एण्ड के.ई. प्रा.लि. | जीतपुरसिमरा -९ | श्रीमती किरण लोहिया | मू.अ.कर |
| ४ | ६०६६०९३४२ | जय पशुपतिनाथ सिन्प्याक्स प्रा.लि. | प्रसौनी -६ बारा | तुलसी शाह | मू.अ.कर |
| ५ | ६०६५६१०९९ | सन्देश लेवर सप्लायर्स प्रा. लि. | जीतपुरसिमरा - ७ बारा | सन्देश सप्लायर्स | मू.अ.कर |
| ६ | ३०००२१०३७ | श्री सिद्धी टेक्सटाइल्स प्रा.ली | श्री पुर मुर्ली १६ पर्सा | प्रमोद कुमार महत्तो | मू.अ.कर |
| ७ | ६०७४०४३७३ | पुष्पाञ्जली ट्रेडङ | चन्द्रपुर - ४ रौतहट | बिष्णु प्रसाद घिमिरे | आयकर/ मू.अ.कर |
| ८ | ६०२४८६०६६ | जगदम्बा कर्पोरेशन प्रा.लि. | गौर - रौतहट | शिवेक अग्रवाल | मू.अ.कर |
| ९ | ३०००२०८४१ | शतिश इन्टरनेशनल | बिरगंज-६ पर्सा | शतिस कुमार चाचान | आयकर/ मू.अ.कर |
| १० | ६१०७९२६३२ | राज प्लाष्टिक उद्योग | प्रसौनी -३ बारा | राधा गुप्ता | मू.अ.कर |
| ११ | ३०४०००७०२ | जयसवाल स्केप पसल | चन्द्रपुर - ६ रौतहट | प्रेमशकर प्रसाद जयसवाल | आयकर/ मू.अ.कर |
| १२ | ३००१०३५३५ | श्री बाबा आयल ट्रेडर्स | जीतपुरसिमरा-२ बारा | पंकज कुमार गुप्ता | आयकर/ मू.अ.कर |
| १३ | ६१५७९८४८४ | विश्वकर्मा इन्जिनियरिङ्ग वर्कशप | जितपुरसिमरा-२ बारा | कमला अर्याल | मू.अ.कर |
| १४ | ६०९९७२६१० | भिक्टर सर्भिसेज प्रा. लि. | जीतपुरसिमरा २ बारा | बाल कुमारी दाहाल | आयकर/ मू.अ.कर |
| १५ | ६१२९९४५५३ | साहिल ढुवानी सेवा | जीतपुरसिमरा ७ बारा | हरिशरण थापा | मू.अ.कर |
| १६ | ६१०३८२०५५ | गोपाल राजा सप्लायर्स प्रा.लि. | महागढीमाई ११ बारा | संगिता चौधरी | मू.अ.कर |
| १७ | ६०६२७३९३८ | दंगाल ब्रर्दश प्रशोधन उद्योग | निजगढ ९ बारा | शुदर्शन दंगाल | मू.अ.कर |
| १८ | ६१३१९२२८६ | रब्या सप्लायर्स | जीतपुरसिमरा ७ बारा | नैमुदिन मिया | मू.अ.कर |
| १९ | ६०९५३८७८८ | नेशनल एग्रो इण्डष्ट्रिज प्रा.लि. | परवानिपुर -३ बारा | अनिता अग्रवाल | आयकर/ मू.अ.कर |
| २० | ३०१३८०१९५ | भगवती वर्कसप | जीतपुरसिमरा - बारा | हेमनारायण चौधरी | मू.अ.कर |
| २१ | ३०१९१७८५२ | कडेल एग्रोभेट | जीतपुरसिमरा १४ जोरलाही | यज्ञ प्रसाद कडेल | मू.अ.कर |
| २२ | ६१०१३०००३ | नन्दनी लेवर्स सप्लायर्स प्रा.लि. | जीतपुरसिमरा - ८ बारा | तरुण सहनी | मू.अ.कर |
| २३ | ६१०३२७८५६ | तारा पेन्ट्स एण्ड केमिकल्स इण्डीज प्रा.लि. | बिश्रामपुर २ बारा | विपिन कुमार | मू.अ.कर |
| २४ | १२८०७२०९७ | ए क्युव एडभरटाइजिङ्ग | जीतपुरसिमरा १ | बिन्दु न्यौपाने (दवाडि ) | मू.अ.कर |
| २५ | ६०१७३४५६६ | विकास कन्स्ट्रक्सन, गुप्ता निर्माण सामाग्री सप्लायर्स | जीतपुरसिमरा २१ बारा | प्रकाश रौनीयार | मू.अ.कर |
| २६ | ३००१०३०१४ | ओम कस्टम क्लियरिङ्ग एजेन्ट | जीतपुरसिमरा १२ बारा | श्याम बाबु पटेल | मू.अ.कर |
| २७ | ३००३६५१७५ | सोनिया प्लाष्टिक उद्योग | जीतपुरसिमरा -७ बारा | अफ्रोज आलम अंसारी | आयकर/ मू.अ.कर |
| २८ | ६०२९९५५५३ | श्रेष्ठ स्क्रेप्स | जीतपुरसिमरा २ बारा | रेनु श्रेष्ठ | आयकर/ मू.अ.कर |
| २९ | ६०६७४७२८० | यादव जब सर्भिसेज प्रा.ली. | परवानीपुर ५ बारा | राज कुमार यादव | मू.अ.कर |
| ३० | ३०००२०१८२ | व्याहुत कमर्शियल ट्रेडर्स | जीतपुरसिमरा | विनोद प्रसाद कलवार | मू.अ.कर |
| ३१ | ६०७६९१४८३ | प्रितम सप्लायर्स | पचरौता ९ बारा | नवल किसोर यादव | मू.अ.कर |
| ३२ | ६०४९३०२५७ | गौतम कन्स्ट्रक्सन | जीतपुरसिमरा २ | दामोदर गौतम | मू.अ.कर |
| ३३ | ६०६६७४५७३ | राज एस सप्लायर्स प्रा.लि. | जीतपुरसिमरा १३ डुमरवाना | राजन राज चौधरी | मू.अ.कर |
| ३४ | ३०३७९८९१० | रागिनी इन्टरप्राइजेज | परवानीपुर ४ बारा | ओम प्रकाश साह वानिया | मू.अ.कर |
| ३५ | ६०७५०११९७ | श्री वकैया वालुवा वासिङ्ग उद्योग | निजगढ-९ बारा | विष्णु बिक्रम भण्डारी | मू.अ.कर |
| ३६ | ६०१०२५७२९ | प्रस्ताव फुलट्रिप ढुवानी सेवा | जीतपुरसिमरा २ बारा | राजेन्द्र उप्रेती | मू.अ.कर |
| ३७ | ६०६६६७०६१ | ओम शिवशक्ति ट्रान्सपोर्ट एण्ड क्यारियर्स प्रा ली | जीतपुरसिमरा १ बारा | गोपाल सापकोटा | मू.अ.कर |
| ३८ | १३७२११४२३ | सगरमाथा ढुवानी सेवा | जीतपुरसिमरा १ बारा | शेखर श्रेष्ठ | मू.अ.कर |
| ३९ | ६०३६४६७४८ | पशुपति कुट उद्योग | परवानीपुर ४ बारा | पुष्पा देवी अग्रवाल | आयकर/ मू.अ.कर |
| ४० | ३०२४३७५७३ | श्रेष्ठ सप्लायर्स | जीतपुरसिमरा १६ बारा | नवराज श्रेष्ठ | मू.अ.कर |
| ४१ | ३०२९१५१८७ | एस.के. मोबाइल हब | जीतपुरसिमरा ७ बारा | राजेश प्रसाद साह | मू.अ.कर |
| ४२ | ३०१९१५३९३ | सफा बालुवा प्रशोधन केन्द्र | जीतपुरसिमरा ४ बारा | श्याम प्रसाद दंगाल | मू.अ.कर |
| ४३ | १२०१५५०३१ | जय पशुपतीनाथ म्यानुफ्याक्चरिङ्ग उद्योग | प्रसौनी ६, बारा | शोभा कुमारी रौनियार | आयकर/ मू.अ.कर |
| ४४ | ६०६६००८८२ | एम.एस.ट्रेड एण्ड लेवर सप्लायर्स प्रा.लि. | जीतपुरसिमरा -१ बारा | डेकराज रिजाल | मू.अ.कर |
| ४५ | ३०३७९८७०१ | लियो ग्यास उद्योग प्रा.लि. | परवानीपुर बहुअरी १ | सुसिला खत्री सिन्धी | आयकर/ मू.अ.कर |



## Invitation for Bids

Government of Nepal

**Shree Ram Charitra Secondary School**
**Jayanagar Chiutaha, Bara**

Invitation for Bids No.: SRCS/NCB/01/2081-082

Date of publication: 20-05-2025 00:00

1. Shree Ram Charitra Secondary School Jayanagar Chiutaha, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of shree ram charitra school building of first floor. under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 6859084.18 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Shree Ram Charitra Secondary School Jayanagar Chiutaha, Bara, Aadarsh Kotwal Rural Municipality-01, Bara, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in

   **Bank** : Siddhartha Bank Ltd.
   **Name of the Bank** : Shree Ram Charitra Secondary School Jayanagar Chiutaha, Bara
   **Name of Office** :
   **Office Code no** :
   **Office Account no** : 00215562493
   **Rajaswa (revenue) Shirshak no.:**
4. Pre-bid meeting shall be held at Shree Ram Charitra Secondary School Jayanagar Chiutaha, Bara Aadarsh Kotwal Rural Municipality-01, Bara
   Bara
   Madhesh Pradesh
   Nepal at 09-06-2025 11:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Shree Ram Charitra Secondary School Jayanagar Chiutaha, Bara, Aadarsh Kotwal Rural Municipality-01, Bara, Bara, Madhesh Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 19-06-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19-06-2025 13:00 at the office of Shree Ram Charitra Secondary School Jayanagar Chiutaha, Bara
   Aadarsh Kotwal Rural Municipality-01, Bara
   Bara
   Madhesh Pradesh
   Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 200000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com